निष्पक्ष समाचारको विश्वसनीय माध्यम

हिमाली बेला

₹ ३/- Pages-8

वर्ष २०: अङ्क: २७९, वि.सं. २०८३, असोज २८ गते, बुधवार, १४ अक्टोबर, २०२६ POSTAL REGD NO. WB/SKM/119/2024-2026 RNI NO.SIKNEP/2007/21386 14 OCTOBER, 2026, WEDNESDAY, GANGTOK

मुख्यमन्त्री गोलेले सिक्किमका नवनियुक्त राज्यपाल दुष्यन्त गौतमलाई जनाए स्वागत

गान्तोक, १३ अक्टोबरः मुख्यमन्त्री पीएस गोलेले राज्यका नवनियुक्त राज्यपाल दुष्यन्त गौतमलाई बधाई दिँदै स्वागत गरेका छन्। मुख्यमन्त्री गोलेले आज सामाजिक सञ्जालमार्फत सिक्किमका जनता र सरकारका तर्फबाट नवनियुक्त राज्यपाल दुष्यन्त गौतमलाई हार्दिक बधाई तथा नयाँ जिम्मेवारीका लागि शुभकामना व्यक्त गरेका हुन्।

राज्यपालसँगको भेटका क्रममा सिक्किमको पर्यटन, कृषि तथा अन्य प्रमुख क्षेत्रसँग सम्बन्धित विभिन्न विषयमा छलफल भएको मुख्यमन्त्रीले बताएका छन्। यस अवसरमा राज्यपाल गौतमले सिक्किमको निरन्तर विकास र प्रगतिका लागि आवश्यक सहयोग, मार्गदर्शन तथा प्रतिबद्धता व्यक्त गरेको उनले उल्लेख गरेका छन्।

मुख्यमन्त्री गोलेले समृद्ध, प्रगतिशील र जीवन्त सिक्किम निर्माण गर्ने सामूहिक प्रयासमा राज्यपालको मार्गदर्शन र सहयोग प्राप्त हुने विश्वास व्यक्त गरेका छन्।

उल्लेखनीय छ, सिक्किमका राज्यपाल ओम प्रकाश माथुरलाई केरलमको राज्यपाल नियुक्त गरिएको छ भने सिक्किमको राज्यपालको रूपमा दुष्यन्त गौतमलाई नियुक्त गरिएको छ।

अर्कोतिर, मुख्यमन्त्री पीएस गोलेले सिक्किमका निवर्तमान राज्यपाल ओम प्रकाश माथुरलाई केरलमको राज्यपाल नियुक्त भएकोमा बधाई दिँदै उनको कार्यकालमा प्रदान गरिएको सेवा, मार्गदर्शन र समर्पणप्रति आभार व्यक्त गरेका छन् साथै सिक्किमका नवनियुक्त राज्यपाल दुष्यन्त गौतमलाई हार्दिक स्वागत गर्दै सफल कार्यकालका लागि शुभकामना व्यक्त गरेका छन्।

मुख्यमन्त्री गोलेले मङ्गलवार बिहान सामाजिक सञ्जालमार्फत जारी आफ्नो सन्देशमा सिक्किमका राज्यपालका रूपमा आफ्नो कार्यकालमा बहुमूल्य सेवा, मार्गदर्शन र समर्पित प्रतिबद्धता प्रदान गरेकोमा ओम प्रकाश माथुरप्रति हार्दिक कृतज्ञता तथा गहिरो प्रशंसा व्यक्त गरेका छन्। उनले राज्यपाल माथुरको आत्मीयता, विवेकपूर्ण मार्गदर्शन र सिक्किमका जनताप्रतिको स्नेहलाई सधैँ स्मरण गरिने बताएका छन्। यसैगरी, उनले केरलमका राज्यपालका रूपमा नियुक्त भएकोमा उनलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गरेका छन्।

मुख्यमन्त्रीले सिक्किमका नवनियुक्त राज्यपाल दुष्यन्त गौतमलाई हार्दिक स्वागत गर्दै बधाई तथा शुभकामना व्यक्त गरेका छन्। मुख्यमन्त्रीले गौतमको कार्यकाल फलदायी र सफल रहोस् तथा उनको विवेक, समर्पण र योगदानबाट राज्यका जनताको कल्याण र

➡रहल पृष्ठ ७ मा

मन्त्री दाहालद्वारा जङ्गु समष्टिमा निर्माणाधीन सड़क परियोजनाहरूको निरीक्षण

मङ्गन, १३ अक्टोबर (आईपीआर): सड़क तथा पुल विभागका मन्त्री एनबी दाहालले मङ्गलावर जङ्गु निर्वाचन क्षेत्रमा निर्माणाधीन सड़क र सम्बन्धित पूर्वाधारहरूको निरीक्षण गरेका छन्। यो भ्रमण मन्त्रीद्वारा राज्यभरि सड़क पूर्वाधार र जारी कार्यहरूको प्रगतिको निरीक्षण तथा मूल्याङ्कन गर्ने अभियानको एक हिस्सा रहेको थियो।

फिदाङमा मन्त्री तथा क्षेत्र विधायक पिञ्छो नामग्याल लेप्चाले मन्त्री दाहाललाई स्वागत जनाए। यस अवसरमा पञ्चायत प्रतिनिधि, ओएसडी, जङ्गुका एसडीएम र बीडीओ, सड़क तथा पुल विभाग एवं वन तथा पर्यावरण विभागका अधिकारीहरूका साथै सेना र सीमा सड़क सङ्गठन (बीआरओ)-का अधिकारीहरूको पनि उपस्थिति रहेको थियो।

निरीक्षण कार्य फिदाङ-साङ्कालङ राजमार्गबाट शुरु भयो। सम्बन्धित अधिकारीहरूसँगको अन्तरक्रियाका क्रममा मन्त्रीले काम समयमै सम्पन्न गर्न र सर्वसाधारणलाई हुने असुविधा कम गर्न विभिन्न विभागबीच नजिकको समन्वय हुनुपर्ने कुरामा जोड़ दिए।

त्यसपछि, मन्त्रीले अप्पर जङ्गुको कायेममा निर्माणाधीन दुई-लेनको पुलको निरीक्षण गरे। मन्त्री तथा विधायक पिञ्छो नामग्याल लेप्चाको दृढ़ मार्गदर्शन र व्यक्तिगत पहलमा भइरहेको कामको प्रशंसा गर्दै मन्त्री दाहालले स्थलगत अभियन्ता र परियोजनाका ठेकेदारलाई काममा तीव्रता दिन र पुल यथाशीघ्र सम्पन्न गर्न निर्देशन दिए।

सड़क तथा पुल मन्त्रीले अप्पर जङ्गुको लिङ्थेममा निर्माणाधीन थेकुङ मुनसोलोङको पूर्ण आकारको प्रतिमा स्थलको पनि भ्रमण गरे। उनलाई कामको प्रगतिबारे जानकारी गराइयो। यो कार्य यस वर्षको दिसम्बरको अन्त्यसम्ममा सम्पन्न हुने

➡रहल पृष्ठ ७ मा

मुख्यमन्त्री गोलेले राज्यपाल माथुरसँग गरे भेट

गान्तोक, १३ अक्टोबर (हिस): मुख्यमन्त्री पीएस गोलेले मङ्गलवार राज्यपाल तथा केरलमका लागि मनोनीत राज्यपाल ओमप्रकाश माथुरसँग भेट गरी राज्यमा उनको कार्यकाल पूरा भएको अवसरमा हार्दिक शुभकामना व्यक्त गरेका छन्।

मुख्यमन्त्री गोलेले आज सामाजिक सञ्जालमार्फत यसबारे जानकारी दिँदै सिक्किमका जनताको तर्फबाट तथा आफ्नो व्यक्तिगत तर्फबाट राज्यपाल माथुरप्रति कृतज्ञता व्यक्त गरेको बताएका छन्। उनले राज्यपाल माथुरको मर्यादित नेतृत्व, संवैधानिक मूल्यप्रतिको प्रतिबद्धता तथा राज्यको प्रगति र जनकल्याणमा पुऱ्याएको महत्त्वपूर्ण योगदानको प्रशंसा गरेका छन्।

उनले राज्यपाल माथुरको कार्यकाललाई सम्मान र कृतज्ञताका साथ स्मरण गरिने पनि उल्लेख गरेका छन्। मुख्यमन्त्री गोलेले राज्यपाल माथुरको सुस्वास्थ्य, सुख, शान्ति तथा दीर्घ र सुखमय जीवनको कामना गर्दै आगामी दिनमा पनि उस्तै समर्पण र विवेकका साथ राष्ट्रको सेवा गरिरहने विश्वास व्यक्त गरेका छन्।

सांसद सुब्बा जलस्रोतसम्बन्धी संसदीय स्थायी समितिको पहिलो बैठकमा सहभागी

गान्तोक, १३ अक्टोबर (हिस): लोकसभा सांसद डा. इन्द्रहाङ सुब्बा २०२६-२७ का लागि जलस्रोतसम्बन्धी संसदीय स्थायी समितिको पहिलो बैठकमा सहभागी बनेका छन्। लोकसभा सांसद राजीव प्रताप रुडीको अध्यक्षतामा सम्पन्न बैठकमा समितिको आगामी कार्यसूची तथा छलफलका विषयहरूबारे चर्चा गरिएको थियो।

बैठकपछि सांसद सुब्बाले आगामी बैठकहरूमा समितिको कार्यसूचीअनुसार हुने छलफलमा सार्थक र रचनात्मक योगदान दिने अपेक्षा व्यक्त गरे। उनले सिक्किमसहित समग्र हिमाली क्षेत्रले सामना गरिरहेका विभिन्न जलस्रोतसम्बन्धी मुद्दाहरूलाई संसदीय समितिसमक्ष उठाउने बताए।

यसअन्तर्गत पिउने पानीको उपलब्धता, प्राकृतिक पानीका मुहानहरूको पुनर्जीवन, जीएलओएफ, बाढ़ी व्यवस्थापन तथा जलस्रोतमा जलवायु परिवर्तनको प्रभावजस्ता विषय समावेश रहने उनले बताए। डा. सुब्बाले सिक्किम तथा हिमाली क्षेत्रको विशिष्ट भौगोलिक अवस्था र पारिस्थितिक चुनौतीलाई ध्यानमा राख्दै जलस्रोतको संरक्षण तथा व्यवस्थापनका लागि दिगो, वैज्ञानिक आधारमा आधारित र जलवायु परिवर्तनका प्रभाव सहन सक्ने उपायहरूको पक्षमा निरन्तर आवाज उठाउने प्रतिबद्धता पनि व्यक्त गरे।

मुख्यमन्त्रीले भोलि लुङ्चोकमा आयुष वेलनेस सेन्टरको शिलान्यास राख्ने

यो पूर्वोत्तर भारतकै बृहत् संस्था हुनेछः ढुङ्गेल

स्वास्थ्य मन्त्री जीटी ढुङ्गेल।

गान्तोक, १३ अक्टोबरः मुख्यमन्त्री पीएस गोलेले १५ अक्टोबरमा पाकिम जिल्लाअन्तर्गत छुजाचेन निर्वाचन क्षेत्रको लुङ्चोकमा होलिस्टिक इन्स्टिट्युट अफ् आयुर्वेद एण्ड वेलनेस सेन्टर (समग्र आयुर्वेद तथा स्वास्थ्य-कल्याण केन्द्र)-को शिलान्यास गर्ने कार्यक्रम तय भएको छ। यो संस्था सिक्किम सरकारको आयुष विभागद्वारा विकास गरिँदैछ।

स्वास्थ्य मन्त्री जीटी ढुङ्गेलले उक्त केन्द्रको अवधारणा मुख्यमन्त्री गोलेले ल्याएको बताए। उनले यसलाई पूर्वोत्तर भारतमै यस प्रकारको पहिलो र सबैभन्दा बृहत् संस्थाको रूपमा वर्णन गरे, जहाँ आयुर्वेद, युनानी, होमियोप्याथी, सोवा-रिग्पा, योग, प्राकृतिक चिकित्सा (नेचुरोप्याथी) र सम्बन्धित चिकित्सा पद्धतिलगायत वैकल्पिक चिकित्सा तथा समग्र स्वास्थ्य सेवाका विभिन्न प्रणालीलाई एकै ठाउँमा समेटिनेछ।

उनले बताएअनुसार यो संस्था ५० ऐकर क्षेत्रफलमा विकास गरिँदैछ र यसमा ६०० करोड़ रुपियाँभन्दा बढ़ीको लगानी हुने अनुमान गरिएको छ। यो परियोजना तीन वर्षभित्र सम्पन्न हुने अपेक्षा गरिएको छ।

मन्त्री ढुङ्गेलले मुख्यमन्त्री पीएस गोलेले १५ अक्टोबरमा पाकिम जिल्लाको लुङ्चोकमा यस संस्थाको शिलान्यास गर्न सहमति जनाएको अवगत गराए।

स्वास्थ्य-कल्याण (वेलनेस) र समग्र स्वास्थ्य सेवाको बढ्दो मागबारे प्रकाश पार्दै मन्त्री ढुङ्गेलले भने, "प्रदूषण, अत्यधिक भीडभाड र तनाउयुक्त आजको व्यस्त जीवनशैलीमा सबै उमेर समूहका मानिसहरू स्फूर्ति, मानसिक स्वास्थ्य र स्वस्थ जीवनका लागि शान्त तथा प्रकृतिमैत्री वातावरणको खोजी गरिरहेका छन्।"

मन्त्री ढुङ्गेलअनुसार प्रस्तावित संस्थाले उपचारभन्दा पनि बढ़ी कुरा प्रदान गर्नेछ। यसको प्राकृतिक परिवेश र शान्त वातावरणले बिरामी तथा अतिथिहरूलाई निको हुने प्रक्रिया, विश्राम र समग्र स्वास्थ्य-कल्याणका लागि अनुकूल वातावरण प्रदान गर्ने अपेक्षा गरिएको छ।

"हामीलाई राज्यमा वेलनेश सेण्टरहरूको स्थापनाबारे बेलायत र अमेरिकाबाट धेरै फोन आइरहेका छन्। यद्यपि, मुख्यमन्त्रीको नेतृत्वमा ➡रहल पृष्ठ ७ मा

४२औँ गभर्नर्स गोल्ड कप

सिक्किम आक्रमण फाइनलमा प्रवेश

● लाक्पा तेञ्जिङ शेर्पा

गान्तोक, १३ अक्टोबरः ४२औँ अखिल भारतीय गभर्नर्स गोल्डकप फुटबल प्रतियोगिताको पहिलो सेमिफाइनलमा मङ्गलवार सिक्किम आक्रमण एफसीले गोकुलम केरला एफसीलाई ३-२ गोल अन्तरले पराजित गर्दै फाइनलमा स्थान सुरक्षित गरेको छ। राजधानी गान्तोकस्थित पाल्जर स्टेडियममा सम्पन्न खेल निकै रोमाञ्चक बनेको थियो।

खेलको प्रथमार्द्धमा सिक्किम आक्रमणका देवाशीष राईले खेल शुरु भएको दुई मिनटमै पहिलो गोल गर्दै टोलीलाई अग्रता दिलाए। तर, केही मिनटपछि गोकुलम केरला एफसीका खेलाड़ी क्रिस्लानले २७ मिनटमा गोल गर्दै खेललाई १-१ गोल अन्तरको बराबरीमा ल्याए। खेलको प्रथमार्द्ध समाप्तिसम्म दुवै टोलीको स्कोर बराबर रह्यो।

खेलको ५४ मिनटमा क्रिस्लानले व्यक्तिगत दोस्रो गोल गर्दै गोकुलम केरलालाई २-१ को अग्रता दिलाए। त्यसपछि सिक्किम आक्रमणका जर्सी नम्बर ७ बक्सर प्रधानले ५९ मिनटमा गोल गर्दै खेललाई २-२ गोलको बराबरीमा पुऱ्याए।

खेलको निर्णायक क्षण खेलको उत्तरार्द्धको अतिरिक्त समयमा आयो। सिक्किम आक्रमणले पेनाल्टीको अवसर प्राप्त गऱ्यो, जसलाई जर्सी नम्बर १६ का नोहु सेडुले सफलतापूर्वक गोलमा परिणत गरे। उनको निर्णायक गोलसँगै सिक्किम आक्रमणले ३-२ गोल अन्तरको जीत हासिल गर्दै फाइनलमा आफ्नो

➡रहल पृष्ठ ७ मा

माचोङ प्राथमिक स्वास्थ्य केन्द्रका चिकित्सक आवास मरम्मतबारे स्वास्थ्य विभागको स्पष्टीकरण

गान्तोक, १३ अक्टोबर (हिस): सिक्किम सरकारको स्वास्थ्य तथा परिवार कल्याण विभागले माचोङ प्राथमिक स्वास्थ्य केन्द्र (पीएचसी)-का चिकित्सकको आवास मरम्मतसम्बन्धी सामाजिक सञ्जालमा प्रसारित आरोपबारे आफ्नो स्पष्टीकरण जारी गरेको छ।

विभागले जारी गरेको प्रेस विज्ञप्तिअनुसार सामाजिक सञ्जालमा माचोङ प्राथमिक स्वास्थ्य केन्द्रका चिकित्सकको आवास मरम्मतसम्बन्धी केही आरोप प्रसारित भइरहेको विभागको जानकारीमा आएको छ। यस सम्बन्धमा विभागले सामाजिक सञ्जालका पोस्टहरूमा दाबी गरिएअनुसार उक्त कुनै पनि कामका लागि

➡रहल पृष्ठ ७ मा

त्रिणेनी राईको 'अ क्रोनिकल अफ् माइनर थिङ्स' ले जित्यो एपीएम बुसान र सोरफोण्ड अवार्ड

बुसान, १३ अक्टोबरः दक्षिण कोरियाको बुसान अन्तरराष्ट्रिय चलचित्र महोत्सवसँगै आयोजित 'एशियन प्रोजेक्ट मार्केट' (एपीएम)-मा चलचित्रकर्मी त्रिणेणी राईको आगामी कथानक चलचित्र 'अ क्रोनिकल अफ् माइनर थिङ्स'-ले शीर्ष पुरस्कार 'एपीएम बुसान अवार्ड' तथा सोरफण्ड अवार्ड' जितेको छ। ४८ देशबाट प्राप्त कीर्तिमानी ६०४ आवेदनमध्ये यो परियोजना छनोट गरिएको थियो। सोरफण्ड अवार्डको एक हिस्साका रूपमा राईलाई नर्वे भ्रमणको निम्तो पनि प्राप्त भएको छ, जसले अन्तरराष्ट्रिय सहकार्य र संलग्नताका लागि थप अवसरहरूको ढोका खोलेको छ।

राई र निर्माता किसलयले 'एशियन प्रोजेक्ट मार्केट'-मा आफ्नो परियोजना प्रस्तुत गरेका थिए। यो मञ्च चलचित्रकर्मीहरूलाई अन्तरराष्ट्रिय निर्माता, लगानीकर्ता, बिक्री प्रतिनिधि र सम्भावित सहनिर्माण साझेदारहरूसँग जोड्ने एशियाकै अग्रणी मञ्चहरूमध्ये एक हो।

यो दोहोरो सम्मान राईको दोस्रो कथानक चलचित्रका लागि एक महत्त्वपूर्ण कोसेढुङ्गा साबित भएको छ। यसले विकासको प्रारम्भिक चरणमा रहेको यस परियोजनाको अन्तरराष्ट्रिय सहनिर्माण र लगानीको सम्भावनालाई अझ बलियो बनाएको छ।

"हामीले भर्खरै मात्र यस परियोजनाको विकास शुरु गरेका छौँ र यी पुरस्कारहरूले मलाई हामी सही दिशामा अघि बढ़िरहेका छौँ भन्ने कुरामा आश्वस्त पारेका छन्। म निकै खुशी र आभारी छु"- राईले भनिन्।

'एशियन प्रोजेक्ट मार्केट'-ले चलचित्रकर्मीहरूलाई अन्तरराष्ट्रिय

➡रहल पृष्ठ ७ मा

विश्व सङ्कटबाट गुज्रिरहेको छ, भारत 'पावर टू एम्पावर' को सोचका साथ अघि बढ़िरहेको छः प्रधानमन्त्री

नयाँ दिल्ली, १३ अक्टोबर (हिस)ः प्रधानमन्त्री नरेन्द्र मोदीले सङ्कटबाट गुज्रिरहेको विश्वमा भारत, फरक दृष्टिकोण र सोचका साथ काम गरिरहेको बताएका छन्। यसको केन्द्रमा 'पावर टू एम्पावर' विचार रहेको उनले बताए। भारत आज विश्वव्यापी कल्याण र विश्वासको पर्याय बनेको पनि उनले उल्लेख गरे। यसका साथै प्रधानमन्त्रीले भारतको लोकतान्त्रिक शक्ति र विभिन्न विषयमा खुला छलफल गर्ने परम्परालाई रेखाङ्कित गर्दै वर्तमान समयमा डिजिटल प्रविधिले यसमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताए। प्रधानमन्त्री मोदीले मङ्गलवार ब्लुमबर्ग न्यु इकोनोमिक फोरममा भारतको लोकतान्त्रिक विमर्श, डिजिटल समावेशीकरण तथा विश्वव्यापी चुनौतीहरूको सामना गर्ने दृष्टिकोण प्रस्तुत गरे। विश्वभरिबाट आएका सहभागीहरूलाई स्वागत गर्दै उनले यस मञ्चमा प्रविधि, ऊर्जा र विश्वव्यापी विषयहरूमा छलफल हुने बताए। यस वर्ष पहिलो पटक भारतमा आयोजना भइरहेको यस कार्यक्रमका लागि उनले ब्लुमबर्ग र यसको टोलीलाई बधाई दिए। विश्वव्यापी चुनौतीहरूको उल्लेख गर्दै प्रधानमन्त्रीले विश्वलाई एक-आपस्तमा जोड्ने माध्यमहरूलाई अहिले हतियारका रूपमा प्रयोग गर्न थालिएको बताए। आपूर्ति शृङ्खला, ऊर्जा, खनिज र प्रविधि दबाब सिर्जना गर्न तथा प्रभुत्व स्थापित गर्न प्रयोग भइरहेका उनले बताए। यस्तो समयमा भारतले विश्व सामू विश्वाससँग सम्बन्धित महत्त्वपूर्ण प्रश्नहरूको समाधान प्रस्तुत गरिरहेको पनि उनले उल्लेख गरे। मोदीले भारतले अन्तरराष्ट्रिय सौर्य गठबन्धन, विपद्-प्रतिरोधी पूर्वाधारका लागि गठबन्धन, बिग क्याट एलायन्स, विश्वव्यापी जैविक इन्धन गठबन्धन, भारत-मध्यपूर्व-युरोप आर्थिक कोरिडोर तथा मिशन लाइफ जस्ता पहलहरू विश्व सामू प्रस्तुत गरेको बताए। उनले यी पहलहरूबाट व्यापक स्तरमा मानिसहरू लाभान्वित हुनसक्ने उल्लेख गरे।

उनले आज तथ्याङ्क, ज्ञान र नवाचार शक्तिका प्रमुख स्रोत बनेको बताए। महत्त्वपूर्ण कुरा यी स्रोतहरूको प्रयोग कसरी गरिन्छ भन्ने रहेको उनले उल्लेख गरे। यहींबाट 'पावर टू एम्पावर' विचार अघि आउने उनले बताए। यो भारतीय परम्पराको हिस्सा रहँदै आएको र भारतले यसलाई शासन व्यवस्था तथा कार्यसंस्कृतिमा समेत लागू गरेको प्रधानमन्त्रीले बताए।

मोदीले भारतमा १०० भन्दा बढ़ी भाषा, ८० हजारभन्दा बढ़ी समाचारपत्र तथा अन्य प्रकाशन र एक हजारभन्दा बढ़ी सेटेलाइट टेलिभिजन च्यानल रहेको बताए। देशमा युट्युब र इन्स्टाग्रामका ५०हृ५० करोड्भन्दा बढ़ी प्रयोगकर्ता रहेको पनि उनले उल्लेख गरे। लोकतान्त्रिक बहसमा डिजिटल माध्यमहरूको भूमिका निरन्तर बढ़िरहेको उनले बताए। प्रधानमन्त्रीले विदेशी पाहुनाहरूलाई भारतको डिजिटल भुक्तानी प्रणाली प्रयोग गरेर हेर्न आग्रह गरे। उनले यस प्रणालीले प्रविधिको समावेशीकरणको शक्ति प्रदर्शन गर्ने बताए। डिजिटल भुक्तानीको माध्यमले सड़क किनारमा ठेला चलाउने विक्रेतादेखि महँगा व्यापारिक प्रतिष्ठान सञ्चालन गर्ने व्यवसायीसम्मलाई एउटै प्रणालीमा जोड्ने उनले उल्लेख गरे। नवाचारका बढ्दो अवसरहरूको चर्चा गर्दै प्रधानमन्त्रीले साल २०१४ अघि देशमा थोरै सङ्ख्यामा मात्र स्टार्टअप रहेको बताए। अहिले भने त्यस्ता उद्यमहरूको सङ्ख्या दुई लाख ५० हजारभन्दा बढ़ी पुगेको उनले उल्लेख गरे। देशमा अधिकाधिक प्रतिभाहरू अगाड़ी आइरहेको र नवाचारका अवसरहरू निरन्तर बढ़िरहेको उनले बताए। प्रधानमन्त्रीले भारतको विदेशी मुद्रा सञ्चिति ७०० अरब अमेरिकी डलर पुगेको र देशको ब्याङ्किङ प्रणाली बलियो रहेको जानकारी दिए। भारतमा सुधारको प्रक्रिया तीव्र गतिमा अघि बढ़िरहेको उल्लेख गर्दै उनले यी सुधारहरू कुनै दबाबमा नभई दृढ़ विश्वासका साथ गरिँदै आएको बताए।

पुलिसलाई छक्याउँदै राङ्का र दासको नेतृत्वमा सीजेपीका कार्यकर्ता जन्तर-मन्तर पुगे

नयाँ दिल्ली, १३ अक्टोबर (हिस)ः जन्तर-मन्तरलाई विरोध प्रदर्शनस्थलको सूचीबाट हटाइएको एक दिनपछि बुधवार बिहान ककरोच जनता पार्टी (सीजेपी) का कार्यकर्ताहरू पुनः त्यहाँ पुगे। सीजेपीका राष्ट्रिय प्रवक्ता आशुतोष रांका र सौरव दासको नेतृत्वमा कार्यकर्ताहरूले पुलिसलाई छक्याउँदै फलामो ढोका र अवरोधक नाघेर जन्तर-मन्तर पुगे। त्यहाँ उनीहरूले नाराबाजी गरे।

पुलिसले प्रदर्शनकारीहरूलाई रोक्ने प्रयास गरेपछि स्थिति तनावपूर्ण बन्यो। त्यसपछि पुलिसले प्रदर्शनकारीहरूलाई नियन्त्रणमा लियो। घटनापछि उक्त क्षेत्रमा सुरक्षा व्यवस्था थप कड़ा पारिएको छ। यी नेताहरूले यस्तो कदम त्यतिबेला उठाएका हुन्, जतिबेला दिल्लीको विशेष कार्यपालक मजिस्ट्रेट अदालतले उनीहरूलाई एक वर्षसम्म शान्ति कायम राख्ने र राम्रो आचरण पालना गर्ने सर्तमा जमानत दिएको थियो। यसका लागि उनीहरूबाट ५० हजार रुपियाँको जमानतपत्र समेत भराइएको थियो। सीजेपी प्रमुख अभिजीत दीपकेले सामाजिक सञ्जाल 'एक्स' मा घटनाको भिडियो साझा गरेका छन्। भिडियोमा प्रदर्शनकारीहरू सुरक्षा व्यवस्थाबीच ढोकामाथि चढ्दै र झण्डा बोकेर दौड़िँदै गरेको देखिन्छ। त्यसपछि दिल्ली पुलिसका अधिकारीहरूले उनीहरूलाई त्यहाँबाट लैजाँदै गरेको देखिन्छ। कार्यकर्ताहरूले 'भारत माता की जय' र 'इन्कलाब जिन्दाबाद' का नारा लगाइरहेका थिए। आशुतोष रांकाले राष्ट्रिय झण्डा सहितको आफ्नो तस्बिर साझा गर्दै लेखेका छन्, हामी प्रयास गरिरहेका छैनौं, जन्तर-मन्तर पुगिसकेका छौं। त्यस्तै, सौरव दासले भिडियो सार्वजनिक गर्दै जन्तर-मन्तरमा फेरि कब्जा गरिएको दाबी गरेका छन्। उनले कार्यकर्ताहरू त्यहाँ पुगिसकेको र अहिले उनीहरूलाई नियन्त्रणमा लिइँदै गरेको बताएका छन्। दासले युवाहरूलाई सन्देश दिँदै उनीहरूले पनि यस्तो गर्न सक्ने लेखेका छन्।

आफ्नो पोस्टमा उनले मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारलाई समेत निशाना बनाएका छन्। उल्लेखनीय छ, दिल्ली पुलिसले १२ अक्टोबरमा सूचना जारी गर्दै जन्तर-मन्तरलाई विरोध प्रदर्शनस्थलको सूचीबाट हटाइएको जानकारी दिएको थियो। केन्द्रिय गृह मन्त्रालयको एउटा समितिको सिफारिसका आधारमा राजधानीमा धरना तथा प्रदर्शनका लागि तीन वटा नयाँ स्थान निर्धारण गरिएको छ। ती स्थानमा रामलीला मैदान, बुराड़ी मैदान र पूर्वी दिल्लीको सीबीडी मैदान समावेश छन्। मध्य दिल्लीको उच्च सुरक्षा क्षेत्रमा अवस्थित जन्तर-मन्तर दशकौंदेखि विरोध प्रदर्शनको प्रमुख केन्द्र रहँदै आएको छ। पछिल्ला दिनहरूमा यहाँ मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारविरुद्ध विशेष सघन पुनरावलोकन (एसआईआर) को विषयलाई लिएर विपक्षी इन्डी गठबन्धन र सीजेपीले प्रदर्शन गरेका थिए। यिनै प्रदर्शनहरू भइरहेका बेला जन्तर-मन्तरलाई प्रदर्शनस्थलको सूचीबाट हटाउने निर्णय गरिएको थियो।

प्रधानमन्त्री स्मृति चिह्नको अनलाइन लिलामीमा उत्तराखण्डका २७ सामग्री पनि समावेश

नयाँ दिल्ली, १३ अक्टोबर (हिस)ः प्रधानमन्त्रीलाई उपहारस्वरूप प्राप्त स्मृतिचिह्नहरूको आठौं संस्करणको अनलाइन लिलामीमा उत्तराखण्डका पवित्र तीर्थस्थल, लोकपरम्परा तथा क्षेत्रीय पहिचान झल्काउने २७ वटा स्मृति चिह्न समावेश गरिएका छन्। केन्द्रिय संस्कृति मन्त्रालय अनुसार, यी सामग्रीले उत्तराखण्डको समृद्ध आध्यात्मिक तथा सांस्कृतिक सम्पदाको प्रतिनिधित्व गर्छन्। लिलामीबाट प्राप्त सम्पूर्ण रकम 'नमामि गङ्गे' कार्यक्रममा समर्पित गरिनेछ। समावेश गरिएका सामग्रीमा केदारनाथ धामका दुई वटा नमुना, उखीमठ स्थित ओङ्कारेश्वर मन्दिरको नमुना तथा मुखवा स्थित माँ गङ्गा मन्दिरको नक्काशीदार काठको नमुना छन्। यसका साथै बद्रीनाथ, केदारनाथ, गङ्गोत्री र यमुनोत्री चारै धामलाई एकसाथ देखाइएको दुर्लभ तस्बिर, मनसा देवी मन्दिरको तस्बिर, आदि कैलाशको दृश्य, महासू देवता मन्दिरको चित्र तथा कार्तिक स्वामी मन्दिरको एलईडी बत्ती जड़ित काँचको स्मृति चिह्न पनि समावेश छन्।

उत्तराखण्डको नारायण आश्रम र कुमाउँ हिमालयको प्राकृतिक सौन्दर्य झल्काउने तस्बिर पनि सङ्ग्रहमा रहेको छ। राज्यको परम्परागत लोककला 'ऐपण' को झलक भित्ते घड़ी तथा माँ दुर्गाको कलाकृतिमा देख्न सकिन्छ। यस बाहेक सात वटा परम्परागत पहाड़ी टोपीले राज्यको सांस्कृतिक पहिचान र परम्परागत पहिरनलाई प्रतिनिधित्व गर्छन्। यस आध्यात्मिक तथा सांस्कृतिक सङ्ग्रहमा खेलकुद उपलब्धिलाई पनि स्थान दिइएको छ। अन्तरराष्ट्रिय ब्याडमिन्टन खेलाड़ी लक्ष्य सेनले हस्ताक्षर गरेको ब्याडमिन्टन र्याकेट समेत लिलामीमा राखिएको छ, जसले उत्तराखण्डको युवा प्रतिभा र खेलकुद गौरवलाई झल्काउँछ। मुखवा स्थित गङ्गा मन्दिरको नमुनाले उत्तराखण्डको आध्यात्मिक जीवनमा गङ्गाको महत्त्वलाई उजागर गर्छ। लिलामीबाट सङ्कलित रकम नमामि गङ्गे अभियानमा प्रयोग गरिनेछ, जसबाट गङ्गा नदीको संरक्षण तथा पुनरुत्थान सम्बन्धी कार्यलाई गति मिल्ने अपेक्षा गरिएको छ। प्रधानमन्त्रीका स्मृति चिह्नहरूको अनलाइन लिलामीको आठौं संस्करण हाल सञ्चालनमा रहेको छ। यसको अन्तिम मिति बढ़ाएर ३१ अक्टोबर पुऱ्याइएको छ।

कोलकातामा ममता ब्यानर्जी गुटको पदयात्रालाई पुलिसले रोक्यो, शुभेन्दुले चेताउनी दिए

कोलकाता, १३ अक्टोबर (हिस)ः मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजिनामा माग गर्दै दिल्लीमा विपक्षी दलहरूले गरिरहेको विरोध प्रदर्शनबीच पश्चिम बङ्गालको राजनीति पनि गर्मिएको छ। राजधानी दिल्लीमा आयोजित प्रदर्शनमा सामेल भएपछि ममता ब्यानर्जीको आह्वानमा मङ्गलवार कोलकातामा केन्द्र सरकारको विरोधमा निकालिएको मार्चलाई पुलिसले बीचैमा रोकिदियो। प्रशासनको भनाइ स्पष्ट छ, यस ऱ्यालीको लागि कुनै आधिकारिक अनुमति लिइएको थिएन। यसअघि गए सोमवार राती मुख्यमन्त्री शुभेन्दु अधिकारीले कड़ा चेताउनी दिँदै भनेका थिए, ''दुर्गा पूजाको समयमा कुनै पनि प्रकारको अराजकतालाई अनुमति दिइने छैन। कानुन व्यवस्थालाई कायम राख्नकोलागि आवश्यकता परे केन्द्रिय बलसाई पनि तैनाथ गरिनेछ। कसैलाई पनि अवैध रूपमा एक कदम अगाडि बढ्ने अनुमति दिइने छैन।''

कालीघाट तृणमूलको पक्षबाट मङ्गलवार राजाबजारदेखि पार्क सर्कससम्म विरोध मार्चको आह्वान गर्दै प्रचार पत्र जारी गरिएको थियो। पूर्वनिर्धारित कार्यक्रम अन्तर्गत मार्च शुरु भयो, तर पुलिसले यसलाई अनधिकृत घोषणा गऱ्यो। कोलकाताका पुलिस आयुक्त अजय नन्दाले भने, यस किसिमको कुनै पनि मार्चलाई लिएर पुलिससँग कुनै आधिकारिक सूचना वा अनुमति थिएन, त्यसैले कानुन अनुसार उचित कदम चालिनेछ। ऱ्याली शुरु भएर केही टाड़ा मात्पुर पुगेको थियो, भरी पुलिस बल र सुरक्षाकर्मीहरूले प्रदर्शनकारीहरूलाई रोके। कार्यक्रममा ममता ब्यानर्जी उपस्थित हुने चर्चा भए पनि उनी घटनास्थलमा उपस्थित थिइनन्। पदयात्राको नेतृत्व गरिरहेका विधायक कुणाल घोषले भने, ''ठूलो सङ्ख्यामा पुलिस र केन्द्रीयि बलको तैनाथीले हाम्रो लोकतान्त्रिक पदयात्रालाई रोक्यो। तथापि हाम्रो आन्दोलन सफल भयो र दिल्ली सरकार हाम्रो विरोधबाट डराएको छ। उल्लेखनीय छ, विपक्षी दलहरूले मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारमाथि चुनाउमा हेरफेर गरेको आरोप लगाउँदै उनको राजीनामाको माग गरिरहेका छन्। राहुल गान्धीले पनि यस विषयमा सर्वोच्च अदालतमा याचिका दर्ता गरेका छन्। यही पृष्ठभूमिमा कोलकातामा यो विरोध प्रदर्शन आयोजना गरिएको थियो जसमा लोकतन्त्रको दमन तथा दिल्लीमा ममता ब्यानर्जीलाई रोकेकोमा विरोध दर्ता गर्ने प्रयास गरियो। तथापि प्रशासनको कड़ाईले यो पदयात्रा अघाड़ि बढ्न सकेन।

राहुल गान्धीले महिला पत्रकारलाई धकेलाधकेलको गरेको भाजपाको आरोप

नयाँ दिल्ली, १३ अक्टोबर (हिस)ः भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रिय सहमिडिया प्रभारी प्रदीप भण्डारीले काङ्ग्रेस नेता राहुल गान्धीमाथि एक महिला पत्रकारसँग कथित रूपमा धकेलाधकेल गरेको आरोप लगाएका छन्। भण्डारीका अनुसार, विरोध प्रदर्शनको समाचार सङ्कलन गरिरहेकी महिला पत्रकार ऋचालाई राहुल गान्धीले कथित रूपमा समातेर तानेपछि उनी भुइँमा लडेकी थिइन्। त्यसपछि उनको स्वास्थ्य अवस्था बिग्रिएपछि अस्पताल भर्ना गर्नुपरेको थियो। प्रदीप भण्डारीले सामाजिक सञ्जालमार्फत राहुल गान्धी र काङ्ग्रेसको आलोचना गरेका छन्। उनले महिला पत्रकार केवल विरोध प्रदर्शनको समाचार सङ्कलन गरिरहेकी र राहुल गान्धीलाई कुनै प्रश्नसमेत नसोधेको बताएका छन्। यस्तो अवस्थामा पनि उनीमाथि यस प्रकारको व्यवहार गरिएको आरोप गम्भीर रहेको उनले बताए। भण्डारीले भाजपाका नेताहरू अस्पताल पुगेर महिला पत्रकारसँग भेट गरेको बताए। उनका अनुसार, कुराकानीका क्रममा पत्रकारले राहुल गान्धीले आफ्नो काँध समातेर तानेको र त्यसका कारण आफू भुइँमा लडेको आरोप लगाएकी थिइन्।

भण्डारीले घटनाका बेला काङ्ग्रेसका कुनै पनि कार्यकर्ताले पत्रकारलाई सहयोग नगरेको, बरु उनीमाथि नै प्रश्न उठाउने प्रयास गरेको आरोपसमेत लगाए। भाजपा नेताले महिला सम्मान र पितृसत्ताविरुद्ध राहुल गान्धीले दिने गरेका अभिव्यक्तिको उल्लेख गर्दै उनका सार्वजनिक नाराहरू र कथित व्यवहारबीच विरोधाभास देखिएको बताए। उनले यस घटनालाई लिएर काङ्ग्रेस नेतृत्वसँग प्रश्न उठाउँदै सार्वजनिक जीवनमा महिलाको सम्मान र पत्रकारहरूको सुरक्षालाई गम्भीरतापूर्वक लिनुपर्ने बताए। भण्डारीले कर्नाटकका मुख्यमन्त्री डीके शिवकुमारसँग राहुल गान्धीले कथित रूपमा गरेको व्यवहारको पनि उल्लेख गरे। उनले राहुल गान्धीले शिवकुमारलाई समेत पछाडितिर धकेलेको दाबी गरे। यद्यपि, यी आरोपहरूको स्वतन्त्र रूपमा पुष्टि हुन आवश्यक छ। भाजपा नेताले काङ्ग्रेस महासचिव प्रियङ्का गान्धी वाड्राको चर्चित नारा 'म केटी हुँ, लड्न सक्छु' को उल्लेख गर्दै महिला सम्मानको मुद्दामा काङ्ग्रेससँग जवाफ मागेका छन्। उनले महिला पत्रकारसँग भएको कथित घटनाबारे राजनीतिक दलहरूले आफ्नो जिम्मेवारी स्पष्ट पार्नुपर्ने बताए। प्रदीप भण्डारीले घाइते पत्रकारको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उनी चाँडै स्वस्थ भएर पुनः पत्रकारिताको क्षेत्रमा फर्किने आशा व्यक्त गरेका छन्।

पर्यटकहरूको लागि खोलियो पबितरा अभयारण्य, वनमन्त्रीले गरे उद्घाटन

गुवाहाटी, १३ अक्टोबर (हिस)ः असमको मोरि गाउँ जिल्लास्थित पोबितरा वन्यजन्तु अभयारण्यलाई आज पर्यटकहरूको लागि खोलियो। राज्यका वनमन्त्री जयन्त मल्लबारुवाले औपचारिक रूपमा अभयारण्यको उद्घाटन गरी यसलाई पर्यटकहरूको लागि खोलिएको घोषणा गरे। पोबितरा वन्यजन्तु अभयारण्य असमको प्रमुख वन्यजन्तु पर्यटन गन्तव्यहरूमध्ये एक हो। यो अभयारण्य विशेष गरी एक सिङ्गे गैँडाको ठूलो जनसङ्ख्याको लागि प्रसिद्ध छ। यहाँको प्राकृतिक घाँसको मैदान, सिमसार क्षेत्र एवं समृद्ध जैविक विविधताले पर्यटकहरूलाई आकर्षित गर्दछ। अभयारण्यको उद्घाटनले वन्यजन्तु प्रेमी, प्रकृति प्रेमी र पर्यटकहरूलाई प्राकृतिक सौन्दर्यको आनन्द लिने अनि वन्यजन्तीहरूलाई उनीहरूको प्राकृतिक बासस्थानमा अवलोकन गर्ने अवसर प्रदान गर्नेछ। नयाँ पर्यटन सीजनको शुरुवातले यस क्षेत्रमा पर्यटन गतिविधिहरूलाई पनि बढ़ावा दिने अपेक्षा गरिएको छ।

अभयारण्यमा सफारीको समय तालिका र अन्य पर्यटक सुविधाहरूको सम्बन्धमा हाल विस्तृत जानकारी उपलब्ध गराइएको छैन। ज्ञात रहोस्, यो अभयारण्य हरेक वर्ष वर्षाको मौसममा पर्यटकहरूको आवागमनको लागि बन्द हुन्छ, किनभने अभयारण्यका अधिकांश भागहरूमै पानी भरिन्छ।

अभियुक्त अमृतप्रभा महन्त हाफलोङ्ग जेलबाट रिहा

गुवाहाटी, १३ अक्टोबर (हिस)ः असमिया गायक जुबिन गर्गको मृत्यु प्रकरणकी प्रमुख अभियुक्त अमृतप्रभा महन्त मङ्गलवार बिहान हाफलोङ्ग जेलबाट रिहा भएकी छन्। अमृतप्रभा अनुहारमा मास्क लगाएर जेलबाट बाहिर निस्किन्। उनी विगत एक वर्षदेखि हाफलोङग् जेलमा थुनिएकी थिइन्। गौहाटी उच्च अदालतले गत ९ अक्टोबरमा अमृतप्रभा महन्तलाई जमानत दिएको थियो। त्यसपछि उनी मङ्गलवार बिहान जेलबाट रिहा भइन्। जुबिन गर्गको मृत्यु प्रकरणमा अमृतप्रभालाई मुख्य अभियुक्तहरूमा सामेल गरिएको छ। स्मरणीय छ, जुबिन गर्गले सेप्टेम्बर, २०२५- मा सिङ्गापुरको भ्रमण गरेका थिए। उनी ईस्ट इण्डिया फेस्टिभलमा भाग लिनका लागि त्यहाँ गएका थिए। यसै अवधि १९ सेप्टेम्बरमा समुद्रमा पौडी खेल्न जाँदा उनको मृत्यु भएको थियो। अमृतप्रभा महन्त पनि जुबिन गर्गसँगै सिङ्गापुर गएकी थिइन् भने कथित रूपमा याट पार्टीमा पनि उपस्थित थिइन्।

सरकार महिलाको सम्मान एवं स्वाभिमानको लागि समर्पित छः मुख्यमन्त्री योगी

लखनऊ, १३ अक्टोबर (हिस)ः मुख्यमन्त्री योगी आदित्यनाथले शारदीय नवरात्रको तेस्रो दिन माँ चन्द्रघन्टाको पूजा गरे। यसको महत्त्वलाई उजागर गर्दै मुख्यमन्त्रीले 'एक्स' मा लेखे, डबल इञ्जिन सरकारको हरेक पहल महिलाको सम्मान, आत्मसम्मान एवं गरिमापूर्ण जीवनको लागि समर्पित छ।

मुख्यमन्त्रीले लेखे, नारी शक्तिको तेज, गरिमा एवं अदम्य साहसको प्रतीकको रूपमा आमा चन्द्रघन्टाको दिव्य स्वरूपले हामीलाई सन्देश दिन्छ कि महिलाको सुरक्षा, सम्मान तथा आत्मसम्मान नै सशक्त एवं समृद्ध समाजको आधार हो। यसै भावनालाई अँगाल्दै प्रधानमन्त्री नरेन्द्र मोदीको मार्गदर्शनमा राज्यको डबल इञ्जिन सरकारले सुशासनको माध्यमबाट महिला सशक्तिकरणको नयाँ कीर्तिमान स्थापना गरिरहेको छ।

मुख्यमन्त्रीले भने, वर्ष २०१७ पूर्व राज्यमा अराजकताको ताण्डवले महिलाहरूको सुरक्षा र सम्मानलाई ग्रहण लगाइदिएको थियो। त्यसताक आमा एवं दिदी-बहिनीहरूको सशक्तिकरणको सट्टा सत्ताधारी परिवारहरूको नै मुख्य उद्देश्य हुने गर्थ्यो। मुख्यमन्त्रीले भने, अब 'बेटी बचाऔं-बेटी पढ़ाऔं'बाट छोरीहरूको अस्तित्व रक्षा, शिक्षाप्रति चेतना, मुख्यमन्त्री कन्या सुमङ्गला योजनाबाट उनीहरूको उज्जवल भविष्यलाई बल, मुख्यमन्त्री सामूहिक विवाह योजनाबाट विवाहलाई गरिमापूर्ण आधार, प्रधानमन्त्री मातृ वन्दना योजनाबाट मातृत्वलाई सहारा, उज्ज्वलाबाट धुँवादेखि मुक्ति, इज्जत घरबाट गरिमाको रक्षा, घरायसी सम्पत्तिको अधिकार, ६० वर्षभन्दा अधिक आयुका महिलाहरूको लागि आजीवन निःशुल्क बस यात्रा तथा वृद्धावस्था पेन्शनको माध्यमबाट सामाजिक सुरक्षासम्म डबल इञ्जिन सरकारको हरेक पहल महिलाको सम्मान, आत्मसम्मान तथा गरिमापूर्ण जीवनको लागि समर्पित छ।

कोलकातामा अमेरिकाको २५०औँ वार्षिकोत्सव पालन

अमेरिकी राजदूत सर्जियो गोर र पश्चिम बङ्गालका वित्तमन्त्री डा. दासगुप्ता सहभागी



कोलकाता, १३ अक्टोबर: अमेरिकी राजदूत सर्जियो गोर र पश्चिम बङ्गालका वित्तमन्त्री डा. स्वपन दासगुप्ताले संयुक्त राज्य अमेरिकाको २५०औँ वार्षिकोत्सव मनाउन आईटीसी रोयल बङ्गालमा आयोजित कार्यक्रममा अतिथिहरूसँग सहभागिता जनाएका छन्। कोलकातास्थित अमेरिकी महावाणिज्यदूत क्याथी जाइल्स–डियाजले पूर्वी र पूर्वोत्तर भारतभरिका वरिष्ठ सरकारी अधिकारी, व्यावसायिक नेतृत्वगण, कूटनीतिज्ञ र नागरिक समाजका प्रतिनिधिहरूलाई स्वागत गरिन्। यस उत्सवले अमेरिका र कोलकाताबीचको दुई शताब्दीभन्दा लामो सम्बन्ध तथा अमेरिकी र भारतीय जनताबीचको अटुट सम्बन्धलाई झल्कायो।

यस कार्यक्रमले पूर्वी र पूर्वोत्तर भारतभरिका वरिष्ठ सरकारी अधिकारी, व्यावसायिक नेतृत्वगण, कूटनीतिज्ञ र नागरिक समाजका प्रमुख प्रतिनिधिहरूलाई एउटै मञ्चमा ल्यायो। यो कार्यक्रम सन् १७७६ मा स्वतन्त्रताको घोषणापत्रमा हस्ताक्षर भएको २५० वर्ष पुगेको अवसरमा यूएस मिसन टु इण्डिया (भारतस्थित अमेरिकी नियोग) द्वारा आयोजित फ्रिडम २५० उत्सवको एक हिस्सा थियो। देशभरि मनाइने यस उत्सवले अमेरिकाको इतिहासको सम्मान गर्दै आगामी २५० वर्ष र त्यस भविष्यलाई आकार दिने साझेदारीहरूतर्फ पनि दृष्टि पुऱ्याउँछ।

साँझको मुख्य आकर्षणहरूमा यूएस नेभी ब्याण्ड ओरिएन्ट एक्सप्रेसको प्रस्तुति र कार्यक्रमको विषयवस्तु झल्काउने हवाई (एरियल) प्रस्तुति समावेश थिए। म्युजिसियन थर्ड क्लास केटी ग्रेस स्टेफेन्सनले भारत र संयुक्त राज्य अमेरिकाको राष्ट्रिय गान प्रस्तुत गरिन्।

राजदूत गोरले बढ्दो अमेरिका–भारत साझेदारी र यसले दुवै देशका लागि दिइरहेको ठोस परिणामहरूमाथि प्रकाश पारे।

''आज राति, हामी अमेरिकी स्वतन्त्रताको २५०औँ वर्ष मनाउँदै छौँ: निर्माण गर्ने, प्रतिस्पर्धा गर्ने र जित्ने स्वतन्त्रता र यहाँ कोलकातामा हामी अमेरिका–भारत साझेदारीको पनि उत्सव मनाउँदै छौँ, जसले हाम्रा दुवै राष्ट्रका लागि वास्तविक परिणाम दिइरहेको छ। संयुक्त राज्य अमेरिका र भारत विश्वसनीय साझेदार हुन् र हाम्रा सामु अद्भुत अवसरहरू छन्। व्यापार र प्रविधिदेखि सुरक्षा र क्वाडसम्म हामी हाम्रा दुवै देशका जनताका लागि अझ समृद्ध र सुरक्षित भविष्य निर्माण गर्न सँगै काम गरिरहेका छौँ।'' अमेरिकी महावाणिज्यदूत क्याथी जाइल्स–डियाजले भनिन्, ''कोलकातामा यो ऐतिहासिक २५०औँ वार्षिकोत्सव मनाउन पाउनु सौभाग्यको कुरा हो। यो केवल विगतको सम्झना होइन – यो स्वतन्त्रता, स्वशासन र एकताका ती मूल्यहरूको पुनःपुष्टि हो, जसले अमेरिकी जनतालाई एकताबद्ध राखेका छन् साथै यो संयुक्त राज्य अमेरिका र भारतबीचको गहिरो र बढ्दो सम्बन्धको स्मरण पनि हो।''यस अवसरमा वित्तमन्त्री डा. स्वपन दासगुप्ताले हार्दिक सन्देश दिँदै भने, ''श्रद्धा र उत्सव दुवैका साथ शहर जीवन्त बन्ने यस चाड़पर्वको मौसममा यहाँहरू सबैलाई कोलकातामा स्वागत गर्न पाउँदा सधैँ खुशी लाग्छ। संयुक्त राज्य अमेरिकाको स्वतन्त्रताको २५०औँ वार्षिकोत्सव मनाउने यस विशेष अवसरको हिस्सा बन्न पाउनु सौभाग्यको कुरा हो। पश्चिम बङ्गाल सरकारको तर्फबाट म यस ऐतिहासिक कोसेढुङ्गाका लागि संयुक्त राज्य अमेरिकाका जनतालाई हार्दिक बधाई ज्ञापन गर्दछु।''

कोलकातामा आयोजित यस उत्सवले पूर्वी र पूर्वोत्तर भारतमा अमेरिकी–भारतीय सम्बन्धको गहिराइलाई पनि झल्कायो। आफ्नो ११ राज्यको कन्सुलर क्षेत्रभित्र, कोलकातास्थित अमेरिकी महावाणिज्य दूतावासले व्यापार र लगानी विस्तार गर्न, शैक्षिक तथा सांस्कृतिक सम्बन्ध सुदृढ गर्न र पुस्तौँदेखि अमेरिकी तथा भारतीयहरूलाई जोड्दै आएको जनस्तरको सम्बन्धलाई अझ प्रगाढ बनाउन विभिन्न साझेदारहरूसँग मिलेर काम गर्दै आएको छ।

लोकतन्त्र बचाउनु एकमात्र लक्ष्य, सम्पूर्ण विपक्ष एकजुट छः राहुल गान्धी

नयाँ दिल्ली, १३ अक्टोबर: लोकसभामा विपक्षी दलका नेता राहुल गान्धीको निवासमा विपक्षी गठबन्धन 'इण्डिया' को अनौपचारिक चियापान बैठक सम्पन्न भयो। त्यसपछि गठबन्धनका नेताहरूले संयुक्त पत्रकार सम्मेलन गरे। यस अवसरमा कङ्ग्रेस अध्यक्ष मल्लिकार्जुन खड्गेले पछिल्ला चार दिनमा इण्डिया गठबन्धनका पहलहरूले ठूलो सफलता पाएको बताए। राहुल गान्धी र अन्य नेताहरूले जनताका मुद्दालाई गम्भीरता र लगनका साथ उठाएको उनले उल्लेख गरे। यति ठूलो सङ्ख्यामा मानिसहरू विरलै एकै ठाउँमा भेला हुने गरेको बताउँदै उनले दिल्लीमा पहिलो पटक युवा र नागरिकहरू आफ्नै पहलमा एकजुट भएको बताए। यसबारे आफूले थप व्याख्या गर्न आवश्यक नरहेको उनको भनाइ थियो। प्रधानमन्त्री नरेन्द्र मोदीको भोट चोरी गर्ने योजनाको पर्दाफास गर्न अब सबै तयार रहेको उनले दाबी गरे।

लोकसभामा विपक्षी दलका नेता तथा कङ्ग्रेस सांसद राहुल गान्धीले लोकतन्त्रमा आफ्ना विचार व्यक्त गर्ने एउटा माध्यम जन्तरमन्तर रहेको बताए। तर, सरकारले अब जन्तरमन्तरलाई लोकतान्त्रिक भावना व्यक्त गर्ने स्थलका रूपमा प्रयोग गर्न नदिने निर्णय गरेको उनले आरोप लगाए। आफूहरूले सरकारको यस सोचलाई चुनौती दिने उनले बताए। राहुलले भने, भारतका जनताले आफ्नो आवाजका लागि सङ्घर्ष गर्दैनन् भन्ने निर्णय गर्न सरकारलाई त्यति सजिलो हुने छैन। यसका मुख्य योजनाकार नरेन्द्र मोदी, त्यसलाई कार्यान्वयन गर्ने अमित शाह, ज्ञानेश कुमार र अन्य व्यक्तिहरूले अब आफूहरूमाथि दबाब बढिरहेको बुझ्नुपर्छ। भारतीय संविधान नष्ट गरेर सजिलै उम्किन सकिन्छ भन्ने सोच्नु गलत हो।

उनले सबै विपक्षी दलका नेताहरू एकजुट भएर उभिएको बताए। आफूले अघिल्लो दिन पनि स्पष्ट पारेअनुसार छुट्टाछुट्टै विरोध प्रदर्शन नभई एउटै विरोध प्रदर्शन भइरहेको उनको भनाइ थियो। उनले भने, यस विरोध प्रदर्शनको एउटै उद्देश्य थियो, भारतमा लोकतन्त्रको पुनःस्थापना। देशमा लोकतन्त्र नष्ट गरिएको छ, निर्वाचन प्रणाली ध्वस्त पारिएको छ र संविधानलाई च्यातेर फालिएको छ। हामी देशमा वास्तविक लोकतान्त्रिक शासन पुनःस्थापना गर्न मिलेर सङ्घर्ष गरिरहेका छौँ।

यसरीनै राष्ट्रिय जनता दल (राजद) का नेता तेजस्वी यादवले मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमार गुप्ताले लोकतन्त्रलाई दबाउने प्रयास गरेको आरोप लगाए। यो भारतीय जनता पार्टी (भाजपा), अमित शाह र प्रधानमन्त्री नरेन्द्र मोदीको षड्यन्त्र भएको उनको दाबी थियो। लोकतन्त्र बचाउने सङ्कल्पमा सम्पूर्ण विपक्ष एकजुट रहेको बताउँदै उनले यसका लागि आवश्यक परे जुनसुकै त्याग गर्न पनि तयार रहेको बताए।

उनले भने, यो महात्मा गान्धी, राममनोहर लोहिया, भगत सिंह र कर्पूरी ठाकुरको भूमि हो। तैपनि केही व्यक्तिहरूले देशका संवैधानिक संस्थाहरूलाई आफ्नो नियन्त्रणमा लिने निरन्तर प्रयास गरिरहेका छन्। चाहे त्यो प्रवर्तन निर्देशनालय (ईडी) होस्, केन्द्रीय अनुसन्धान ब्युरो (सीबीआई) होस् वा आयकर विभाग, सबैमाथि नियन्त्रण कायम गर्ने प्रयास भइरहेको छ। तर निर्वाचन आयोग, विशेषगरी ज्ञानेश कुमार, यसभन्दा पनि धेरै अगाडि बढेका छन्।

तेजस्वीले ज्ञानेश कुमारले कठपुतलीजस्तै काम गरेको आरोप लगाउँदै उनले यसको सजाय पाउने दाबी गरे। उनीहरू उम्किन नसक्ने र डराएको कुरा विरोध प्रदर्शनको स्थल परिवर्तन गरिएको घटनाबाट स्पष्ट हुने उनले बताए।

उनका अनुसार ऐतिहासिक महत्त्व बोकेको र परम्परागत रूपमा विरोध प्रदर्शन हुँदै आएको जन्तरमन्तरबाट प्रदर्शनलाई हटाएर दिल्लीको सीमावर्ती क्षेत्रमा सारिएको छ। तेजस्वीले आफूहरूले यो सङ्घर्ष जारी राख्ने, एकजुट भएर लड्ने र सफल हुने बताए। भोट चोरी र निर्वाचनमा धाँधली गराएको आरोप लगाउँदै उनले प्रधानमन्त्री मोदी, ज्ञानेश कुमार र अमित शाहलगायतका व्यक्तिहरू जनतासामु पर्दाफास भइसकेको दाबी गरे। अब प्रत्येक नागरिकले उनीहरूसँग जवाफ मागिरहेको बताउँदै उनले आफ्ना कामको जवाफ दिनुपर्ने र उनीहरूमाथि कारबाही हुने दाबी गरे। लोकतन्त्र र संविधानको रक्षा गर्न आफूहरू सफल हुने विश्वाससमेत उनले व्यक्त गरे।

मध्य प्रदेश सरकारविरुद्ध शिवराज सिंह चौहानले खोले मोर्चा

भोपाल, १३ अक्टोबर: विपक्षी नेताहरूले कुनै सरकारमाथि आरोप लगाउनु सामान्य कुरा हो। तर मध्य प्रदेशमा पूर्व मुख्यमन्त्री तथा केन्द्रीय मन्त्री शिवराज सिंह चौहानले आफ्नै दलको सरकारका मुख्यमन्त्री मोहन यादवमाथि प्रश्न उठाएपछि भारतीय जनता पार्टीभित्र हलचल मच्चिएको छ। आदिवासी समुदायका घरमा डोजर चलाइएको विषयमा शिवराजको असन्तुष्टिले मध्य प्रदेशको राजनीतिमा नयाँ बहस शुरू गरेको छ।

प्रश्न आदिवासी परिवारका घर भत्काइएको विषयमा मात्रै सीमित छैन, तर भारतीय जनता पार्टीभित्र सत्ता र नेतृत्वलाई लिएर कुनै खिचातानी चलिरहेको छ कि भन्ने पनि हो। यसको सङ्केत अहिले सार्वजनिक रूपमा देखिन थालेको छ। मुख्यमन्त्री मोहन यादव र शिवराज सिंह चौहानबीच कथित मतभेदको चर्चा भइरहेका बेला यस घटनाका राजनीतिक अर्थ खोज्न थालिएको छ।

अर्कोतर्फ, कङ्ग्रेसले यस घटनालाई भारतीय जनता पार्टीभित्रको आन्तरिक मतभेदसँग जोड्दै मुख्यमन्त्रीमाथि निशाना साधेको छ। विपक्षी दलका नेता उमङ्ग सिंघारले भाजपाभित्रको आन्तरिक खिचातानीको परिणाम आदिवासी परिवारहरूले भोग्नुपरिरहेको आरोप लगाएका छन्। यद्यपि, भाजपाका लागि विपक्षीको आरोपभन्दा ठूलो चुनौती कथित अतिक्रमण हटाउने क्रममा प्रभावित परिवारको पुनःस्थापना, जीविकोपार्जन र आधारभूत आवश्यकतामा ध्यान दिइयो कि दिइएन भन्ने प्रश्नको जवाफ दिनु हो। यदि केन्द्रीय मन्त्रीले आफ्नै राज्य सरकारका अधिकारीहरूविरुद्ध सार्वजनिक रूपमा हस्तक्षेप गर्नुपरिरहेको छ भने प्रशासनिक समन्वय र जवाफदेहितामाथि प्रश्न उठ्नु स्वाभाविक हो।

पूर्वोत्तरको समृद्ध सांस्कृतिक सम्पदामा विद्यार्थीहरूको सहभागिता महत्त्वपूर्ण: सिन्धिया

नयाँ दिल्ली, १३ अक्टोबर (हिस): केन्द्रिय सञ्चार तथा पूर्वोत्तर क्षेत्र विकास मन्त्री ज्योतिरादित्य सिन्धियाले पूर्वोत्तर भारतको समृद्ध सांस्कृतिक सम्पदा, परम्परा र विकासका सम्भावनाहरू बुझ्न विद्यार्थीहरूको सहभागिता महत्त्वपूर्ण रहेको बताएका छन्। उनले यस्ता संवादले युवाहरूलाई यस क्षेत्रको विविधतालाई नजिकबाट बुझ्ने अवसर प्रदान गर्ने बताए। साथै यसबाट सांस्कृतिक सम्बन्ध, आपसी समझदारी र राष्ट्रिय एकता सुदृढ़ हुने उनले उल्लेख गरे। केन्द्रिय पूर्वोत्तर क्षेत्र विकास मन्त्रालय अनुसार, सिन्धियाले मिजोरमको दुईदिने भ्रमणका क्रममा मिजोरम विश्वविद्यालयमा विद्यार्थीहरूसँग संवाद गरे। उनले मन्त्रालयको 'अष्टलक्ष्मी दर्शन' कार्यक्रम अन्तर्गत पूर्वोत्तर भारतको भ्रमणमा आएका गोवा र चण्डीगढ़का विद्यार्थीहरूसँग पनि भेटघाट गरी उनीहरूका अनुभव तथा विचारबारे छलफल गरे। मन्त्रालय अनुसार, गत एक वर्षमा यस कार्यक्रम अन्तर्गत ५९० भन्दा बढ़ी विद्यार्थी सहभागी भइसकेका छन्। पूर्वोत्तर भारत र देशका अन्य भागबीच सम्पर्क विस्तार गर्नुका साथै युवाहरूलाई यस क्षेत्रका परम्परा, समुदाय र विकाससँग सम्बन्धित अवसरहरूबारे परिचित गराउनु कार्यक्रमको उद्देश्य रहेको छ। सिन्धियाले यो पहल साल २०४७ सम्ममा विकसित भारत निर्माण गर्ने लक्ष्यअनुरूप रहेको बताए। यसले युवाहरूको सहभागिता बढ़ाउन, देशको विविधतालाई बुझ्न तथा भारतको विकास यात्रामा पूर्वोत्तर क्षेत्रको भूमिकालाई सुदृढ़ बनाउन सहयोग पुग्ने उनले उल्लेख गरे।

मणिपुरः टेलीग्राममा अश्लील भिडियो र फोटो प्रसारित गरेको आरोपमा १३ जना पक्राउ

इम्फाल, १३ अक्टोबर (हिस): मणिपुर पुलिसले डिजिटल मिडियाको माध्यमबाट महिला र बाल–बालिकाहरूको तस्वीरलाई उनीहरूको सहमति बिनै उनीहरूको प्रयोग गरेर सताउने १३ जना मानिसहरूलाई पक्राउ गरेको छ। मणिपुर पुलिसले मङ्गलवार बतायो, केही टेलिग्राम च्यानलहरूका एडमिनिस्ट्रेटर र यूजरले स्थानीय मणिपुरी महिलाहरूको सहमति बिना अश्लील भिडियो तथा फोटोहरू फैलाइरहेका थिए, त्यसको व्यापार गरेर पैसा कमाइरहेका थिए जसमा बाल–बालिकाहरूको यौन शोषणसित सम्बन्धित सामग्र (सीएसएएम) को वितरण पनि सामेल थियो। मणिपुर पुलिसले मोइराङ्ग पुलिस स्टेशनमा उपरोक्त मामिलामा एफआईआर दर्ता गऱ्यो 'अपरेशन डिग्निटी' नामक अनुसन्धान शुरु गऱ्यो। अहिलेसम्म एजना सीसीएल (कानुनसँग सङ्घर्षरत बालक) सहित १३ जना मानिसहरूलाई पक्राउ गरिएको छ। १४ वटा मोबाइल फोन र एउटा ल्यापटप जफत गरिएको छ। व्यापक नेटवर्क, वित्तीय लेन–देन तथा अन्य पीड़ितहरूको बारेमा अनुसन्धान भइरहेको छ। पक्रा परेका व्यक्तिहरूमा एन राजेश सिंह उपनाम माइपाकचाओ (२१, विष्णुपुर), एच धनजित सिंह उपनाम टाइसन (१९,विष्णुपुर), एस सफाबा सिंह (१९, इम्फाल पश्चिम), थ. केभेन्डिश सिंह उपनाम इङ्गोचा (२१, काकचिङ्ग), एच. रोजित सिंह (१९, विष्णुपुर), एम. क्लिन्टन सिंह (२८, विष्णुपुर), ख. बिपिन सिंह (३१, थौबल), सीसीएल, एस सिम्पसन सिंह (३४, इम्फाल पश्चिम), ए. आरिया सिंह (२४, विष्णुपुर), एस अलेक्जेण्डर सिंह (३१, काकचिङ्ग), के. राकेश सिंह (१८, इम्फाल पश्चिम), च. रोबर्ड सिंह (२७ इम्फाल पश्चिम) सामेल छन्।

पर्यटक र वन्यजन्तु फोटोग्राफरमाझ चर्चित बघिनी 'डट्टी'को मृत्यु

भोपाल, १३ अक्टोबर: मध्यप्रदेशस्थित बाँधवगढ बाघ संरक्षण क्षेत्रमा पर्यटक र वन्यजन्तु फोटोग्राफरमाझ चर्चित बघिनी 'डट्टी'को मृत्यु भएको छ। लगभग १४–१५ वर्षकी डट्टीको शव ९ अक्टोबरमा निकुञ्जको मानपुर बफर क्षेत्रअन्तर्गत मज्खेता बिटमा फेला परेको थियो। वन अधिकारीहरूका अनुसार प्रारम्भिक अनुसन्धानले उनको मृत्यु प्राकृतिक अर्थात् वृद्धावस्थाका कारण भएको देखाइएको छ। बाँधवगढ बाघ संरक्षण क्षेत्रका फिल्ड डाइरेक्टर अनुपम सहायका अनुसार डट्टी सन् २०१२ तिर निकुञ्जमै जन्मिएकी थिइन्। उनी चर्चित बघिनी सुखी पटिहा तथा निलो आँखा भएको भाले बाघकी छोरी थिइन्। चर्चित बघिनी स्पट्टी (टी–४१) उनकी साख्खै बहिनी थिइन्। डट्टीलाई आधिकारिक रूपमा टी–१७ नाम दिइएको थियो। उनको निधारको दाहिने भागमा प्राकृतिक रूपमा बनेको अंग्रेजी अक्षर 'डी' वा थोप्लोजस्तो विशेष चिह्न थियो। त्यही चिह्नका कारण पर्यटक र गाइडहरूले उनलाई 'डट्टी' नाम दिएका थिए। उनको आकर्षक रूप, सहजै देख्न सकिने स्वभाव र निडर व्यवहारले उनलाई बाँधवगढका चर्चित बघिनीमध्ये एक बनाएको थियो। त्यसो त डट्टी पर्यटकका जिप र ठुला गाडी देखेर पनि खासै विचलित हुन्थिनन्। उनको यही स्वभावका कारण बाघ हेर्न आउने पर्यटक र तस्वीर खिच्न चाहने वन्यजन्तु फोटोग्राफरका लागि उनी विशेष आकर्षण बनेकी थिइन्।

डट्टीले आफ्नो जीवनको अधिकांश समय बाँधवगढको मगधी क्षेत्रमा बिताएकी थिइन्। तर, उनका छोरीहरू हुर्किएर शक्तिशाली हुँदै गएपछि उनीहरूले आमाकै पुरानो क्षेत्रमा आफ्नो प्रभुत्व स्थापित गरे। त्यसपछि डट्टीले आफ्नो पुरानो बासस्थान छोडेर ताला क्षेत्र र मानपुर सीमावर्ती क्षेत्रमा नयाँ इलाका बनाएकी थिइन्। सहायका अनुसार डट्टीले आफ्नो जीवनकालमा चारवटा डमरु जन्माएर हुर्काएकी थिइन्। उनका हुर्किसकेका सन्तानले मगधी र आसपासका क्षेत्रमा बलियो वर्चश्व कायम गरेका छन्। अहिले निकुञ्जको मुख्य क्षेत्रमा उनका सन्तानको प्रभाव देखिन्छ। डट्टीकी सन्तानमध्ये 'डी–वन' सबैभन्दा चर्चित बघिनी हुन्। उनलाई हेर्न ठुलो सङ्ख्यामा पर्यटक बाँधवगढ पुग्ने गरेका छन्। मनसुनका कारण केही समय रोकिएको मुख्य क्षेत्रको सफारी पुनः शुरु भएपछि पर्यटकले डी–वनलाई नियमित रूपमा देख्न थालेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्। केही दिनअघि एक पुजारीको ज्यान जाने घटनामा पनि डी–वनको नाम जोडिएको थियो। यस घटनापछि उनको चर्चा थप बढेको छ। डट्टीजस्तै डी–वनले पनि निकुञ्जमा आफ्नो छुट्टै पहिचान बनाउँदै गएकी छन्।

एल. मुरुगनले राज्यमन्त्री पद र राज्यसभाको सदस्यताबाट दिए राजीनामा

नयाँ दिल्ली, १३ अक्टोबर: सूचना तथा प्रसारण र संसदीय मामिलाका केन्द्रीय राज्यमन्त्री एल. मुरुगनले आफ्नो मन्त्री पद र राज्यसभा सदस्यताबाट राजीनामा दिएका छन्। मुरुगनले प्रधानमन्त्री नरेन्द्र मोदीलाई पत्र लेखेर आफूलाई जिम्मेवारीबाट मुक्त गर्न अनुरोध गरेका छन्। उनले आफ्नो समय तमिलनाडुमा भारतीय जनता पार्टी (भाजपा) लाई बलियो बनाउन लगाउन चाहेको बताएका छन्।

सामाजिक सञ्जाल एक्समा लेख्दै उनले अब आफू जनताको बीचमा फर्किन, पार्टीका कार्यकर्तासँगै रहेर काम गर्न र सन् २०२९ को लोकसभा चुनावअघि तमिलनाडुमा भाजपालाई बलियो बनाउन पूर्ण रूपमा समर्पित हुन चाहेको बताएका छन्। उनले लेखेका छन्, राष्ट्र पहिलो, पार्टी त्यसपछि र आफू सबैभन्दा अन्तिममा।

उनको यस कदमसँगै केन्द्रीय मन्त्रिपरिषद्मा फेरबदल हुने अड्कलबाजी थप चर्किएको छ। मुरुगनअघि केन्द्रीय मन्त्री जर्ज कुरियन र रवनीत सिंह बिट्टुले पनि क्रमशः जुन र जुलाईमा मन्त्रिपरिषद्बाट राजीनामा दिएका थिए। एल. मुरुगन भाजपाको तमिलनाडु एकाइका पूर्व अध्यक्ष हुन्। उनी मध्यप्रदेशबाट राज्यसभामा निर्वाचित भएका थिए। उनी अरुन्थथियार समुदायका हुन्। उनको जन्म तमिलनाडुको नमक्कलमा तेलुगु भाषी आमाबुबाको घरमा भएको थियो।

राज्यसभामा उनको कार्यकाल सन् २०३० मा समाप्त हुने थियो। तर, उनले मङ्गलबार प्रधानमन्त्री मोदीलाई पत्र लेखेर आफूलाई उक्त जिम्मेवारीबाट मुक्त गर्न अनुरोध गरे। सन् २०२० मा उनलाई भाजपाको तमिलनाडु प्रमुख बनाइएको थियो। त्यसपछि सन् २०२१ को जुलाईमा मन्त्रिपरिषद्मा फेरबदल हुँदा उनी प्रधानमन्त्री मोदीको मन्त्रिपरिषद्मा सहभागी भएका थिए। मुरुगनपछि के. अन्नामलाईलाई भाजपाको तमिलनाडु प्रमुख नियुक्त गरिएको थियो। मुरुगनलाई विद्यार्थी राजनीतिमा पनि काम गरेको अनुभव छ। उनले अखिल भारतीय विद्यार्थी परिषद्का लागि काम गरेका छन्।

मङ्गलबार प्रधानमन्त्री मोदीलाई लेखेको पत्रमा मुरुगनले आफ्नो पारिवारिक पृष्ठभूमि सम्झँदै भाजपाको नेतृत्वमा केन्द्रीय मन्त्री बन्ने अवसर दिएकोमा आभार व्यक्त गरेका छन्। उनले लेखेका छन्, म कुनै राजनीतिक परिवारबाट आएको होइन। म अत्यन्त गरिब परिवारको हुँ। दैनिक ज्यालामा काम गर्ने र पशु चराउने काम गर्दै आउनुभएका मेरा आमाबुबा अहिले पनि कोनुर गाउँमा साधारण जीवन बिताइरहनुभएको छ। उहाँहरूले आफ्नो छोरा एक दिन केन्द्र सरकारमा सेवा गर्नेछ भन्ने कल्पनासमेत गर्नुभएको थिएन।

उनले भारत, तमिलनाडु र भाजपाप्रति प्रधानमन्त्रीको समर्पणबाट आफू प्रेरित भएको बताएका छन्। सार्वजनिक जीवनमा आफू पहिलो पटक जुन उद्देश्यका साथ प्रवेश गरेको थियो, त्यसका लागि अब अझ बढी समर्पित भएर काम गर्नुपर्ने महसुस भएको उनले उल्लेख गरेका छन्। मुरुगनले चेन्नई मेट्रो, तूतीकोरिन बन्दरगाहको विस्तार र तमिलनाडुमा राजमार्ग निर्माणका लागि सरकारले गरेको सहयोगको पनि स्मरण गरेका छन्। उनले लेखेका छन्, पार्टीले मलाई धेरै पटक विधानसभा र लोकसभा चुनाव लड्ने अवसर पनि दिएको छ। देश र पार्टीको सेवा गर्ने यति धेरै अवसर पाउँछु भन्ने मैले कहिल्यै सोचेको थिइनँ।

पीयूष गोयलले राहुल गान्धीलाई भोट चोरीको आरोप प्रमाणित गर्न दिए चुनौती

नयाँ दिल्ली, १३ अक्टोबर: केन्द्रीय वाणिज्य मन्त्री पीयूष गोयलले भोट चोरीको आरोपलाई लिएर कङ्ग्रेसमाथि कडा प्रहार गर्दै कङ्ग्रेसको शासनकालमा निर्वाचन आयोगको प्रतिष्ठा र विश्वसनीयता सबैभन्दा तल्लो स्तरमा पुगेको बताएका छन्। उनले राहुल गान्धीको व्यवहार दोहोरो मापदण्डमा आधारित रहेको आरोप लगाए।

गोयलले तत्कालीन मुख्य निर्वाचन आयुक्त एन. गोपालस्वामीले पूर्व मुख्य निर्वाचन आयुक्त नवीन चावलामाथि पक्षपात गरेको आरोप लगाएको स्मरण गराए। तर, कङ्ग्रेसले चावलालाई कारबाही गर्नुको सट्टा मुख्य निर्वाचन आयुक्तको पदमा बढुवा गरेर पुरस्कृत गरेको उनले बताए। राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडीए) सरकारले निर्वाचन आयोगलाई पूर्ण स्वायत्तता दिएको र निर्वाचन आयुक्तहरूलाई काम गरेबापत कहिल्यै राजनीतिक पद नदिएको उनको दाबी छ। गोयलले कङ्ग्रेसले निर्वाचन आयोगको निष्पक्षतामाथि प्रश्न उठाउने गरे पनि आफ्नै विगतको अभिलेखलाई बेवास्ता गर्ने गरेको बताए। उनले कङ्ग्रेसले एक पूर्व मुख्य निर्वाचन आयुक्तलाई पार्टीको टिकट दिएको, अर्कालाई केन्द्रीय मन्त्रिपरिषद्मा सहभागी गराएको र दुई पूर्व मुख्य निर्वाचन आयुक्तलाई राज्यपाल नियुक्त गरेको आरोप लगाए। पूर्व मुख्य निर्वाचन आयुक्त टी.एन. शेषनको उदाहरण दिँदै गोयलले सन् १९९९ को लोकसभा चुनावमा वरिष्ठ भाजपा नेता एल.के. आडवाणीविरुद्ध शेषनलाई उम्मेदवार बनाउने कङ्ग्रेसको निर्णयमाथि प्रश्न उठाए।

शेषनको इमानदारी र निडरताको बारम्बार प्रशंसा गरेपछि उनलाई कङ्ग्रेसको टिकट दिनु निर्वाचन आयोगमा रहँदा गरेको कामको पुरस्कार थियो कि थिएन भन्ने प्रश्न गोयलले गरे। उनले पूर्व मुख्य निर्वाचन आयुक्त एम.एस. गिललाई सन् २००० मा पद्म विभूषण प्रदान गरिएको विषयमा पनि प्रश्न उठाए। त्यसबेला गिल पदमै कार्यरत थिए। पछि उनी राजनीतिमा प्रवेश गरे र कङ्ग्रेस नेतृत्वको संयुक्त प्रगतिशील गठबन्धन (यूपीए) सरकारको केन्द्रीय मन्त्रिपरिषद्मा सहभागी भए। पदमा बहाल रहेकै अवस्थामा मुख्य निर्वाचन आयुक्तलाई भारतको दोस्रो सर्वोच्च नागरिक सम्मान दिनु एक प्रकारको पुरस्कार थियो कि थिएन भन्ने प्रश्न गोयलले गरे।

कडा टिप्पणी गर्दै गोयलले राहुल गान्धीलाई सबैभन्दा ठूलो खतराको सङ्केत भने।

हिमाली बेला

वर्ष–२०; अङ्क–२७९; वि.सं. २०८३, असोज २८ गते; गान्तोक, बुधवार, १४ अक्टोबर, २०२६

संसारमा केही पनि आफैँमा असल र खराब हुँदैनन्। अपितु हामी आफ्नै विचारले नै तिनलाई असल र खराब बनाउने गर्छौँ। ❑ शेक्सपियर

सम्पादकीय

एआई कति विश्वसनीय

समय बित्दै जाँदा मानिसमध्ये धेरैभन्दा धेरैले आफ्नो सोच प्रक्रिया आर्टिफिशियल इन्टेलिजेन्स (एआई)–लाई सुम्पिसकेका छन्। मानिससँग यसले ईमेल ड्राफ्ट गर्छ, रोगका लक्षणहरूको विश्लेषण गर्छ र कागजातहरूको सारांश निकाल्छ। यी उपकरणहरूले आँखा झिम्क्याउन नपाई काम गर्छन् अनि प्रायः अत्यन्त प्रभावकारी पनि साबित हुन्छन्। अब एउटा स्वाभाविक प्रश्न उठ्छ: के तिनीहरूलाई आँखा चिम्लेर विश्वास गर्न सकिन्छ? इमानदार जवाफ धेरै कारकमा निर्भर गर्दछ र सबैभन्दा महत्त्वपूर्ण कुरा आफैँमा हुन्छ। विश्वासको प्रश्न मेसिन कति कुशल छ भनेर निर्धारण गरिएको छैन, तर यसको कामलाई निर्विवाद रूपमा विश्वास गर्न सकिन्छ र यसको प्रामाणिकता प्रमाणित गर्न सकिन्छ, जहाँ यो साँच्चै आवश्यक हुन्छ।

कुनै पनि च्याटबोटले संयम र आत्मविश्वासका साथ प्रतिक्रिया दिन सक्छ, तर आत्मविश्वास शुद्धतासँग बराबर नहुन पनि सक्छ। यी प्रणालीहरूले सत्य तथ्य जत्तिकै सजिलैसँग प्रस्तुत गर्न सक्छन्। तिनीहरूले स्रोत बनाउन सक्छन् वा तिनीहरूको प्रशिक्षण डेटाबाट प्राप्त पूर्वाग्रहहरू दोहोऱ्याउन सक्छन्। तिनीहरूले मानव लेखनबाट सिक्छन् र मानव लेखन स्वाभाविक रूपमा पक्षपाती हुन्छ। प्रश्न के हो भने मानिसले प्रविष्ट गरिरहेका डेटालाई वास्तवमा कसले हेरिरहेको छ? औसत उपभोक्ताको लागि पाठ सरल छ: मेसिन विश्वसनीय देखिन्छ भनेर मात्र विश्वास गर्न सकिँदैन। यसको स्रोत हेर्नुपर्छ, तथ्यहरूलाई दोहोरो जाँच गर्नुपर्छ। यसलाई अन्तिम वा निर्णायक अधिकारका रूपमा होइन, द्रुत बुद्धि भएको सहायकको रूपमा सोच्नुपर्छ।

जब एआईले सल्लाह प्रदान गर्नुभन्दा पर जान्छ र मानिसहरूको बारेमा निर्णय लिन थाल्छ, तब जोखिम बढ्छ। उदाहरणका लागि, ब्याङ्कहरूले अहिले कसलाई ऋण दिने भनेर निर्धारण गर्न सयौँ मानदण्डहरूको विश्लेषण गर्ने मोडेलको परीक्षण गरिरहेका छन्। अस्पतालहरूले बिरामीलाई प्राथमिकता दिन सफ्टवेयर प्रयोग गरिरहेका छन्। अदालतहरूले उपकरण प्रयोग गरिरहेका छन्, जसले कसैले फेरि अपराध गर्ने सम्भावनाको भविष्यवाणी गर्छन्। यदि सही रूपमा लागू गरियो भने यी पक्षहरू मानव मस्तिष्कको निर्णयभन्दा धेरै निष्पक्ष साबित हुन सक्छन्। एक अधिक परिष्कृत मोडेलले मानिसहरूका विभिन्न समूहलाई पनि बढ़ी समान रूपमा व्यवहार गर्न सक्छ। यद्यपि, एउटा कमजोरी के हो भने यी प्रणालीहरूमध्ये धेरैजसो इञ्जिनियरहरूले ब्ल्याक बक्स भन्छन्। जब मानिसले इनपुट र आउटपुट देख्न सक्छ, तब बीचको प्रक्रिया बुझ्न अत्यन्तै गाह्रो हुन्छ।

यदि ब्याङ्कले मानिसको आवेदन किन अस्वीकार गऱ्यो भनेर व्याख्या गर्न सक्दैन भने यसले नियम उल्लङ्घन गरिरहेको हुन सक्छ। यदि यो कारण प्रदान गर्न इच्छुक छैन भने मानिसले कसरी निर्णयलाई चुनौती दिन सक्छ? जब कुनै निर्णयले व्यक्तिको जीवनलाई प्रत्यक्ष रूपमा असर गर्छ, प्रणालीले कुन कारक मूल्याङ्कन गऱ्यो र यसको आधार के थियो भनेर निर्धारण गर्नुपर्छ।

परिदृश्य द्रुत गतिमा परिवर्तन भइरहेको छ। हालसम्म धेरैजसो एआई प्रणालीहरूले केवल शब्द बनाइरहेका थिए, तर नयाँ प्रणालीहरूले प्रत्यक्ष कार्य गर्छन्। यिनलाई एजेन्ट भनिन्छ र च्याटबोट जस्तै मानिसको प्रश्नको प्रतीक्षा गर्नुको सट्टा तिनीहरूले एक विशिष्ट लक्ष्यलाई लक्षित गर्छन् र वास्तविक कार्य गर्छन्, जस्तै टिकट बुकिङ गर्ने, सन्देश पठाउने वा सेटिङ परिवर्तन पनि गर्छन्। पुरानो चिन्ता के थियो भने प्रणालीले केही गलत भन्न सक्छ, तर अहिले नयाँ चिन्ता के छ भने प्रणालीले गलत कार्य गर्न सक्छ। अनुगमन र नियन्त्रण उपायहरू प्रविधिको गतिभन्दा धेरै पछाड़ि छन्।

एक अग्रणी प्रयोगशालाका प्रमुखले हालै के तर्क गरे भने उद्योगले यी मोडेलहरूलाई अझ शक्तिशाली बनाउन पागल हतारलाई ढिलो गर्नुपर्छ, ताकि सुरक्षा मापदण्डहरूले समात्न समय पाउँछन्। उनले एउटा घटना उद्धृत गरे जसमा एजेन्टहरूको समूहले तिनीहरूलाई छुने निर्देशन नदिइएका लक्ष्यहरूमा आक्रमण गरे र तिनीहरूलाई मूल्याङ्कन गर्ने प्रणालीलाई ह्याक गर्ने प्रयास पनि गरे। उनले गम्भीर खतरालाई पनि औँल्याए तथा एआई आफैँले अहिले यसको अर्को पुस्ता सिर्जना गर्न मद्दत गरिरहेको छ, जसले मानिसको बुझाइ र निगरानीभन्दा बाहिरको प्रगतिलाई गति दिन सक्छ। यी प्रणालीहरू सिर्जना गर्ने मानिसले पनि तिनीहरूभित्र हुने प्रक्रियाको धेरै सानो अंश मात्र व्याख्या गर्न सक्छन्। यद्यपि, सबैजना यस्तो भयानक डरसँग सहमत छैनन्।

केही विशेषज्ञहरू के विश्वास गर्छन् भने मेसिनहरूले सम्पूर्ण इन्टरनेट कब्जा गर्ने विचार अतिरञ्जित छ। तिनीहरूका अनुसार, बुद्धि न अन्धा दौड़मा न त निराधार डरमा निहित छ, तर व्यावहारिक मध्यम मार्गमा छ जुन विशेष गरी आकर्षक नभए पनि दिगो छ। प्रश्न अन्ततः एआईलाई विश्वास गर्न सकिन्छ कि भनेर फर्कन्छ। अझ तार्किक प्रश्न भनेको विश्वासको जग कसरी निर्माण गर्ने भन्ने हो। न अन्धविश्वास न त पूर्ण शङ्कालाई जायज ठहराउन सकिन्छ। वास्तवमा मानिसलाई सन्तुलित दृष्टिकोण चाहिन्छ, जहाँ सबैलाई थाहा हुन्छ कि प्रणाली के गर्न सक्षम छ। एआई बढ्दो रूपमा शक्तिशाली हुँदै जाँदा मानिसले यसलाई परीक्षण गर्न समान रूपमा सक्षम छ भनेर सुनिश्चित गर्नुपर्छ।

सिर्जनधर्मीहरूसँग अनुरोध

विचार तपाईंको, तपाईंको विचारलाई सम्प्रेषण गर्ने जिम्मा हाम्रो। घटनाहरू अनेकथरी हुनसक्छन् तर घटनामाथि समीक्षात्मक दृष्टि राख्ने जिम्मेवारी तपाईं–हाम्रो। प्रत्येक युगको इतिहासले यही प्रमाणित गरेको छ। समाज बौद्धिक जगत्को मार्गदर्शनमा अघि बढ्दै प्रगतिको फाँटमा पुगेको छ। यस्तै इतिहासलाई साक्षी राख्दै सिक्किमको बौद्धिक जगत् पनि जागोस् भन्ने हिमाली बेलाको चाहना हो। हिमाली बेलाको चाहनालाई हैंसे तपाईंहरूले पनि दिनुहुनेछ भन्ने आशाका साथ हामी समस्त बौद्धिक जमातबाट विचारपूर्ण, प्रगतिशील एवं समयसापेक्ष रचनाहरूका निम्ति आह्वान गर्दछौं। हिमाली बेलाले के ठानेको भने कारक जहिले पनि बौद्धिक झुण्ड हुन्छ अनि कारकको विचारलाई सम्प्रेषण दिने हामी निमित्त मात्र हौं।

–सम्पादक

एक शताब्दीपछि अमेरिकामा सार्वजनिक मृत्युदण्ड शुरु

सन् १९३६ मा केन्टकीमा रैनी बेथियालाई सार्वजनिक रूपमा झुण्ड्याएर मृत्युदण्ड दिंदा अनुमानित २० हजार मानिस जम्मा भएका थिए। उनीहरू टाढ़ा–टाढ़ाबाट हजारौँको सङ्ख्यामा आएका थिए। पुरुष, महिला र बालबालिका अमेरिकाको केन्टकी राज्यमा नदी किनारमा जम्मा भएका थिए। उनीहरू एक अश्वेत पुरुषलाई सार्वजनिक रूपमा झुण्ड्याएर दिइने मृत्युदण्ड हेर्न आएका थिए। ती पुरुषलाई एक वृद्ध श्वेत विधवाको बलात्कार र हत्या गरेको अभियोगमा दोषी ठहर गरिएको थियो। त्यो सन् १९३६ अगस्ट १४ शुक्रवारको दिन थियो। केन्टकीको ओवेन्सबोरोमा अत्यधिक गर्मी थियो। त्यतिबेला त्यहाँ एतिहासिक भीषण गर्मीको लहर चलिरहेको थियो। केही मानिस आफ्नो स्थान सुरक्षित राख्न अघिल्लो रातदेखि नै मृत्युदण्ड दिने ठाउँमा बसेका थिए।

अरूले अघिल्लो साँझ 'नेकटाई पार्टी' अर्थात् झुण्ड्याएर दिइने मृत्युदण्डको प्रतीकात्मक नाम दिइएको जमघट गरेका थिए। उनीहरूमध्ये कतिपय रक्सी खाएर आएका थिए भने किशोरकिशोरीहरू दर्शकलाई पपकर्न र सोडा बेचिरहेका थिए। बिहान ५ बजी मृत्युदण्ड दिने समयसम्म त्यहाँ जम्मा भएको भीड़को सङ्ख्या अनुमानित २० हजार पुगेको थियो। त्यही बेला २० वर्षको उमेर आसपासका अनाथ रैनी बेथिया मृत्युदण्ड दिने तख्तामा उक्लिए। लिस्चिया एडवाड्र्स नामकी ७० वर्षीया महिलालाई लुटपाट, बलात्कार र हत्या गरेको स्वीकार गरेको भनिएपछि उनलाई मृत्युदण्डको सजाय सुनाइएको थियो। मृत्युदण्ड दिनुभन्दा अघिल्लो दिउँसो उनले अन्तिम भोजका रूपमा तारेको कुखुराको मासु, सुँगुरको मासुका चप, मिचेर बनाइएको आलु, काँक्राको अचार, मकैको रोटी, कागतीको पाई र आइसक्रिम खाएका थिए।

त्यहाँ भेला भएका धेरै मानिसमध्ये शिकागो र न्यूयोर्कजस्ता टाढ़ाका शहरबाट आएका पत्रकार पनि थिए। उनीहरू विशेषगरी चर्चामा रहेकी 'महिला जल्लाद' लाई हेर्न आएका थिए। स्थानीय शेरिफ (फाँसी दिने व्यक्ति)को चार महिनाअघि मृत्यु भएको थियो र उनकी विधवा अप्रत्याशित रूपमा त्यस पदको विकल्प बनेकी थिइन्। तर उनले आफैँ मृत्युदण्ड दिने यन्त्रको लिभर तान्न अस्वीकार गरिन्। त्यसपछि भाड़ामा ल्याइएका जल्लादहरूले बेथियालाई झुण्ड्याएर मृत्युदण्ड दिए। त्यो घटना अमेरिकामा व्यापक चर्चामा आएको अन्तिम सार्वजनिक रूपमा झुण्ड्याएर दिइएको मृत्युदण्ड बन्यो। बेथियाको मृत्युलाई लिएर गरिएको तमासाले केन्टकीका धेरै मानिसलाई लज्जित बनायो। त्यसको १८ महिनापछि राज्यका गभर्नरले सार्वजनिक मृत्युदण्डमाथि प्रतिबन्ध लगाए। त्यतिबेलासम्म धेरै अमेरिकी राज्यले सर्वसाधारणको ठुलो भीड़सामु दिइने मृत्युदण्ड दिने परम्परा अन्त्य गरिसकेका थिए। समाजमा मृत्युदण्डप्रतिको दृष्टिकोण बदलिँदै जाँदा त्यसलाई अझ मानवीय र गोप्य तरिकाले कार्यान्वयन गर्नुपर्ने धारणा बलियो बनेको थियो। सन् १९३७ मा मिसौरीमा केही सय मानिसको उपस्थितिमा अर्को व्यक्तिलाई झुण्ड्याएर मृत्युदण्ड दिइएको थियो। त्यो घटना त्यति चर्चित भएन, तर त्यसलाई अहिलेसम्मको अमेरिकाको अन्तिम सार्वजनिक मृत्युदण्ड मानिन्छ।

बेथियालाई मृत्युदण्ड दिइएको घटनाको ९० वर्षभन्दा केही बढ़ी समयपछि अमेरिकी रक्षामन्त्री पीट हेगसेथले सन् २००९ मा टेक्सासस्थित फोर्ट हुड सैनिक अखडामा १३ जना निःशस्त्र सहकर्मी सैनिकको हत्या गरेका निदाल हसनलाई सेनाले सार्वजनिक रूपमा मृत्युदण्ड दिने घोषणा गरेका छन्। पेन्टागनले त्यसपछि हसनलाई गोली हानेर मृत्युदण्ड दिइने र त्यसको प्रत्यक्ष प्रसारण गरिने जनाएको छ। हेगसेथले भने, ''यस्ता कामका गम्भीर परिणाम हुन्छन् भन्ने कुरा मानिसहरूले बुझ्नुपर्छ।'' मृत्युदण्डसम्बन्धी विषयमा लामो समयदेखि अध्ययन गर्दै आएका कोलोराडो विश्वविद्यालयका अवकाशप्राप्त प्राध्यापक माइकल राडेलेट यो घोषणाबाट स्तब्ध भए।

''मैले अर्को सार्वजनिक मृत्युदण्ड हुन सक्छ भनेर कहिल्यै कल्पना गरेको थिइनँ,'' उनी भन्छन्। उनले मृत्युदण्डप्रति अमेरिकी जनताको समर्थन निरन्तर घट्दै गएको बताए। उदाहरणका लागि, सन् १९९४ मा मृत्युदण्डको समर्थन गर्ने अमेरिकीको अनुपात ८० प्रतिशत थियो। अहिले यो घटेर ५२ प्रतिशतमा पुगेको छ। ''यो समर्थन तीव्र रूपमा घटेको छ, विशेषगरी मृत्युदण्डको विकल्पका रूपमा परोलबिनाको आजीवन कारावासको व्यवस्था प्रस्तुत गर्दा,'' उनले भने। अमेरिकी जनताले मृत्युदण्डको प्रत्यक्ष प्रसारण गर्ने विचारलाई कसरी लिनेछन् भन्ने कुरा अहिले नै भन्न कठिन छ। तर यसलाई हेर्न लाखौँ वा त्योभन्दा बढ़ी मानिस जोड़िने सम्भावना भने छ। हेगसेथको घोषणाबारे टिप्पणी गर्दै राडेलेटले भने, ''यसले मृत्युदण्डको औचित्यलाई मनोरञ्जनमा परिणत गर्छ। पपकर्न लिएर आउनुहोस्, साथीहरूलाई बोलाउनुहोस्।''

मृत्युदण्डलाई तमासामा बदलिँदैछ

गत वर्ष मात्रै बेथियालाई दिइएको मृत्युदण्डबारे 'बेथियाको मृत्युदण्ड' नामक पुस्तक प्रकाशित गरेकी सोन्या लिआले गोली हानेर मृत्युदण्ड दिने घटनाको प्रत्यक्ष प्रसारण गर्ने घोषणा सुन्दा 'आफ्ना भावी पुस्ताप्रति गहिरो त्रास' महसुस भएको बताइन्। ''सन् १९३६ मा उनीहरूले यसलाई 'क्रूरताको उत्सव' भनेका थिए,'' उनले भनिन्। ''त्यतिबेला केन्टकीको ओवेन्सबोरोमा २० हजार मानिस घटनाको साक्षी बन्न आएका थिए। अहिले त्यसलाई अझ धेरै मानिससम्म पुऱ्याउन सक्ने प्रविधि हामीसँग छ। यसले घटनालाई झन् भयावह बनाउँछ।'' लिआका हजुरबा र हजुरआमा पनि सन् १९३६ मा उक्त भीड़मा सहभागी भएका थिए। उनीहरू त्यतिबेला किशोरावस्थामै विवाह गरेका नवदम्पती थिए। सन् २००२ मा हजुरआमाको मृत्यु भएपछि मात्रै लिआले यस घटनाबारे थाहा पाइन्। हजुरआमाले लेखेर छाड़ेको विवरण पढ्दा उनीहरू बेथियाको घाँटी भाँचिएको आवाजसमेत सुन्न सक्ने गरी नजिकै रहेको थाहा भयो।

त्यसपछि वर्षौँसम्म गरेको अनुसन्धानबाट लिआले केन्टकीका धेरै मानिस त्यो मृत्युदण्डको घटनाबाट लामो समयसम्म विचलित भएको पत्ता लगाइन्। ''मेरो मनले साँच्चै विश्वास गरेको थियो कि हामीले यस्तो भयावह अवस्थालाई विगतको कुरा बनाइसकेका छौँ। संसारका केही देशमा मात्रै देखिने यस्तो घृणित व्यवहारबाट हामी अगाड़ि बढ़िसकेका छौँ भन्ने लागेको थियो,'' उनले भनिन्। ''के अब संयुक्त राज्य अमेरिका पनि आफूलाई त्यस्तै शासन व्यवस्थाको हिस्सा ठानिरहेको छ? यो अत्यन्त भयावह कुरा हो।''

राजनीतिक ध्रुवीकरणले तयार गऱ्यो पृष्ठभूमि?

ओहायो स्टेट विश्वविद्यालयका सामाजिक मनोविज्ञानका प्राध्यापक कर्ट ग्रेका अनुसार अमेरिकी राजनीतिमा बढ़ेको ध्रुवीकरण र आक्रामक अभिव्यक्तिले यस्तो घोषणा हुने वातावरण तयार पारेको हुन सक्छ। ''केही अमेरिकीहरू रगत हेर्न लालायित हुन सक्छन्, तर धेरै अमेरिकी त्यस्तो चाहँदैनन् भन्ने मलाई लाग्छ। बरु, अरू धेरै मानिस यस्ता घटनाप्रति संवेदनहीन बन्दै गएका हुन सक्छन्,'' उनले भने। ''उनीहरू सार्वजनिक मृत्युदण्डको पक्षमा ताली बजाइरहेका छैनन्। उनीहरू केवल ''ओहो, अब हाम्रो देशको अवस्था यस्तै भएछ'' भनेर सोचिरहेका हुन सक्छन्।'' तर अन्य अनुसन्धानले हेगसेथ र अमेरिकी प्रशासनले जनताको धारणा बुझ्न नसकिरहेको हुन सक्ने सङ्केत गर्छ। क्यालिफोर्निया विश्वविद्यालय, बर्कलेमा हिंसा रोकथामसम्बन्धी अनुसन्धान कार्यक्रमका निर्देशक गारेन विन्टेम्युटका अनुसार सर्वेक्षणका तथ्याङ्कले अमेरिकामा हिंसाप्रतिको आकर्षण घटिरहेको देखाउँछन्।

''आज बिहानै अमेरिकी क्याथोलिक पादरीहरूको सम्मेलनका अध्यक्षले यो प्रत्यक्ष प्रसारणको घोषणालाई बर्बर भनेका छन्,'' उनले भने, ''मेरो विचारमा उनले धेरै मानिसको भावना व्यक्त गरेका छन्।'' उनले थपे, ''सार्वजनिक मृत्युदण्ड हाम्रो पहिचान होइन। एउटा देशका रूपमा हामीले खोजेको यो हुदैं होइन।'' क्याथोलिक धर्मावलम्बी अमेरिकी उपराष्ट्रपति जेडी भान्सले आफूले उक्त मृत्युदण्ड नहेर्ने बताएका छन्। राष्ट्रपति डोनाल्ड ट्रम्पले आफूले प्रत्यक्ष प्रसारण हेर्ने वा नहेर्ने भन्ने प्रश्नको स्पष्ट जवाफ दिएनन्। तर हसनको मृत्युदण्ड प्रत्यक्ष प्रसारण गर्ने निर्णयलाई आफूले स्वीकृति दिएको पुष्टि गरे। ''ऊ जसरी मर्छ, मलाई त्यसको खासै मतलब छैन, जबसम्म ऊ मर्छ,'' ट्रम्पले भनेका छन्, ''र, मेरो विचारमा, उसका लागि मृत्युदण्ड अत्यन्त उपयुक्त तरिका हो।'' ■

अमेरिकाले रूससँग डिजेल माग्नुका कारण

क्रिस्टिन म्यागुएर

इन्धनको बढ्दो मूल्य र नजिकिँदै गरेको अमेरिकी मध्यावधि चुनाउको बिचमा राष्ट्रपति डोनाल्ड ट्रम्पको यो घोषणा आएको हो। नोभेम्बरको मध्यावधि चुनाउअघि अमेरिकामा इन्धनको उच्च मूल्य घटाउने प्रयासस्वरूप रूसबाट डिजेल इन्धनको भण्डार ल्याउने सम्झौतामा सहमति जनाएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बताएका छन्। यद्यपि, विश्लेषकहरूले अल जजिरालाई बताएअनुसार यस सम्झौताले विश्वव्यापी ऊर्जा सङ्कट कम गर्न खासै प्रभाव पार्ने छैन, साथै युरोपेली देशहरूले रूसबाट इन्धन किन्न पूर्ण रूपमा अस्वीकार गर्न सक्छन्। युक्रेनमाथिको युद्धलाई लिएर रूसमाथि लगाइएको वर्षौँको प्रतिबन्धका बाबजुद यो सम्झौता भएको हो। गत महिना मात्रै अमेरिकाले रूसी तेलका खरिदकर्ताहरूलाई लक्षित गर्दै पछिल्लो प्रतिबन्धको घोषणा गरेको थियो।

ट्रम्पले पुटिनसँग के सहमति गरेका छन्?

शुक्रवार राति ट्रम्पले सामाजिक सञ्जालमार्फत रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग 'अत्यन्तै सफल छलफल' भएको र रूसले 'तत्काल' अमेरिका तथा विश्व बजारमा ३ लाख टनभन्दा बढ़ी डिजेल इन्धन आपूर्ति गर्ने सहमति भएको घोषणा गरे। नोभेम्बरमा थप ५ लाख टन र त्यसपछि कुनै समय थप १० लाख टन डिजेल उपलब्ध गराइने ट्रम्पले बताए। आफ्नो डिजेल प्रशोधन केन्द्रको वर्तमान अवस्थाको आधारमा रूसले त्यसपछि थप ३० लाख टन डिजेल डेलिभर गर्ने पनि उनले थपे। होर्मुज जलमार्गमा अमेरिकाको 'पूर्ण नियन्त्रण' सँगसँगै यस कदमले अमेरिका र बाँकी विश्वमा डिजेलको मूल्य घटाउने दाबी ट्रम्पले गरेका छन्। आफ्नो ट्रुथ सोसल प्लेटफर्मको एक पोस्टमा उनले लेखेका छन्, ''अमेरिकीहरू, विशेषगरी हाम्रा महान् किसानहरू, पशुपालकहरू र ट्रक चालकहरूका लागि कम मूल्य कायम गर्नु मेरो सबैभन्दा ठुलो प्राथमिकता हो।'' त्यसपछि ट्रम्पले सम्झौताका लागि पुटिनलाई धन्यवाद दिँदै शुक्रवार ह्वाइट हाउस बाहिर पत्रकारहरूसँग भने, ''साँचो कुरा भन्नुपर्दा, हाम्रो देशमा ठुलो मात्रामा तेल भित्रिइरहेको छ, र हामीलाई चाहिएको कुरा नै डिजेल हो।'' एक विज्ञप्ति जारी गर्दै पुटिनले रूस ''अमेरिकी बजार र समग्र विश्व बजारमा तेल र पेट्रोलियम पदार्थ आपूर्ति गर्ने आफ्नो इच्छा पुष्टि गर्दछ'' भनेका छन्।

विश्वव्यापी डिजेल सङ्कट किन छ?

इरानमाथिको अमेरिका–इजरायल युद्ध र युक्रेनमाथिको रूसको युद्ध दुवैको परिणाम स्वरूप विश्वव्यापी इन्धनको मूल्य ह्वात्तै बढ़ेको छ। फरवरीमा अमेरिका र इजरायलले इरानमाथि पहिलो पटक आक्रमण गरेयता तेहरानले होर्मुज जलमार्गलाई धेरै हदसम्म बन्द गरेको छ, जहाँबाट शान्तिकालमा विश्वको २० प्रतिशत तेल र ग्यास आपूर्ति हुने गर्दथ्यो। खाड़ीबाट तेल निर्यातको अर्को प्रमुख मार्ग साउदी अरेबियाको इस्ट–वेस्ट पाइपलाइनमा भएको पछिल्लो आक्रमणका साथै लाल सागर र बाब अल–मन्डेब जलमार्ग वरपर यमनका हुथीहरूले गरेका आक्रमणहरूले आपूर्तिमा थप अवरोध पुऱ्याएका छन्।

यसैबिच, रूस र युक्रेन दुवै देशका तेल प्रशोधन केन्द्रहरू, ऊर्जा र बन्दरगाह सुविधाहरूमा भारी आक्रमण भएका छन्। विश्वव्यापी इन्धन भण्डारमा भारी गिरावट आएको छ, र सेप्टेम्बरमा अमेरिका र युरोप दुवैतिर डिजेलको मूल्य कीर्तिमानी उचाइमा पुगेको थियो। युरोपेली सङ्घमाथि अमेरिकी दबाब अभियानपछि गत साता जी–सेभेन देशहरू १० करोड़ ब्यारेल आपत्कालीन डिजेल र कच्चा तेलको भण्डार बजारमा ल्याउन सहमत भएका थिए। उक्त अभियानमा ट्रम्प प्रशासनले अमेरिकाबाट हुने डिजेल निर्यातमा प्रतिबन्ध लगाउने धम्की दिएको थियो। क्यापिटल इकोनोमिक्सका जलवायु र वस्तु अर्थशास्त्री हमाद हुसेनले गत साता अल जजिरालाई जी–सेभेनको यस कदमको प्रभाव ''अल्पकालीन हुनेछ किनभने यो आपूर्ति अभावको लागि एउटा अस्थायी समाधान मात्र हो'' भनी बताएका थिए।

डिजेल सङ्कटले अमेरिकालाई कसरी असर गरेको छ?

अमेरिकामा डिजेलको मूल्य बढ्दा सेप्टेम्बरमा राष्ट्रिय औसत कीर्तिमानी ६.५२ डलर प्रति ग्यालन (३.७९ लिटर) पुगेको थियो, जुन एक वर्षअघिको मूल्यभन्दा दोब्बरभन्दा बढ़ी हो। अमेरिकन अटोमोबाइल एसोसिएसन (एएए) का अनुसार हाल राष्ट्रिय औसत मूल्य ६.२० डलर रहेको छ। अमेरिका विश्वको सबैभन्दा ठुलो डिजेल निर्यातक हो। इरान युद्ध शुरु भएदेखि यसको भण्डारमा भारी गिरावट आएको छ र प्रशोधनकर्ताहरूले उत्पादन बढ़ाए पनि यो सामान्य स्तरभन्दा तल नै छ। सेप्टेम्बरमा अमेरिकी सांसदहरू र ट्रम्पले उपभोक्ता लागत घटाउने प्रयासस्वरूप डिजेल निर्यातमा प्रतिबन्ध लगाउने प्रस्ताव राखेका थिए। युक्रेनले आफ्नो युद्ध प्रयासलाई आर्थिक सहयोग गर्न प्रयोग गर्ने रूसी ऊर्जा उद्योगलाई अवरोध गर्ने उद्देश्यले यस वर्ष रूसी तेल उद्योगमाथिको आक्रमण बढ़ाएपछि अभाव सिर्जना गरेको आरोप लगाउँदै ट्रम्पले युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीलाई डिजेल इन्धन लक्षित आक्रमण रोक्न आह्वान पनि गरेका थिए। युक्रेनको ऊर्जा पूर्वाधारमाथिको आक्रमणलाई लिएर ट्रम्पले रूसलाई भने यस्तो कुनै चेतावनी दिएनन्।

अमेरिकी मध्यावधि चुनावअघि डिजेलको मूल्य घटाउने विषयमा ट्रम्प विशेष रूपमा चिन्तित छन्। इरान युद्ध पहिल्यै निकै अलोकप्रिय भइसकेको छ र उनको 'मागा' (मेक अमेरिका ग्रेट अगेन) समर्थक आधारका धेरै साना व्यवसायीहरू डिजेल सस्तो हुने कुरामा निर्भर छन्। ट्रक चालकहरूले खाद्यान्न र उत्पादनहरू ढुवानी गर्न र किसानहरूले मेसिनरी सञ्चालन गर्न डिजेल प्रयोग गर्ने भएकाले मूल्य वृद्धिको असर उपभोक्ताले महसुस गरिरहेका छन्। पिउ रिसर्च सेन्टरको पछिल्लो सर्वेक्षणअनुसार ८४ प्रतिशत दर्ता भएका मतदाताहरूका लागि अर्थतन्त्र सबैभन्दा महत्त्वपूर्ण मुद्दा हो। ट्रम्पलाई भोट हालेका र सामान्यतया उनको रिपब्लिकन पार्टीका उम्मेदवारहरूलाई समर्थन गर्ने आयोवा र कान्सास जस्ता राज्यहरू अहिले नोभेम्बर ३ को चुनावमा कड़ा प्रतिस्पर्धा हुने क्षेत्रका रूपमा हेरिएका छन्, जसले गर्दा रिपब्लिकनको हार टार्न ट्रम्पमाथि दबाब बढ़ेको छ।

यसले रूसी तेलमाथिको अमेरिकी प्रतिबन्धलाई के अर्थ राख्छ?

सन् २०२२ को फरवरीमा युक्रेनमाथि भएको आक्रमणको प्रतिक्रियास्वरूप बाइडेन प्रशासनको पालामा अमेरिकाले रूसी तेल र ग्यासको आयातमा प्रतिबन्ध लगाएको थियो। गत महिना कंग्रेसले पारित गरेको र ट्रम्पले हस्ताक्षर गरेको विस्तृत रूसी प्रतिबन्ध कानुनले रूसी तेल र ग्यास किन्ने देशहरूलाई पनि लक्षित गर्दछ। 'लिन्डसे ओ ग्राहम स्याङ्सनिङ रसिया एन्ड इरान एक्ट अफ २०२६'ले विद्यमान प्रतिबन्धहरूलाई विस्तार गर्दै रूसी ऊर्जा व्यापारलाई सहज बनाउने अधिकारीहरू, ब्याङ्कहरू र छायाँ ट्याङ्करहरूलाई लक्षित गरेर पुटिनलाई दबाब दिने उद्देश्य राखेको थियो। यसले ट्रम्पलाई रूसी तेल र प्राकृतिक ग्यासका शीर्ष पाँच आयातकर्ताहरूमाथि १०० प्रतिशत भन्सार शुल्क लगाउने अधिकार पनि दिएको थियो। शुक्रवार ट्रम्पको घोषणापछि अमेरिकी अर्थ मन्त्रालयले अफिस अफ फरेन एसेट्स कन्ट्रोलले 'विश्व बजारमा रूसी डिजेल आपूर्ति गर्न अनुमति दिने गरी तत्काल एउटा अस्थायी सामान्य लाइसेन्स जारी गरिरहेको' बताएको छ।

के रूसमा आफ्नै इन्धन सङ्कट छैन र?

हो छ, जसले गर्दा ट्रम्पले वाचा गरे जति डिजेल रूसले उपलब्ध गराउन सक्ने कुरामा शङ्का गर्ने प्रशस्त आधार विश्लेषकहरूले पाएका छन्। अन्तरराष्ट्रिय ऊर्जा एजेन्सीको तेल उद्योग र बजार विभागका पूर्व प्रमुख निल एटकिन्सनले अल जजिरालाई रूसले यसो गर्न सक्छ भन्नेमा आफूलाई शङ्का रहेको बताए। 'अति छोटो समयमा, आफ्नो घरेलु बजारलाई असर नपारी सम्झौतामा कुरा गरिएको परिमाणमा रूसले कसरी डेलिभरी गर्न सक्छ भनेर बुझ्न निकै गाह्रो छ,' उनले भने। यसअघि रूस अमेरिकापछिको विश्वकै दोस्रो ठुलो डिजेल निर्यातक थियो। तर, यस वर्षको पहिलो त्रैमासिकमा ८ लाख ५० हजार ब्यारेल र दोस्रो त्रैमासिकमा ६ लाख ९० हजार ब्यारेल प्रतिदिन रहेको रूसी डिजेल र ग्यासको निर्यात तेस्रो त्रैमासिकमा भने प्रतिदिन १ लाख ९० हजार ब्यारेलमा झरेको कमोडिटी ट्र्याकर भोर्टेक्साको तथ्याङ्क उद्धृत गर्दै सिपिङ एनालिटिक्स कम्पनी विन्डवार्डकी समुद्री जासुसी विश्लेषक मिसेल विस बोकम्यानले प्रष्ट पारिन्। त्यसैले, रूसले आन्तरिक माग पूरा गर्ने प्रयासस्वरूप जुलाईमा डिजेल निर्यातमा प्रतिबन्ध लगायो र सेप्टेम्बरको अन्त्यमा उक्त प्रतिबन्धलाई अक्टोबरको अन्त्यसम्म लम्ब्यायो।

रूसी ऊर्जा संरचनामाथि युक्रेनको आक्रमणले पनि रूसको इन्धन सङ्कटमा योगदान पुऱ्याएको छ। युक्रेनी आक्रमणबाट रूसको कुल गार्हस्थ्य उत्पादनको १ प्रतिशत हिस्सा प्रभावित भएको पुटिनले स्वीकारेका छन्। युक्रेनको रक्षा मन्त्रालयले आफ्ना हवाई आक्रमणहरूले रूसको तेल प्रशोधन क्षमताको आधाभन्दा बढ़ी नष्ट गरेको जनाएको छ। जुलाईमा युक्रेनले अजोभ सागर र कालो सागरमा रहेका सयौँ रूसी छाया फ्लीट ट्याङ्करहरूमा पनि प्रहार गरेको थियो, जसले गर्दा सन् २०१४ मा रूसले गाभेको क्रिमियामा हुने ग्यास डेलिभरी प्रभावित भयो। बोकम्यानले बताएअनुसार रूसको आन्तरिक अभाव 'यति चरम थियो, तेस्रो त्रैमासिकमा हामीले पहिलो पटक रूसलाई ग्यासोलिन, डिजेल र ग्यास आयल आयात गरेको देख्यौँ।' उनले थपिन्, 'भर्खरै यसै साता पनि डिजेल र ग्यास आयल बोकेको एउटा पानीजहाज भिसोतस्क बन्दरगाहमा आइपुगेको थियो।'

गत साता रूसले अधिक उत्पादन भएको खण्डमा डिजेल निर्यातमा लगाइएको प्रतिबन्ध आंशिक रूपमा फुकुवा गर्ने कुरामा विचार गर्ने बताएको थियो। उपप्रधानमन्त्री अलेक्ज्यान्डर नोभाकले रूसी संसदलाई आन्तरिक बजार सन्तुलित रहेको र ''यदि डिजेल उत्पादन आन्तरिक मागभन्दा बढ़ी भएमा हामी निर्यात आंशिक रूपमा खुला गर्ने विचार गर्नेछौँ'' भनी बताएका थिए। अन्तरराष्ट्रिय ऊर्जा एजेन्सीका अनुसार रूसले सामान्यतया आफ्नो घरेलु आवश्यकता पूरा गर्न चाहिने भन्दा दोब्बर डिजेल उत्पादन गर्छ। यससँग फरक–फरक तापक्रमका लागि उपयुक्त हुने विभिन्न मापदण्डका डिजेल छन्। आगामी महिनाहरूमा स्वदेशमै चाहिने विन्टर र आर्कटिक ग्रेडका लागि ठाउँ बनाउन ० डिग्री सेल्सियस (३२ डिग्री फारेनहाइट) भन्दा माथिको तापक्रमका लागि उपयुक्त हुने यसको समर–ग्रेड डिजेल बजारमा पठाइन सक्छ। ■

१४औँ प्रयासमा पृथ्वीको कक्षमा पुग्न सफल भयो स्पेसएक्सको स्टारशिप

इलोन मस्कको कम्पनी स्पेसएक्सले निर्माण गरेको शक्तिशाली रकेट 'स्टारशिप' पहिलोपटक पृथ्वीको कक्ष (अर्बिट)–मा पुगेको छ। २८ सेप्टेम्बरमा गरिएको स्टारशिपको १४औँ परीक्षण उड़ानका क्रममा २६ वटा नयाँ प्रविधिका स्टारलिङ्क स्याटेलाइटसमेत अन्तरिक्षमा पठाइएको छ।

इलोन मस्कको कम्पनी स्पेसएक्सले निर्माण गरेको शक्तिशाली रकेट 'स्टारशिप' पहिलोपटक पृथ्वीको कक्ष (अर्बिट)–मा पुगेको छ।

२८ सेप्टेम्बरमा गरिएको स्टारशिपको १४औँ परीक्षण उड़ानका क्रममा २६ वटा नयाँ प्रविधिका स्टारलिङ्क स्याटेलाइटसमेत अन्तरिक्षमा पठाइएको छ।

भारतीय समयअनुसार साँझ ६ः१५ बजी टेक्सासस्थित स्टारबेसबाट स्टारशिप प्रक्षेपण गरिएको थियो। यसअघि स्टारशिपका सबै परीक्षण उड़ानलाई सब–अर्बिटल ट्राजेक्टोरीमा सीमित गरिएको थियो। यसको उद्देश्य सुरक्षा कायम राख्दै रकेटको प्रदर्शनसम्बन्धी बढ़ीभन्दा बढ़ी तथ्याङ्क सङ्कलन गर्नु थियो। यसपटक भने स्टारशिप पहिलोपटक पृथ्वीको कक्षमा प्रवेश गरेको हो।

योजना गरिएको समयभन्दा अघि नै मिसन समाप्त

शुरुआती योजनाअनुसार स्टारशिपलाई करिब १० घण्टासम्म पृथ्वीको कक्षमा घुमाउने तयारी थियो। तर, मिसनका क्रममा गरिएको समीक्षा (रिभ्यु) पछि कन्ट्रोलरहरूले उड़ान छोट्याउने निर्णय गरेका थिए।

उड़ान शुरु भएको करिब २ घण्टा १२ मिनटपछि स्टारशिपको डी–अर्बिट बर्न पूरा गरिएको थियो। त्यसपछि उड़ान शुरु भएको करिब तेस्रो घण्टामा स्टारशिपलाई प्रशान्त महासागरमा सफल अवतरण गराइएको थियो।

स्टारशिप स्पेसक्राफ्ट र सुपर हेभी बुस्टर गरी दुई मुख्य भाग मिलेर बनेको प्रणालीलाई सामूहिक रूपमा 'स्टारशिप' भनिन्छ। यसको उँचाइ लगभग ४०३ फिट अर्थात् १२३ मिटर छ।

यसरी २०२३ मा पहिलो परीक्षण उड़ानबाट शुरु भएको स्टारशिपको परीक्षण यात्रा १४औँ उड़ानसम्म आइपुग्दा पहिलोपटक पृथ्वीको कक्षमा पुग्ने चरणमा पुगेको छ। स्पेसएक्सले स्टारशिपलाई भविष्यमा मानिस र ठूलो परिमाणमा सामग्री अन्तरिक्षमा लैजान तथा पुनः प्रयोग गर्न सकिने रकेटका रूपमा विकास गरिरहेको जनाएको छ।

पहिलोपटक स्टारलिङ्कको नयाँ पुस्ताका २६ स्याटेलाइट

यो मिशनमा पहिलोपटक नयाँ प्रविधिमा आधारित २६ वटा 'स्टारलिङ्क भी ३' स्याटेलाइट अन्तरिक्षमा पठाइएको छ।

यी स्याटेलाइटले विश्वव्यापी स्टारलिङ्क इन्टरनेट नेटवर्कको क्षमता बढ़ाउने अपेक्षा गरिएको छ। एउटा स्याटेलाइटले लगभग १ टेराबिट प्रतिसेकेन्ड (टीबीपीएस) डेटा क्षमता थप्ने दाबी गरिएको छ।

यस हिसाबले यसपटक प्रक्षेपण गरिएका २६ स्याटेलाइटले कुल करिब २६ टीबीपीएस डेटा क्षमता थप्न सक्ने बताइएको छ। यो स्पेसएक्सको फाल्कन–९ रकेटबाट पठाइने अघिल्लो पुस्ताका साना स्याटेलाइटको तुलनामा उल्लेख्य रूपमा बढ़ी क्षमता हो।

१३औँ परीक्षणमा पहिलोपटक पानीमा सुरक्षित अवतरण

स्टारशिपको १३औँ परीक्षण उड़ान २५ जुलाई, २०२६ मा भएको थियो। उक्त परीक्षणमा माथिल्लो भाग (अपर स्टेज) हिन्द महासागरमा र बुस्टर मेक्सिकोको खाडीमा अवतरण गरिएको थियो। यो स्टारशिपलाई सुरक्षित रूपमा पानीमा अवतरण गराइएको पहिलो अवसर थियो। अवतरणका क्रममा स्टारशिप 'बेली–फ्लप' अवस्थाबाट सीधा हुँदै पानीमा ठाडो रूपमा अवतरण गरेको थियो। त्यसपछि विस्तारै एकातर्फ ढल्किएर समुद्रमा तैरिएको थियो।

१२औँ परीक्षणमा इञ्जिनमा समस्या

स्टारशिपको १२औँ परीक्षणमा पहिलोपटक यसको नयाँ र ठूलो भी–३ संस्करण प्रयोग गरिएको थियो। टेक्सासको दक्षिणी क्षेत्रमा रहेको स्टारबेसबाट उडान भरेपछि इञ्जिनमा समस्या आएको थियो। रकेट असफल हुने जोखिम देखिए पनि करिब एक घण्टापछि स्टारशिप स्पेसक्राफ्ट हिन्द महासागरमा सुरक्षित अवतरण गर्न सफल भएको थियो।

११औँ परीक्षणमा डमी स्याटेलाइट प्रक्षेपण

१४ अक्टोबर, २०२५ मा भएको ११औँ परीक्षणमा सुपर हेभी बुस्टरलाई अमेरिकाको खाडीमा र स्टारशिपलाई हिन्द महासागरमा पानीमा अवतरण गराइएको थियो। यस परीक्षणको उद्देश्य भविष्यमा बुस्टर र स्टारशिपलाई प्रक्षेपणस्थलमै फर्काएर पुनः प्रयोग गर्ने प्रविधिसम्बन्धी परीक्षण गर्नु थियो।

१०औँ परीक्षणमा स्टारलिङ्क सिमुलेटर अन्तरिक्षमा

२७ अगस्त, २०२५ मा भएको १०औँ परीक्षणमा स्टारलिङ्कका सिमुलेटर स्याटेलाइट अन्तरिक्षमा पठाइएको थियो। यी वास्तविक स्टारलिङ्क स्याटेलाइट नभई तिनकै नमुना (डमी) हुन्। तिनको प्रयोग स्टारशिपको स्याटेलाइट प्रक्षेपण क्षमता परीक्षण गर्न गरिएको थियो।

९औँ परीक्षणमा नियन्त्रण गुम्यो

२८ मई, २०२५ मा भएको नवौँ परीक्षणमा प्रक्षेपणको करिब ३० मिनटपछि स्टारशिपले नियन्त्रण गुमाएको थियो। त्यसपछि वायुमण्डलमा पुनः प्रवेश गर्ने क्रममा यो नष्ट भएको थियो। यद्यपि सुपर हेभी बुस्टरले भने मेक्सिकोको खाडीमा अवतरण गरेको थियो।

आठौँ परीक्षणमा बुस्टर फर्कियो, स्टारशिप नष्ट

७ मार्च, २०२५ मा भएको आठौँ परीक्षणमा प्रक्षेपणको करिब सात मिनटपछि सुपर हेभी बुस्टर अलग भएर फर्किएको थियो। तर, त्यसको करिब आठ मिनटपछि स्टारशिपको माथिल्लो भागका ६ मध्ये चार इञ्जिनले काम गर्न छाड़ेपछि यसले नियन्त्रण गुमाएको थियो। त्यसपछि स्वचालित अबोर्ट प्रणालीमार्फत स्टारशिपलाई नष्ट गरिएको थियो। स्टारशिपको भग्नावशेष खसेपछि मियामी, ओर्लान्डो, पाम बिच र फोर्ट लडरडेल क्षेत्रका विमानस्थलको उडान सेवासमेत प्रभावित भएको थियो।

सातौँ परीक्षणमा बुस्टर फर्कियो, स्पेसक्राफ्ट विस्फोट

१७ जनवरी, २०२५ मा भएको सातौँ परीक्षणमा पनि बुस्टर सफलतापूर्वक अलग भएर फर्किएको थियो। तर, माथिल्लो भागमा अक्सिजन चुहावट भएपछि स्टारशिप आकाशमै विस्फोट भएको थियो। छैटौँ परीक्षणमा ट्रम्प पनि स्टारबेस पुगेका थिए। २० नोभेम्बर, २०२४ मा भएको छैटौँ परीक्षण हेर्न तत्कालीन अमेरिकी राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्प पनि स्टारबेस पुगेका थिए। यस परीक्षणमा सुपर हेभी बुस्टरलाई प्रक्षेपणस्थलमै फर्काएर 'क्याच' गर्ने योजना थियो। तर, आवश्यक सबै मापदण्ड अनुकूल नभएपछि बुस्टरलाई पानीमा अवतरण गराइएको थियो। यसै परीक्षणमा स्टारशिपको इञ्जिन अन्तरिक्षमै पुनः सञ्चालन गरिएको थियो। त्यसपछि स्पेसक्राफ्ट हिन्द महासागरमा अवतरण गरिएको थियो।

पाँचौँ परीक्षणमा पहिलोपटक बुस्टरलाई 'क्याच' गरियो

१३ अक्टोबर, २०२४ मा भएको पाँचौँ परीक्षण स्टारशिपको विकासक्रममा महत्त्वपूर्ण मानिएको थियो। यस परीक्षणमा सुपर हेभी बुस्टरलाई करिब ९६ किलोमिटर उँचाइबाट प्रक्षेपणस्थलमा फर्काएर 'मेकाजिला' नाम दिइएको संरचनाले समातेको थियो। मेकाजिला दुईवटा ठूला धातुका हातजस्ता संरचना हुन्, जसले बुस्टरलाई 'चपस्टिक' जस्तै समात्ने गर्छन्। त्यसैगरी स्टारशिपलाई पृथ्वीको वायुमण्डलमा पुनः प्रवेश गराएर हिन्द महासागरमा नियन्त्रित अवतरण गराइएको थियो। पुनः प्रवेशका क्रममा यसको गति करिब २६ हजार किलोमिटर प्रतिघण्टा र तापक्रम करिब १४३० डिग्री सेल्सियससम्म पुगेको थियो।

चौथो परीक्षणमा अन्तरिक्ष पुगेर पानीमा अवतरण

६ जून, २०२४ मा भएको चौथो परीक्षणमा स्टारशिप अन्तरिक्षसम्म पुगेपछि पृथ्वीमा फर्किएर पानीमा अवतरण गर्न सफल भएको थियो। करिब एक घण्टा पाँच मिनटको उक्त मिसनको मुख्य उद्देश्य पृथ्वीको वायुमण्डलमा पुनः प्रवेश गर्दा स्टारशिपले उच्च ताप र दबाउ सहन सक्छ कि सक्दैन भन्ने परीक्षण गर्नु थियो। स्पेसएक्सका प्रमुख इलन मस्कले त्यसपछि केही टाइलमा क्षति र एउटा फ्ल्यापमा समस्या आए पनि स्टारशिपले समुद्रमा सफ्ट ल्यान्डिङ गरेको बताएका थिए।

तेस्रो परीक्षणमा पुनः प्रवेशका क्रममा सम्पर्क विच्छेद

१४ मार्च, २०२४ मा भएको तेस्रो परीक्षणमा स्टारशिपले कक्षमा पुगेर पेलोड डोर खोल्ने र बन्द गर्ने तथा रकेटभित्र तरल अक्सिजन स्थानान्तरण गर्नेजस्ता परीक्षण सफलतापूर्वक गरेको थियो। तर, पृथ्वीको वायुमण्डलमा पुनः प्रवेश गर्ने क्रममा स्टारशिपसँग सम्पर्क विच्छेद भएको थियो। स्पेसएक्सले यसलाई पूर्ण रूपमा सफल नभए पनि महत्त्वपूर्ण तथ्याङ्क प्राप्त भएको परीक्षणका रूपमा व्याख्या गरेको थियो।

दोस्रो परीक्षणमा स्टेज सेपरेसनपछि समस्या

१८ नोभेम्बर, २०२३ मा भएको दोस्रो परीक्षणमा प्रक्षेपणको करिब २.४ मिनटपछि सुपर हेभी बुस्टर र स्टारशिप अलग भएका थिए। बुस्टर पृथ्वीमा फर्किनुपर्ने भए पनि करिब ९० किलोमिटर उँचाइमा विस्फोट भएको थियो। स्टारशिप भने केही समय आफ्नो मार्गमा अघि बढ़ेको थियो। करिब आठ मिनटपछि १४८ किलोमिटर उँचाइमा पुगेपछि यसमा पनि समस्या देखिएपछि फ्लाइट टर्मिनेसन सिस्टममार्फत नष्ट गरिएको थियो। यस परीक्षणमा पहिलोपटक 'हट स्टेजिङ' प्रविधिबाट बुस्टर र स्टारशिपलाई अलग गरिएको थियो। प्रक्षेपणदेखि स्टेज सेपरेसनसम्म स्टारशिपका ३३ वटै र्‍याप्टर इञ्जिनले काम गरेका थिए।

पहिलो परीक्षणमै चार मिनटपछि विस्फोट

२० अप्रेल, २०२३ मा स्टारशिपको पहिलो परीक्षण उड़ान भएको थियो। बुस्टर–७ र शिप–२४ प्रयोग गरिएको उक्त परीक्षणमा प्रक्षेपणको करिब चार मिनटपछि करिब ३० किलोमिटर उँचाइमा स्टारशिप विस्फोट भएको थियो। तर प्रक्षेपणस्थलबाट स्टारशिप उड्नु नै स्पेसएक्सका लागि महत्त्वपूर्ण उपलब्धि मानिएको थियो। त्यतिबेला स्पेसएक्सले परीक्षणबाट प्राप्त तथ्याङ्कका आधारमा आगामी उडानमा स्टारशिपको विश्वसनीयता सुधार गर्ने जनाएको थियो।

ताराको वरपरबाट ग्यास उडेर जाँदा ग्रह बन्ने प्रक्रियाको निर्धारण हुने नयाँ अध्ययनको निष्कर्ष



नयाँ ताराहरूलाई घेरेर बसेका ग्यास र धूलोका डिस्कहरूभित्र ग्रहहरू बन्ने गर्छन्, तर तिनीहरू निर्भर हुने ग्यासको आपूर्ति भने अस्थायी हुन्छ।

नासाको जेम्स वेब स्पेस टेलिस्कोप (जेडब्ल्यूएसटी) बाट गरिएका नयाँ अवलोकनहरूले वैज्ञानिकहरूलाई ग्यास कसरी बाहिरिन्छ र ग्रह प्रणालीहरू परिपक्क हुँदै जाँदा ग्यास बाहिरिने मुख्य प्रक्रियाहरू कसरी बदलिन्छन् भन्नेबारे स्पष्ट चित्र दिएका छन्।

एरिजोना विश्वविद्यालयका नमन बजाजको नेतृत्वमा र सेटी इन्स्टिट्युटका वैज्ञानिक उमा गोर्तीको सह–लेखनमा भएको यो अध्ययनले ७२ वटा साना, सूर्य जस्ता तारा र तिनीहरूका प्रोटोप्ल्यानेटरी डिस्कहरूको परीक्षण गरेको थियो।

यो अध्ययन द एस्ट्रोनोमिकल जर्नलमा प्रकाशित भएको छ।

"यस अध्ययनमा रोमाञ्चक कुरा के छ भने, हामीले अब साना प्रणालीहरूको ठूलो नमुनामा ग्रह बनाउने डिस्कहरूबाट ग्यास हटाउने प्रक्रियाहरू समयसँगै कसरी बदलिन्छन् भनेर हेर्न सक्छौँ। डिस्कको बेपत्ता हुनुले ग्रह निर्माणको लागि एउटा आधारभूत समयसीमा निर्धारण गर्छः एकपटक ग्यास सकिएपछि, ग्यासले भरिएका ग्रहहरू बनाउने अवसर मुख्य रूपमा समाप्त हुन्छ"–गोर्तीले भनिन्।

हाम्रो सौर्यमण्डल अहिले करिब चार अरब ५० करोड़ वर्ष पुरानो छ र यसमा धेरैजसो खाली ठाउँ छ। तर, यसको शुरुआती केही लाख वर्षमा युवा सूर्य धूलोभन्दा करिब १०० गुणा बढ़ी ग्यास भएको बाक्लो प्रोटोप्ल्यानेटरी डिस्कले घेरिएको थियो। पछि ती सबै ग्यास हराएर गए। बृहस्पतिका र शनि जस्ता विशाल ग्रहहरू बनाउन ग्यास अत्यावश्यक हुने भएकाले यो सामग्री कहिले र कसरी हराउँछ भन्ने कुरा बुझ्न महत्त्वपूर्ण हुन्छ। यदि डिस्कले आफ्नो ग्यास धेरै छिटो गुमाउँछ भने बनिरहेका ग्रहहरूसँग ग्यास जायन्ट बन्नका लागि चाहिने ठूलो वायुमण्डल जम्मा गर्ने पर्याप्त समय हुँदैन।

बजाज र उनका सहकर्मीहरूले जेडब्ल्यूएसटीको मिड–इन्फ्रारेड इन्स्ट्रुमेन्ट (एमआईआरआई)–बाट लिइएका पुराना अवलोकनहरू प्रयोग गरेर यस प्रक्रियाको अनुसन्धान गरेका थिए। शोधकर्ताहरूले बाहिरिने सामग्रीका दुई सूचकमा ध्यानकेन्द्रित गरेका थिएः मोलिक्युलर हाइड्रोजन र आयनाइज्ड नियोन। जेडब्ल्यूएसटीको संवेदनशीलता र रिजोलुसनले उनीहरूलाई मोलिक्युलर हाइड्रोजन भएका फराकिलो हावाहरूलाई नियोनले पछ्याउने जेट र हावाहरूबाट छुट्याउन मद्दत गर्‍यो। सबैभन्दा साना प्रणालीहरूमा अनुसन्धानकर्ताहरूले मोलिक्युलर र एटोमिक ग्यास दुवै भएका फराकिलो हावाहरूसँगै शक्तिशाली जेटहरू फेला पारे।

ग्रह प्रणालीहरू परिपक्क हुँदै जाँदा र तारामा सामग्रीको प्रवाह घट्दै जाँदा जेटहरू कमजोर हुन्छन् र बाहिरिने ग्यास बढ़ी एटोमिक बन्दै जान्छ। यस चरणमा युवा ताराबाट आउने उच्च ऊर्जाको विकिरणले पातलो हुँदै गएको सामग्रीलाई भेदन गर्न सक्छ र डिस्कको ग्यासलाई बाहिर ननिस्किएसम्म तताउन सक्छ। यस प्रक्रियालाई फोटोइभापोरेसन भनिन्छ।

पछिल्लो जेडब्ल्यूएसटी अवलोकनले डिस्कहरू पुराना हुँदै जाँदा र म्याग्नेटिक रूपमा सञ्चालित जेट र हावाहरू हराउँदै जाँदा फोटोइभापोरेसन अझ महत्त्वपूर्ण बन्ने देखाएको छ। "ग्रह निर्माण त्यसैले समयविरुद्धको दौड़ हो"–बजाजले भने, "बृहस्पति जस्ता ग्यास जायन्टहरूले हावा र जेटहरूले कच्चा पदार्थ अन्तरिक्षमा उड़ाएर लैजानुअघि डिस्कले आपूर्ति गर्न सक्ने गरी आफ्नो विशाल वायुमण्डल तयार पारिसक्नुपर्छ।"

अनुसन्धानकर्ताहरूले ७२ मध्ये ६६ वटा डिस्कमा मोलिक्युलर हाइड्रोजन र आयनाइज्ड नियोनको विस्तार फेला पारेका थिए। ४६ वटा प्रणालीमा कोनिकल मोलिक्युलर हाइड्रोजन हावाहरू देखिए भने ४० वटामा तीव्र गतिमा चल्ने नियोन जेटहरू भेटिए। नियोन जेट भएको प्रत्येक प्रणालीमा मोलिक्युलर हाइड्रोजन वा अक्सिजनले पछ्याएको हावाको प्रमाण पनि देखिएको थियो। यो अध्ययनले उही अनुसन्धान समूहको अघिल्लो अवलोकनलाई अझ विस्तार गरेको छ। सन् २०२४ मा बजाज, गोर्ती र उनका सहकर्मीहरूले युवा तारा टी च्याको वरपरको ग्रह निर्माण गर्ने डिस्कबाट ग्यास बाहिर जाँदै गरेको तस्वीर लिन जेडब्ल्यूएसटी प्रयोग गरेका थिए। वैज्ञानिकहरूले अब यी हावाहरूले समयक्रममा ठ्याक्कै कति ग्यास हटाउँछन् र डिस्कको कुन भागबाट सामग्री बाहिरिन्छ भन्ने कुरा पत्ता लगाउन चाहन्छन्।

पृथ्वीभित्र हुने सूक्ष्म हलचलले बदलिन्छ दिनको लम्बाइ



हामी धेरैजसो दिन २४ घण्टाको हुन्छ भन्ने सोच्छौँ। तर, वास्तवमा पृथ्वीको घुम्ने गति सधैँ एउटै हुँदैन। यो फरक धेरै सानो हुन्छ। भौतिकशास्त्रीहरूले यसलाई मापन गर्न सक्छन्। पृथ्वीको भित्री भागमा हुने सूक्ष्म परिवर्तनका कारण केही दिन अलि छोटा वा लामा हुन्छन्।

वैज्ञानिकहरूले करिब तीनदशकदेखि पृथ्वीको तरल कोर एउटै गतिमा नघुम्ने कुरा थाहा पाएका छन्। चुम्बकीय क्षेत्रमा हुने परिवर्तनले तरल कोर केही दशकमा तीव्र र त्यसपछिका दशकमा सुस्त हुने देखाएको छ। पृथ्वीको म्यान्टलले यसको विपरीत प्रतिक्रिया दिन्छ। कोरको गति बढ्दा म्यान्टल सुस्त हुन्छ र कोर सुस्त हुँदा म्यान्टलको गति बढ्छ।

यो आदान–प्रदान पृथ्वीको कुल एङ्गुलर मोमेन्टम स्थिर रहने भएकाले हुन्छ। म्यान्टलको घुम्ने गतिमा हुने साना परिवर्तनले पनि दिनको लम्बाइमा केही मिलिसेकेन्डको फरक पार्छन्।

वैज्ञानिकहरूले कोर र म्यान्टलले यो मोमेन्टम कसरी साटासाट गर्छन् भनेर लामो समयदेखि अध्ययन गरिरहेका थिए। २३ सेप्टेम्बरमा नेचर पत्रिकामा प्रकाशित अध्ययनमा अल्बर्टा युनिभर्सिटीका पीएचडी विद्यार्थी हुइफेङ झाङ र प्रोफेसर म्याथ्यु डम्बरीले यसको समाधान प्रस्तुत गरेका छन्।

वैज्ञानिकहरूले करिब तीनदशकदेखि पृथ्वीको तरल कोर एउटै गतिमा नघुम्ने कुरा थाहा पाएका छन्। चुम्बकीय क्षेत्रमा हुने परिवर्तनले तरल कोर केही दशकमा तीव्र र त्यसपछिका दशकमा सुस्त हुने देखाएको छ। पृथ्वीको म्यान्टलले यसको विपरीत प्रतिक्रिया दिन्छ।

उनीहरूका अनुसार पृथ्वीको भित्री कोरको घुम्ने गतिमा हुने परिवर्तनले ग्याभिटेशनल टर्क सिर्जना गर्छ। भित्री कोर पूर्ण रूपमा गोलो नभएकाले यसको गतिले म्यान्टलको माससँग गुरुत्वाकर्षण अन्तरक्रिया गर्छ। यसले म्यान्टलको घुम्ने गतिमा थोरै परिवर्तन ल्याउँछ। यसैका कारण दिनको लम्बाइमा साना परिवर्तनहरू आउँछन्।

कोर र म्यान्टलको सिमानामा अर्को बलले पनि काम गर्छ। यसलाई कोर म्यान्टल बाउन्ड्री टर्क भनिन्छ। यसले घर्षण र इलेक्ट्रोम्याग्नेटिक ड्र्याग सिर्जना गर्छ। यसले गुरुत्वाकर्षण खिचावको विरोध गर्छ। यो प्रतिरोधले दिनको लम्बाइ कति परिवर्तन हुन सक्छ भन्ने सीमा तय गर्छ। अनुसन्धानकर्ताहरूका अनुसार यी दुई तर्कबीचको सन्तुलनमा आउने फेरबदलले दिनको लम्बाइमा भिन्नता ल्याउँछ।

यो खोजले पृथ्वीको गहिरो भागमा के भइरहेको छ भन्नेबारे नयाँ जानकारी दिएको छ। झाङ र डम्बरीका अनुसार भित्री कोर करिब १० वर्षको समयसीमामा भिस्कस्ली डिफर्म हुन्छ। यसले पृथ्वीको सबैभन्दा भित्री भाग हामीले सोचेभन्दा धेरै गतिशील रूपमा परिवर्तन हुन सक्ने देखाउँछ।

किम जोङ उनसँग भेट्न ट्रम्प उत्साहित

- आगामी नोभेम्बरमा चीनमा हुने एपेक सम्मेलनका क्रममा ट्रम्प र किम जोङ उनबीच भेटवार्ता हुनसक्ने
- ट्रम्पले किमसँग आफ्नो सम्बन्ध राम्रो रहेको उल्लेख गर्दै भेट हुन सक्ने बताएका हुन्।
- ट्रम्पले आफ्नो पहिलो कार्यकालमा किमसँग गरेका थिए तीनपटक भेटवार्ता

वाशिङ्टन, १३ अक्टोबर: अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आगामी नोभेम्बरमा चीनमा हुने एशिया–प्रशान्त आर्थिक सहयोग (एपेक) सम्मेलनका क्रममा उत्तर कोरियाली नेता किम जोङ उनसँग भेटवार्ता हुन सक्ने बताएका छन्। सञ्चारमाध्यमअनुसार सोमवार पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले किमसँगको सम्भावित भेटलाई रोचक बताए। उनले किमसँग आफ्नो सम्बन्ध राम्रो रहेको उल्लेख गर्दै भेट हुन सक्ने बताएका हुन्। ट्रम्प १८ र १९ नोभेम्बरमा चीनको सेनझेनमा हुने एपेक नेताहरूको बैठकमा सहभागी हुन जाने कार्यक्रम छ। सोही भ्रमणका क्रममा किमसँग भेट हुन सक्ने सम्भावना देखिएको हो। यद्यपि, उत्तर कोरियासँग भेटवार्ताबारे औपचारिक छलफल भइरहेको छ वा छैन भन्ने विषयमा ट्रम्पले स्पष्ट पारेका छैनन्।

ट्रम्पले आफ्नो पहिलो कार्यकालमा किमसँग तीनपटक भेटवार्ता गरेका थिए। दुई नेताबीच सन् २०१८ मा सिङ्गापुर, सन् २०१९ मा भियतनामको हनोई र त्यही वर्ष उत्तर तथा दक्षिण कोरियाको सीमाक्षेत्रमा भेट भएको थियो। उत्तर कोरियासँग तनाउ कम गर्ने प्रयासस्वरूप ट्रम्पले यसअघि अमेरिका र दक्षिण कोरियाबीच हुने संयुक्त सैन्य अभ्यासको अवधि घटाउने निर्देशन दिएका थिए। त्यसपछि दुवै देशले अगस्तमा सञ्चालन गरेको 'उल्ची फ्रिडम सिल्ड' नामक वार्षिक सैन्य अभ्यासको अवधि ११ दिनबाट घटाएर पाँच दिन झारेका थिए। ट्रम्पले संयुक्त सैन्य अभ्यासमा ठूलो खर्च हुने र यसले उत्तर कोरियालाई शत्रुतापूर्ण सन्देश दिने तर्क गर्दै आएका छन्। उनले किमसँगको आफ्नो राम्रो सम्बन्धलाई पनि सैन्य अभ्यास घटाउनुको कारण बताएका थिए।

ट्रम्पको मन्तव्यपछि रूस र युक्रेन दुवैतर्फ बढ्ेको छ कूटनीतिक तनाउ

कीव, १३ अक्टोबर: अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रूस र युक्रेन एकापसका इन्धन तथा ऊर्जा संरचनाहरूमा आक्रमण नगर्न 'इन्धन युद्धविराम' मा सहमत भएको दाबी गरेका छन्। यद्यपि, युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले भने यसबारे आफूलाई पूर्वजानकारी नरहेको तर रूस सहमत भए युक्रेन पनि सो युद्धविराम मान्न तयार रहेको बताएका छन्। आइतवार सामाजिक सञ्जाल 'ट्रुथ सोसल' मा पोस्ट गर्दै राष्ट्रपति ट्रम्पले भने, ''तत्काल लागू हुने गरी रूस र युक्रेनबिचको युद्धमा 'इन्धन युद्धविराम' (इनर्जी सिजफायर) भएको छ। दुवै पक्ष सहमत भएका छन्। यसलाई कसैले नतोड्नुहोस्!''

ट्रम्पको यो आकस्मिक घोषणापछि अमेरिकी मिडिया 'एक्सियोस' सँगको संक्षिप्त कुराकानीमा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले प्रतिक्रिया दिँदै भने, ''यो घोषणा मेरो लागि बिलकुलै नयाँ खबर हो। तर यदि राष्ट्रपति ट्रम्पले मस्कोसँग यस्तो सहमति गराउनुभएको हो भने कृपया हामीलाई यो युद्धविराम कहिलेदेखि शुरु हुन्छ भनिदिनुहोस्। हामी रूसी सहमति भएमा यसलाई स्वीकार्न पूर्ण रूपमा तयार छौं।''

यसअघि एबीसीको 'दिस वीक' कार्यक्रममा बोल्दै जेलेन्स्कीले रूसले युक्रेनी ऊर्जा संरचनामा आक्रमण रोकेमा युक्रेनले पनि रूसी आयल रिफाइनरीहरूमा आक्रमण गर्न बन्द गर्ने स्पष्ट पारेका थिए। उनले ट्रम्प प्रशासनको दबाबबारे टिप्पणी गर्दै भनेका थिए, ''अन्य पक्षहरूलाई दबाब दिनुभन्दा पुटिनलाई रोक्नु धेरै गाह्रो काम हो।''

ट्रम्पको यो दाबी युक्रेन र ट्रम्प प्रशासनबिच विगत केही दिनदेखि चर्किएको कूटनीतिक तनावका बिच आएको हो। शुक्रवार ट्रम्पले विश्वव्यापी रूपमा अकाशिँदो इन्धनको मूल्य घटाउने प्रयास स्वरूप रूसी डिजेल निर्यातमाथिको प्रतिबन्ध खुकुलो पार्ने घोषणा गरेका थिए, जसप्रति युक्रेनले कड़ा आपत्ति जनाएको थियो।

लगत्तै शनिवार ट्रम्पले जेलेन्स्कीमाथि युद्ध अन्त्य गर्ने अवसरहरू अस्वीकार गरेको आरोप लगाउँदै युक्रेनले नयाँ राष्ट्रपति चयन गर्नुपर्ने अभिव्यक्ति दिएका थिए। जवाफमा जेलेन्स्कीले रूस ६० दिनको युद्धविराममा सहमत भए युक्रेन चुनाव गराउन तयार रहेको बताएका थिए।

रूसलाई नेटोको सैन्य चेतावनी

मस्को, १३ अक्टोबर: रूसबाट बढ्दो सुरक्षा चुनौती र युक्रेनका समर्थक देशविरुद्ध तोड़फोड़ तथा हस्तक्षेपका घटना बढ़िरहेका बेला उत्तर एटलान्टिक सन्धि सङ्गठन (नेटो) का शीर्ष सैन्य कमान्डरले रूसलाई सम्भावित आक्रमणको सामना गर्न गठबन्धन सक्षम रहेको सन्देश दिने तयारी गरेका छन्। नेटोका सर्वोच्च सहयोगी कमान्डर युरोप अमेरिकी जनरल एलेक्सस ग्रिन्केविचले पोल्याण्डको वार्सामा सुरक्षा सम्मेलनमा गठबन्धनको 'विजयको सिद्धान्त' प्रस्तुत गर्ने अधिकारीहरूले बताएका छन्। यसले आक्रमणको प्रतिरोध र आवश्यक परे त्यसलाई परास्त गर्ने नेटोको क्षमता स्पष्ट पार्ने अपेक्षा गरिएको छ। जर्मनीको विमानस्थलमा विस्फोटक पदार्थ बोकेको ड्रोन फेला परेपछि युरोपमा रूसको गतिविधिबारे चिन्ता बढ़ेको छ। पश्चिमी अधिकारीहरूले युक्रेनका समर्थक देशविरुद्ध मस्कोले तोड़फोड़ र हस्तक्षेपजस्ता गतिविधि बढ़ाएको आरोप लगाएका छन्।

रूसको सम्भावित आक्रमण रोक्न नेटोले आफ्नो रक्षा योजना गोप्य राख्दै आएको छ। नयाँ सम्बोधनबाट रणनीतिका विस्तृत विवरण सार्वजनिक हुने सम्भावना कम भए पनि यसले रूसलाई चेतावनी दिनुका साथै पूर्वी सदस्य राष्ट्रलाई आश्वस्त पार्ने अपेक्षा गरिएको छ।

यसैबिच, अमेरिकी रक्षा मन्त्रालयले युरोपमा तैनाथ आफ्ना सेनाको सङ्ख्या र भूमिकाबारे समीक्षा गरिरहेको छ। अमेरिकी सेना कटौती हुन सक्ने चिन्ताबिच युरोपेली देशहरूले आफ्ना सैन्य क्षमता सुदृढ़ बनाउन प्रयास तीव्र पारेका छन्। समीक्षाको नतिजा वर्षको अन्त्यसम्म सार्वजनिक हुने अपेक्षा गरिएको छ।

रूसबाट युरोपमा ३२० अरब डलरको ऊर्जा आयात

मस्को, १३ अक्टोबर: युक्रेनमाथि रूसको आक्रमणपछि प्रतिबन्ध लगाए पनि युरोपेली सङ्घ (ईयू) का सदस्य राष्ट्रहरूले सन् २०२२ देखि हालसम्म रूसबाट ३२० अरू ७० करोड़ डलर मूल्यको ऊर्जा आयात गरेका छन्। रूसी उपप्रधानमन्त्री अलेक्जान्डर नोभाकले सोमवार उक्त अवधिमा युरोपेली सङ्घका देशहरूमा सो मूल्यको ऊर्जा आपूर्ति गरिएको बताए। उनका अनुसार सन् २०२६ को पहिलो नौ महिनामा मात्रै २१ अरब ३० करोड़ डलरको रूसी हाइड्रोकार्बन खरिद भएको छ। उनले प्रतिबन्धका बाबजुद केही क्षेत्रमा प्राप्त छुटका आधारमा ऊर्जा आपूर्ति जारी रहेको र यस वर्षको अन्त्यसम्ममा रूसी तेल निर्यात युद्धपूर्वको स्तरमा पुग्न सक्ने बताए।

स्विडेनकी विदेशमन्त्री मारिया माल्मर स्टेनरगार्डले भने रूसबाट ऊर्जा आयातमा भएको खर्च युक्रेनलाई उपलब्ध गराइएको सहयोगभन्दा बढ़ी रहेको बताइन्। युक्रेनमा युद्ध शुरु भएदेखि युरोपेली सङ्घले २१८ अरब ७० करोड़ युरो अर्थात् २४४ अरब डलर सहयोग दिएको उनले उल्लेख गरिन्। रोक्का गरिएका रूसी सम्पत्ति प्रयोग गर्न सके युक्रेनलाई दिइएको सहयोग झण्डै दोब्बर बनाउन सकिने उनको भनाइ थियो। युरोपेली सङ्घले रूसमाथि विभिन्न प्रतिबन्ध लगाए पनि फ्रान्सलगायतका देशले तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) आयात गरिरहेका छन्। स्लोभाकिया र हङ्गेरीले पाइपलाइनबाट आउने रूसी तेल खरिदमा छुट पाएका छन्। भारत र टर्कीजस्ता देशमा प्रशोधन गरी युरोप पुऱ्याइने रूसी उत्पादन भने प्रत्यक्ष आयातको आँकड़ामा समावेश छैन। यी देश र चीनले सन् २०२२ देखि रूसी कच्चा तेलको खरिद बढ़ाएका छन्। सैबीच, रूसी डिजेल आयात गर्न अमेरिकालाई अनुमति दिने सम्झौताको युरोपेली देशहरूले आलोचना गरेका छन्।

रूसविरुद्ध थप निर्णायक कदम चाल्न अमेरिका र युरोपलाई पोल्याण्डको आग्रह

वार्सा, १३ अक्टोबर: पोल्याण्डका प्रधानमन्त्री डोनाल्ड टस्कले युक्रेनमाथि रूसको आक्रमण पाँचौं जाड़ोमा प्रवेश गर्न लाग्दा रूसलाई नियन्त्रणमा राख्न अमेरिका र युरोपेली देशहरूले थप निर्णायक कदम चाल्नुपर्ने बताएका छन्। सोमवार वार्सा सुरक्षा फोरमलाई सम्बोधन गर्दै टस्कले रूसका राष्ट्रपति भ्लादिमिर पुटिनलाई स्पष्ट सन्देश दिन सम्पूर्ण पश्चिमी राष्ट्र एकजुट हुनुपर्नेमा जोड़ दिए। उनले विशेषगरी रूसमाथिका प्रतिबन्ध थप कड़ा बनाउनुपर्ने सङ्केत गरे। ''युरोप र संयुक्त राज्य अमेरिकासहित सम्पूर्ण पश्चिमले रूस र पुटिनलाई थप निर्णायक उपायमार्फत रूसलाई नियन्त्रण गर्ने नीति अपनाउन तयार रहेको देखाउनुपर्ने बेला आएको छ'', टस्कले भने।

उनले यसै साता हुने युरोपेली शिखर सम्मेलनअघि रूसविरुद्धका प्रतिबन्ध थप कड़ा बनाउने विषयमा गम्भीर छलफल गर्न युरोपेली साझेदारलाई आग्रह गर्न आफू ब्रसेल्स जाने बताए। रूससँग सीमा जोडिएको नेटो र युरोपेली सङ्घ सदस्य पोल्याण्ड सन् २०२२ मा रूसले युक्रेनमाथि पूर्णस्तरको आक्रमण शुरु गरेदेखि नै कीवको प्रमुख सहयोगी रहँदै आएको छ। पोल्याण्डले युक्रेनलाई महत्वपूर्ण सैन्य तथा मानवीय सहायता प्रदान गर्दै आएको छ। पोल्याण्डले आफ्नो भूमिमा तोड़फोड़का गतिविधि र हाइब्रिड युद्ध सञ्चालन गरेको आरोप पनि रूसमाथि लगाउँदै आएको छ। मस्कोले यी आरोप अस्वीकार गर्दै आएको छ।

गत सेप्टेम्बरमा टस्कले युक्रेनविरुद्धको युद्धमा रूसको रणनीतिमा वार्सासहित कीवका सहयोगीलाई लक्षित गरी हाइब्रिड गतिविधि तथा ड्रोन र क्षेप्यास्त्र आक्रमण गर्ने योजना समावेश हुन सक्ने चेतावनी दिनुभएको थियो। युरोप समर्थक मध्यमार्गी नेता टस्कले पोल्याण्ड युक्रेनको दृढ़ सहयोगी रहने प्रतिबद्धता दोहोऱ्याउँदै अन्य पश्चिमी

राष्ट्रलाई पनि कीवको समर्थनमा एकजुट हुन आग्रह गरेका छन्। उनको पछिल्लो अभिव्यक्ति अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रूस र युक्रेनबीच ऊर्जा पूर्वाधारमा आक्रमण रोक्ने युद्धविरामबारे घोषणा गरेको भनिएको घटनाक्रमपछि आएको हो। उक्त घोषणाको विस्तृत विवरण सार्वजनिक नभएपछि कीवमा आश्चर्य र मस्कोमा मौनता देखिएको समाचारमा उल्लेख छ।

वार्सा सुरक्षा फोरममा टस्कले युक्रेनको युद्धलाई अस्तित्वको लड़ाइँका रूपमा चित्रण गरे। ''यदि युक्रेन लड़िरहेको छ भने त्यो आफ्नो अस्तित्वका लागि लड़िरहेको छ। रूस भने प्रभुत्वका लागि लड़िरहेको छ'', उनले भने। उनले दोस्रो विश्वयुद्धअघि नाजी प्रचारले पोल्याण्डलाई जर्मनीको आक्रमणका लागि जिम्मेवार देखाउने प्रयास गरेको इतिहास स्मरण गर्दै अहिले मस्कोबाट पनि त्यस्तै प्रचार सुनिन थालेको बताए। ''आज हामी मस्कोमा ठ्याक्कै त्यही कुरा सुनिरहेका छौं र दुर्भाग्यवश, हाम्रा केही राजधानीमा पनि यस्तो आवाज बढ्दै गएको छ'', टस्कले भने।

अमेरिका–रूस डिजेल सम्झौता 'अस्वीकार्य': जर्मन चान्सलर मेज

बर्लिन, १३ अक्टोबर: जर्मन चान्सलर फ्रेडरिक मेर्जले अमेरिका र रूसबीच डिजेल इन्धन निर्यातसम्बन्धी हालै भएको सम्झौता जर्मनी र युरोपका लागि 'अस्वीकार्य' रहेको बताए। सोमवार बर्लिनमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै मेर्जले जर्मनीले रूसमाथि लगाइएका प्रतिबन्धको पालना गरिरहेको स्पष्ट पारे। यसका साथै, उनले युक्रेनलाई निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। मेर्जले युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले जर्मनी र समग्र युरोपमाथि पूर्ण भरोसा गर्न सक्ने पनि बताए। गत शुक्रवार रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग टेलिफोन वार्ता गरेका थिए। वार्तापछि ट्रम्पले रूसले अमेरिका तथा विश्व बजारमा डिजेल इन्धन आपूर्ति गर्ने विषयमा पुटिनसँग सहमति भएको घोषणा गरेका थिए। यसैबीच, शनिवार रूसी सरकारले सन् २०२६ को शुरुदेखि लागू हुँदै आएका डिजेल इन्धन निर्यातसम्बन्धी प्रतिबन्ध आंशिक रूपमा हटाएको थियो।

रूसको सैन्य उद्योगलाई लक्षित गर्दै ईयूका नयाँ प्रतिबन्ध

मस्को, १३ अक्टोबर: युरोपेली सङ्घ (ईयू)का विदेशमन्त्रीले रूसको सैन्य–औद्योगिक क्षेत्रलाई लक्षित गर्दै करिब एक हजार ६०० नयाँ प्रतिबन्ध लगाउने निर्णय गरेका छन्। ईयूकी विदेश नीति प्रमुख काजा कालासले सोमवार उक्त जानकारी दिएकी हुन्। सामाजिक सञ्जाल एक्समा पोस्ट गर्दै कालासले नयाँ प्रतिबन्ध सूचीमा समावेश गरिएका विषयमध्ये आधाभन्दा बढ़ी रूसको ब्यालिस्टिक क्षेप्यास्त्र उत्पादन शृङ्खलासँग सम्बन्धित रहेको बताइन्। रूस–युक्रेन युद्ध शुरु भएयता ईयूको प्रतिबन्ध सूचीमा गरिएको यो सबैभन्दा ठूलो विस्तार भएको पनि उनले उल्लेख गरिन्। नयाँ प्रतिबन्धको उद्देश्य युक्रेनविरुद्ध प्रयोग गरिने हतियार उत्पादन गर्ने रूसको क्षमतालाई कमजोर बनाउनुका साथै हतियार उत्पादन प्रक्रिया कठिन, सुस्त र महँगो बनाउनु रहेको कालासले बताइन्।

लक्जमबर्गमा हुने ईयूको विदेश मामिला परिषद्को बैठकअघि बोल्दै उनले नयाँ प्रतिबन्धले युक्रेनका कब्जा गरिएका भू–भागमा रूसले गराएका भनिएका 'नक्कली निर्वाचन'को विषयलाई समेत सम्बोधन गर्ने जानकारी दिइन्। कालासले युद्ध अन्त्य गर्न रूसमाथि निरन्तर दबाब कायम राख्नुपर्ने ईयूको अडान दोहोर्याइन्। उनले रूसविरुद्धका प्रतिबन्धका विषयमा अमेरिकासँग थप समन्वय गर्न पनि आग्रह गरिन्। अमेरिका र ईयूबिचको सहकार्यले मस्कोमाथिको दबाब थप प्रभावकारी बनाउने उनको भनाइ थियो।

अमेरिकी प्रस्तावबारे समीक्षा गर्दै इरान जवाफ दिने तयारीमा

तेहरान, १३ अक्टोबर: इरानले आफ्नो अड़ानको जवाफमा अमेरिकाले अघि सारेका पछिल्ला बुँदाको समीक्षा गरिरहेको जनाएको छ। समीक्षा पूरा भएपछि मध्यस्थकर्तामार्फत आफ्नो धारणा सार्वजनिक गरिने इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले बताएका छन्। तेहरानमा आयोजित साप्ताहिक पत्रकार सम्मेलनमा बाघाईले मध्यस्थकर्तामार्फत इरानलाई प्राप्त अमेरिकी जवाफबारे जानकारी दिएका थिए। उक्त जवाफ इरानको 'सातदिने योजना'सँग सम्बन्धित रहेको उनले बताए। सो योजनाले इरानका 'वैधानिक अधिकार' पुनःस्थापित गर्नुपर्ने माग गरेको उनको भनाइ थियो। इरानले संयुक्त राष्ट्रसङ्घको महासभाको ८१औं सत्रका क्रममा न्यूयोर्कमा मध्यस्थकर्तामार्फत अमेरिकासमक्ष शत्रुतापूर्ण गतिविधि अन्त्य गर्ने र होर्मुज जलसन्धि पुनः खोल्ने प्रस्ताव प्रस्तुत गरेको थियो। उक्त प्रस्तावलाई पछि 'सातदिने योजना'का रूपमा चिनिएको हो।

बाघाईले होर्मुज जलसन्धि पुनः खोल्न इरानले केही सर्त अघि सारेको बताए। ती सर्तमा अमेरिकी नौसैनिक नाकाबन्दी हटाउनुपर्ने, सबै मोर्चामा युद्ध अन्त्य गर्नुपर्ने र रोक्का गरिएका इरानी सम्पत्ति फुकुवा गर्नुपर्ने विषय समावेश छन्। उनका अनुसार यी सर्त जूनमा तेहरान र वाशिङटनबीच हस्ताक्षर भएको शान्तिसम्बन्धी समझदारीपत्र (एमओयू)मा पनि उल्लेख गरिएका थिए। इरानले आफ्ना सर्तमा कुनै परिवर्तन नगरेको र राष्ट्रिय अधिकारका विषयमा लचकता नअपनाउने बाघाईले स्पष्ट पार्नुभयो। अमेरिकाले यसअघि नै आफ्ना माग अघि सारेको र इरानको आणविक कार्यक्रम नै आफ्नो मुख्य चासोको विषय रहेको बताउँदै आएको पनि उनले उल्लेख गरे। यसैबिच इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव मोहसेन रेजाईले आइतवार अमेरिकाले होर्मुज जलसन्धि पुनः खोल्नेसम्बन्धी इरानका सात सर्तमध्ये केही स्वीकार गरेको बताउनुभएको थियो। यद्यपि, इरानका अन्य सर्तबारे अझै अनिश्चितता कायम रहेको उनको भनाइ थियो। यसअघि २८ फरवरीमा इजरायल र अमेरिकाले तेहरानसहित इरानका विभिन्न सहरमा संयुक्त आक्रमण गरेका थिए। त्यसको जवाफमा इरानले यस क्षेत्रका इजरायली तथा अमेरिकी सैन्य आधार र सम्पत्तिलाई लक्षित गर्दै क्षेप्यास्त्र तथा ड्रोन आक्रमण गरेको थियो। साथै, उसले होर्मुज जलसन्धिमाथिको नियन्त्रण थप कड़ा बनाएको थियो। समाचारमा उल्लेख भएअनुसार, ८ अप्रेलमा युद्धरत पक्षबीच युद्धविराम भएको थियो। त्यसपछि १८ जूनमा इरान र अमेरिकाले यस क्षेत्रमा जारी युद्ध सबै मोर्चामा अन्त्य गर्ने विषयमा समझदारीपत्रमा हस्ताक्षर गरेका थिए। उक्त सम्झौताअनुसार इरानको आणविक कार्यक्रम र प्रतिबन्ध हटाउने विषयमा अन्तिम सम्झौतामा पुग्न दुवै देशले ६० दिनभित्र अर्थात् अगस्ट १७ सम्म वार्ता गर्ने तय गरेका थिए। तर, बढ्दो तनावका कारण वार्तामा अपेक्षित प्रगति हुन सकेन।

हुथीको क्षेप्यास्त्र रोक्न नसकेपछि साउदीको हवाई प्रतिरक्षा प्रणालीमा प्रश्न

रियाद, १३ अक्टोबर: साउदी अरबले राजधानी रियादस्थित किङ खालिद अन्तरराष्ट्रिय विमानस्थलमा हुथी विद्रोहीले गरेको घातक आक्रमणको विषयमा अनुसन्धान थालेको छ। हुथीले प्रहार गरेको क्षेप्यास्त्रलाई हवाई प्रतिरक्षा प्रणालीले किन रोक्न सकेन भन्ने विषयमा अनुसन्धान केन्द्रित रहेको अन्तरराष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। इरानसमर्थित हुथी विद्रोहीले रियादस्थित किङ खालिद अन्तरराष्ट्रिय विमानस्थलमा गरेको आक्रमणबाट कम्तीमा १३ जनाको मृत्यु भएको छ। ३०० भन्दा बढ़ी घाइते छन्। प्रारम्भिक अनुसन्धानले हुथी विद्रोहीले पहिले धेरै ड्रोन प्रहार गरेर त्यसपछि क्रुज र ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार गरेको देखिएको छ। यमनबाट प्रहार गरिएका ड्रोन र क्षेप्यास्त्रले एक हजार किलोमिटरभन्दा बढ़ी दूरी पार गरेर रियाद विमानस्थललाई निशाना बनाएका थिए।

अनुसन्धानले आक्रमणको पूर्वसूचना हवाई प्रतिरक्षा प्रणालीले किन दिन सकेन भन्ने विषयलाई समेत समेटेको एसोसिएटेड प्रेस (एपी) ले जनाएको छ। प्रारम्भिक अनुसन्धानबाट हुथी विद्रोहीहरूसँग उड़ानका क्रममा दिशा परिवर्तन गर्नसक्ने वारहेड जड़ित क्षेप्यास्त्र तथा उन्नत हतियार प्रणाली रहेको बताइएको छ। यस्ता हतियारले साउदी अरबले प्रयोग गर्ने प्याट्रियटलगायतका क्षेप्यास्त्र प्रतिरक्षा प्रणालीलाई चुनौती दिएको ठानिएको छ। साउदी अरबका विमानस्थलमा भएका आक्रमणपछि खाड़ी क्षेत्रको हवाई सेवा प्रभावित

भएको छ। इत्तेहाद एयरवेज र कतार एयरवेजले साउदी अरबका विभिन्न सहरमा हुने उड़ान रद्द तथा स्थगित गरेका छन्। इत्तेहाद एयरवेजले अबुधाबीबाट साउदी अरबका रियाद, दमाम र जेद्दाह जाने तथा त्यहाँबाट फर्कने विभिन्न उड़ान रद्द गरेको जनाएको छ। कम्पनीको वेबसाइटअनुसार अबुधाबी–रियाद रुटका सबै उडान अक्टोबर १९ सम्म रद्द गरिएका छन्। अबुधाबी–दमाम रुटमा पनि उड़ान प्रभावित भएका छन्। सोमवारका केही उड़ान रद्द गरिएका छन् भने मङ्गलवार र बुधवारका सबै उड़ान स्थगित गरिएको कम्पनीले जनाएको छ।

कतार एयरवेजले पनि रियाद र दमाम जाने तथा त्यहाँबाट फर्कने उड़ान अस्थायी रूपमा स्थगित गरेको छ। १२ अक्टोबरमा अद्यावधिक गरिएको सूचनामा कम्पनीले साउदी अरबको अवस्थालाई सम्बन्धित निकायसँग समन्वय गरी निगरानी गरिरहेको जनाएको छ। प्रभावित यात्रुलाई आफ्नो उड़ानको अवस्था वेबसाइट वा मोबाइल एपबाट जाँच गर्न कम्पनीले आग्रह गरेको छ। उड़ानमा परिवर्तन भएका यात्रुलाई प्रत्यक्ष जानकारी गराइने पनि कम्पनीले जनाएको छ। रियादस्थित किङ खालिद अन्तरराष्ट्रिय विमानस्थल र दमामस्थित किङ फहद अन्तरराष्ट्रिय विमानस्थलमा पटक–पटक आक्रमण भएपछि हवाई सेवा प्रभावित भएको हो। आक्रमणपछि रियाद विमानस्थलको सुरक्षा अवस्था पुनः जाँच गर्न साउदी अरबले त्यहाँको सञ्चालन शनिवारसम्म स्थगित गरेको विवरणमा उल्लेख छ।

गत सातादेखि साउदी अरबका विभिन्न विमानस्थलमा भएका आक्रमणको शृङ्खलाले देशको हवाई सुरक्षा प्रणालीमा रहेका कमजोरी उजागर गरेको छ। सात महिनाभन्दा लामो समयदेखि जारी अमेरिका–इजरायल र इरानबीचको युद्धसँग जोड़िएको क्षेत्रीय द्वन्द्व थप फैलिने जोखिम पनि बढ़ेको छ। यद्यपि, साउदी नेतृत्वको गठबन्धनले सोमवार हुथी विद्रोहीले रियादतर्फ प्रहार गरेका दुईवटा ब्यालिस्टिक क्षेप्यास्त्र आकाशमै अवरोध गरी नष्ट गरेको जनाएको छ। सोमवार राति रियादमा कम्तीमा तीनवटा विस्फोटको आवाज सुनिएको थियो। त्यसपछि नागरिक सुरक्षा अधिकारीहरूले तत्कालका लागि खतरा टरेको बताएका थिए। तर, हुथी विद्रोहीले किङ खालिद अन्तराष्ट्रिय विमानस्थललाई निशाना बनाएका छन्। उनीहरूले मक्का र मदिनाका विमानस्थलबाहेक साउदी अरबका अन्य विमानस्थल असुरक्षित रहेको भन्दै अन्तरराष्ट्रिय वायुसेवा कम्पनीलाई चेतावनी समेत दिएका छन्। आक्रमणपछि रियाद विमानस्थल सोमवार पनि बन्द रहेको थियो। राजधानीको वित्तीय क्षेत्रमा कार्यरत कर्मचारीलाई घरबाटै काम गर्न भनिएको थियो।

एक युवाको सकारात्मक सोचले जन्मायो वीर शिवाजी हकी एकाडेमी

❑ निःशुल्क प्रशिक्षणबाट ५२ भन्दा बढी खेलाड़ी तयार

❑ खेलो इन्डिया कार्यक्रमबाट पनि प्रभावित गौरव अवस्थी

लखनउ, १३ अक्टोबर (हिस): खेलो इन्डियाका विभिन्न प्रतियोगिताहरू भइरहेका बेला उत्तर प्रदेशको राजधानी लखनउमा एक युवा सामाजिक कार्यकर्ताले कुनै प्रचार-प्रसारबिना हकी खेलाड़ीहरूको नयाँ पुस्ता तयार गरिरहेका छन्। सीमित स्रोतसाधनका बावजुद गौरव अवस्थीले आर्थिक रूपमा कमजोर परिवारका बालबालिकालाई निःशुल्क प्रशिक्षण प्रदान गर्दै आएका छन्। उनको प्रयासबाट तयार भएका ५२ भन्दा बढी खेलाड़ी विभिन्न खेल छात्रावास, खेल एकेडेमी तथा खेलकुद महाविद्यालयहरूमा छनोट हुन सफल भएका छन्। यस पहलको विशेष पक्ष के छ भने एकेडेमीमा प्रशिक्षण लिने बालबालिकाबाट कुनै शुल्क लिइँदैन। कतिपय बालबालिकाका परिवारले हकी खेलबारे सुनेका समेत थिएनन् भने उनीहरूलाई दैनिक खानपानको व्यवस्था गर्नसमेत कठिनाइ थियो। तर, अहिले यही एकेडेमीबाट प्रशिक्षण लिएका खेलाड़ीहरूले विभिन्न खेल संस्थामा आफ्नो स्थान बनाउन सफल भएका छन्। यस पहलको शुरुआत लखनउका युवा सामाजिक कार्यकर्ता गौरव अवस्थीले गरेका हुन्। उनी यसअघि एउटा खेल एकेडेमीसँग आबद्ध थिए। तर, आर्थिक रूपमा कमजोर परिवारका बालबालिकाका लागि काम गर्ने उनको चाहना त्यहाँ पूरा हुन सकेन। त्यसपछि उनले आफ्नै पहलमा नयाँ बाटो रोजे। आर्थिक स्रोत र आवश्यक सम्पर्कको अभाव भए पनि हकी खेलप्रतिको उनको लगावमा कुनै कमी थिएन। यही लगावका साथ उनले शुरुमा शिवाजी हकी एकेडेमी स्थापना गरे। त्यसपछि आफ्ना शुभचिन्तकहरूसँग मिलेर लखनउका विभिन्न टोल तथा पार्कहरूमा पुग्दै खेलप्रति रुचि भएका बालबालिकाको खोजी गर्न थाले। बालबालिकाको प्रतिभा पहिचान गरेपछि उनले उनीहरूका अभिभावकसँग भेटघाट गरी खेलकुदको महत्त्वबारे जानकारी गराए। आर्थिक रूपमा कमजोर परिवारका बालबालिकालाई एकेडेमीसँग जोड्नु उनका लागि सबैभन्दा ठूलो चुनौती थियो। तीमध्ये कतिपय बालबालिका सडकमा फोहोर टिपेर परिवारलाई आर्थिक सहयोग गरिरहेका थिए। अवस्थीले अभिभावकलाई सम्झाउँदै र बालबालिकालाई खेलप्रति प्रोत्साहित गर्दै उनीहरूलाई प्रशिक्षणमा सहभागी गराए। आवश्यक परेको अवस्थामा उनले केही परिवारलाई सहयोगसमेत गरे। गौरव अवस्थीका अनुसार निरन्तरको प्रयासपछि वीर शिवाजी हकी एकेडेमीका गतिविधिहरूले गति लिन थाले र प्रशिक्षण लिने बालबालिकाको सङ्ख्या पनि बढ्दै गयो।

प्रशिक्षकहरूले बालबालिकाको खेल कौशल निखार्न थाले। यद्यपि, प्रशिक्षणका क्रममा विभिन्न कठिनाइहरू आए र एकपटक प्रशिक्षण नै प्रभावित हुने अवस्था सिर्जना भयो। तर, अवस्थीले ती चुनौतीहरू पार गर्दै आफ्नो अभियानलाई निरन्तरता दिए। उनका

अनुसार, सबैभन्दा ठूलो समस्या खेलमैदानको उपलब्धता रहेको छ। यसअघि सरकारी खेलमैदानमा सहज रूपमा अभ्यास गराउन सकिन्थ्यो। तर, तीमध्ये केही मैदान सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडेलअन्तर्गत सञ्चालन गर्न निजी क्षेत्रलाई दिइएपछि बालबालिकालाई नियमित अभ्यास गराउन कठिनाइ भयो। त्यसपछि उनले निजी क्षेत्रका पार्क तथा खेलमैदानहरूमा प्रशिक्षण सञ्चालन गर्ने विकल्प रोजे। करिब एक दशकको निरन्तर मेहनतपछि २०२५ मा वीर शिवाजी हकी एकेडेमीले भारतीय हकी सङ्घबाट आबद्धता प्राप्त गर्न सफल भयो। यस एकेडेमीमा प्रशिक्षण लिएका कम्तीमा आधा दर्जन खेलाड़ी यसपटक विभिन्न खेल संस्थामा छनोट भएका छन्। गौरव अवस्थीका अनुसार, सबल सिंह सहारनपुरस्थित खेलकुद महाविद्यालयमा, विक्रमेन्द्र सिंह भारतीय खेल प्राधिकरणको बरेली केन्द्रमा, प्रिंशस चौधरी फतेहपुरस्थित खेलकुद महाविद्यालयमा, सौरभ भारती झाँसीस्थित खेल छात्रावासमा, कार्तिकेय द्विवेदी रामपुरस्थित राज्य खेल छात्रावासमा र धनञ्जय वाराणसीस्थित खेल छात्रावासमा छनोट भएका छन्। हालसम्म एकेडेमीबाट प्रशिक्षण लिएका कुल ५२ भन्दा बढ़ी खेलाड़ी विभिन्न खेल छात्रावास तथा खेल संस्थामा छनोट भइसकेका छन्। नोभेम्बरमा हनुमान कपको पाँचौं संस्करण

हकी खेललाई लोकप्रिय बनाउने, नयाँ खेलाड़ी तयार गर्ने तथा खेलाड़ीलाई सम्भव भएसम्म सहयोग गर्ने उद्देश्यले वीर शिवाजी हकी एकेडेमीले हनुमान प्रतियोगिता आयोजना गर्दै आएको छ। यसअघि चारवटा ठूला प्रतियोगिता सम्पन्न भइसकेका छन्। यस वर्ष नोभेम्बरमा 'हनुमान कप' नामबाट पाँचौं संस्करण आयोजना गरिने भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको खेलो इन्डिया कार्यक्रमबाट प्रभावित गौरव अवस्थीले खेलाड़ीलाई प्रशिक्षण दिन पर्याप्त खेलमैदान उपलब्ध नहुनु आफ्नो अभियानको मुख्य चुनौती रहेको बताएका छन्। मैदानको अभावका कारण थप खेलाड़ीलाई प्रशिक्षण दिन नसकिएको उनको भनाइ छ। आर्थिक सहयोगका सम्बन्धमा उनले दुई वर्षअघि राज्य सरकारबाट सहायता प्राप्त भएको जानकारी दिएका छन्। तर, हाल उनी आफ्नै स्रोतसाधनको भरमा हकी खेलका नयाँ प्रतिभालाई प्रशिक्षण दिन व्यस्त छन्।

अवस्थीका अनुसार, आठदेखि १० वर्ष उमेरका बालबालिकालाई खेलमा दक्ष बनाउन कम्तीमा चार वर्षसम्म निरन्तर प्रशिक्षण दिनुपर्ने हुन्छ। त्यसपछि मात्र उनीहरूले उच्चस्तरमा अघि बढ्ने अवसर प्राप्त गर्न सक्छन् र खेलप्रति उनीहरूको आत्मविश्वास पनि बढ्छ। सीमित स्रोतसाधनका बावजुद गौरव अवस्थीले अघि बढ़ाएको यो अभियानले आर्थिक अभावका कारण अवसरबाट वञ्चित बालबालिकालाई खेलकुदमा आफ्नो भविष्य निर्माण गर्ने बाटो खोलिदिएको छ। उनको सकारात्मक सोच र निरन्तर प्रयासबाट हरेक वर्ष नयाँ हकी खेलाड़ी तयार भइरहेका छन्।

हलिवुड अभिनेत्री ब्लेयर विमानभित्र कुटपिटको आरोपमा पक्राउ

न्युयोर्क, १३ अक्टोबर (हिस): हलिहुड अभिनेत्री सेल्मा ब्लेयरलाई जोन एफ.केनेडी अन्तारराष्ट्रिय विमानस्थलबाट पुलिसले हिरासतमा लिएको छ। लस एन्जलसबाट न्युयोर्क पुगेको डेल्टा एयरलाइन्सको विमान अवतरण गर्नासाथ अभिनेत्रीलाई पक्राउ गरिएको थियो। ब्लेयरमाथि उडानका क्रममा दुई जना विमान परिचारिकामाथि आक्रमण गरेको आरोप लागेको छ। यति मात्र होइन, ब्लेयरमाथि अस्पताल लैजाने क्रममा एक महिला पुलिस अधिकारी र अस्पतालमा एक जना नर्समाथि पनि कुटपिट गरेको आरोप लागेको छ। सीएनबीसीको रिपोर्टमा न्युयोर्क तथा न्युजर्सीको बन्दरगाह प्राधिकरणलाई उद्धृत गर्दै आइतवार राति करिब ११ बजी पुलिसले उनलाई पक्राउ गरेको उल्लेख छ। ब्लेयरसँगै घाइते विमान परिचारिकामध्ये एक जनालाई चिकित्सकीय जाँचका लागि अस्पताल लगिएको थियो। आक्रमणका क्रममा ब्लेयरले विमान परिचारिकाहरूलाई टोकेको बताइएको छ। पुलिसका अनुसार, जमैका



अस्पताल लैजाने क्रममा ब्लेयरले एक महिला पुलिस अधिकारीमाथि आक्रमण गरेकी थिइन्। एक जना नर्सले पनि अभिनेत्रीले आफूमाथि कुटपिट गरेको आरोप लगाएकी छन्। क्वीन्सस्थित एक अदालतमा सोमवार साँझ ब्लेयरविरुद्ध आक्रमणका दुईवटा आरोप तय गरिए। न्यायाधीशले उनलाई २० हजार अमेरिकी डलर नगद वा ६० हजार अमेरिकी डलरको धरौटीमा जमानत दिएका छन्। अदालतमा यस मुद्दाको अर्को सुनुवाइ १९ जनवरीमा हुनेछ। डेल्टा एयरलाइन्स र सङ्घीय अनुसन्धान ब्युरो (एफबीआई) ले यस घटनाबारे कुनै विवरण सार्वजनिक गरेका छैनन्। ५४ वर्षीया ब्लेयरले 'क्रुएल इन्टेन्सन्स', 'लिगली ब्लन्ड' र 'हेलब्वाय' लगायतका चलचित्रमा प्रमुख भूमिका निर्वाह गरेकी छन्। अदालतबाट जमानत पाएपछि उनका वकिलहरूले पनि सञ्चारमाध्यमसँग कुनै कुरा गरेनन्। स्रोतका अनुसार, घटनाका बेला ब्लेयरसँग एउटा कुकुर पनि थियो। उनका वकिल अस्पतालमा उनलाई भेट्न गए र कुकुरलाई आफूसँगै लिएर गए। ब्लेयरका एक प्रतिनिधिले उडानका क्रममा अभिनेत्रीले मानसिक समस्याको सामना गर्नुपरेको र त्यसैका कारण कथित घटना भएको बताएका छन्। उल्लेखनीय छ, ब्लेयरले २०१८ सालमा आफूलाई मल्टिपल स्क्लेरोसिस भएको जानकारी दिएकी थिइन्। ब्लेयरसँग यस्तो घटना भएको यो पहिलो पटक होइन। २०१६ सालमा क्यानकनबाट लस एन्जलस जाँदै गरेको एउटा उडानमा पनि उनले होहल्ला गरेकी थिइन्। उक्त घटनामा मदिरा र औषधि सेवन गरेपछि आफूलाई होस नरहेको खुलेको थियो। त्यसपछि उनले आफ्नो व्यवहारका लागि माफीसमेत मागेकी थिइन्।

त्रिणेनी राईको 'अ क्रोनिकल...

चलचित्र उद्योगमा आफ्ना परियोजनाहरू प्रस्तुत गर्न, साझेदारी निर्माण गर्न र लगानीका अवसरहरू खोज्न मञ्च प्रदान गर्दछ। एपीएम बुसान अवार्डले बजारमा प्रस्तुत गरिएका उत्कृष्ट सम्भावना बोकेका परियोजनाहरूलाई सम्मान गर्दछ भने सोरफण्ड अवार्डले नर्वेमा सहकार्य र निर्माणका अवसरमार्फत अन्तरराष्ट्रिय चलचित्र परियोजनाहरूलाई सहयोग पुऱ्याउँछ।

सिक्किम आक्रमण फाइनलमा...

स्थान पक्का गऱ्यो।

उत्कृष्ट प्रदर्शन गरेकोमा सिक्किम आक्रमणका नोहु सेडुलाई म्यान अफ् द म्याच घोषित गरियो।

खेलमा ग्रामीण विकास विभागका मन्त्री अरुण उप्रेती मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए भने मुख्यमन्त्रीका राजनीतिक सचिव जेकब खालिङ विशिष्ट अतिथिका रूपमा सहभागी थिए।

यसैबीच, बुधवार सम्पन्न हुने दोस्रो सेमिफाइनलमा अर्थात् भोलि सिङ्लिङ स्पोर्टिङ क्लब र शिलङ लाजोङबीच स्पर्धा हुनेछ। दुवै टोली फाइनलमा स्थान बनाउन मैदानमा उत्रिनेछन्।

माचोङ प्राथमिक स्वास्थ्य केन्द्रका...

स्वास्थ्य तथा परिवार कल्याण विभागले स्वीकृति नदिएको स्पष्ट पारेको छ।

विभागले अपुष्ट सूचनाहरूको प्रसारप्रति चिन्ता व्यक्त गर्दै यस्ता गतिविधिले सर्वसाधारणमा अनावश्यक भ्रम सिर्जना गर्न सक्ने तथा जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न निरन्तर खटिरहेका स्वास्थ्यकर्मीहरूको मनोबलमा प्रतिकूल असर पार्न सक्ने जनाएको छ।

विभागले यस्ता कुनै पनि सूचना प्रसारित वा साझा गर्नुअघि सम्बन्धित अधिकारीहरूबाट तथ्यहरूको पुष्टि गर्न सर्वसाधारणलाई आग्रह गरेको छ। भ्रामक वा आधारहीन आरोपहरूको प्रसार आपत्तिजनक रहेको उल्लेख गर्दै विभागले यस्ता गतिविधिले विभाग र सरकारप्रतिको जनविश्वासमा अनावश्यक रूपमा असर पार्न सक्ने चेताउनी दिएको छ।

स्वास्थ्य तथा परिवार कल्याण विभागले सार्वजनिक हितका लागि पारदर्शिता, जवाफदेहिता र स्वास्थ्य सेवाको निरन्तर सुधारप्रति आफ्नो प्रतिबद्धता दोहोऱ्याएको छ।

मुख्यमन्त्री गोलेले सिक्किमका...

सिक्किमको प्रगतिमा अर्थपूर्ण उपलब्धि हासिल होस् भन्ने कामना गरेका छन्।

यसैगरी, मुख्यमन्त्री गोलेले तमिलनाडुको राज्यपालका रूपमा नियुक्त राजेन्द्र विश्वनाथ अर्लेकर, ओडिसाको राज्यपालका रूपमा नियुक्त ब्रज मोहन, कर्नाटकको राज्यपालका रूपमा नियुक्त डा. सुधा यादव तथा उत्तराखण्डको राज्यपालका रूपमा नियुक्त डा. दलसिंह बिसेनलाई पनि हार्दिक बधाई तथा शुभकामना व्यक्त गरेका छन्।

मुख्यमन्त्रीले सबै नवनियुक्त राज्यपालहरूलाई आ-आफ्नो संवैधानिक जिम्मेवारी सम्हाल्ने क्रममा शक्ति, विवेक, सुस्वास्थ्य र सफलताका लागि शुभकामना दिएका छन्। उनीहरूका कार्यकाल समर्पित जनसेवा, संवैधानिक मूल्यमान्यता, समावेशी विकास तथा राष्ट्रको प्रगति, समृद्धि र एकतामा अर्थपूर्ण योगदानका लागि स्मरणीय बनोस् भन्ने कामनासमेत गरेका छन्।

मन्त्री दाहालद्वारा जङ्गु समष्टिमा...

अपेक्षा गरिएको छ। यो परियोजना लेप्चा समुदाय र जङ्गुको समृद्ध ऐतिहासिक तथा सांस्कृतिक विरासतको संरक्षण र प्रवर्द्धन गर्ने दिशामा एक महत्त्वपूर्ण पहलको रूपमा अघि बढ़ाइएको हो।

मन्त्री दाहालले आफ्नो भ्रमणको क्रममा समय निकालेर जङ्गुको लिङ्थेमस्थित सरकारी जुनियर हाई स्कूलमा भइरहेको लिङ्थेम ल्याङ च्यालेञ्ज कपमा पनि सहभागिता जनाए। उनीसँगै मन्त्री लेप्चा र अन्य विशिष्ट व्यक्तिहरूको पनि उपस्थिति रहेको थियो। भ्रमणमा आएका विशिष्ट अतिथिहरूलाई जिल्ला पञ्चायत सदस्य निम्चुङ लेप्चा, लिङ्थेम जुनियर हाई स्कूलकी प्रधान अध्यापक जेजे लेप्चा र अन्य पञ्चायत प्रतिनिधिहरूले न्यानो स्वागत जनाए।

सड़क तथा पुल विभागका मन्त्रीले सम्बन्धित क्षेत्रका विधायकसँगै गरेको जङ्गुको यस भ्रमणले जिल्लामा सड़क तथा सम्बन्धित पूर्वाधार निर्माण कार्यलाई तीव्रता दिने, समग्र सम्पर्क सञ्जालमा सुधार ल्याउने र यस क्षेत्रको विकासलाई अघि बढ़ाउने राज्य सरकारको प्रतिबद्धतालाई थप बलियो बनाएको छ।

मुख्यमन्त्रीले भोलि लुङ्चोकमा...

हाम्रो सरकारले एउटा बृहत् दृष्टिकोण अघि बढ़ाइसकेको छ, जसले वैकल्पिक उपचार र स्वास्थ्य सेवा प्रवर्द्धन मात्र गर्नेछैन, बरू मानिसहरूको खुशी र कल्याणमा पनि योगदान पुऱ्याउनेछ''-ढुङ्गेलले भने।

यो संस्था लुङ्चोकस्थित पहाड़को टुप्पोमा विकास गरिँदैछ, जहाँबाट वरिपरिका पहाड़ र हरियालीको मनमोहक दृश्य देख्न सकिन्छ। यस रमणीय स्थानले समग्र स्वास्थ्य लाभ र नवजीवनको खोजीमा आउने बिरामी तथा आगन्तुकहरूको अनुभवलाई अझ उत्कृष्ट बनाउने अपेक्षा गरिएको छ।

ढुङ्गेलले यस परियोजनामार्फत स्थानीय युवाहरूका लागि सिर्जना हुने रोजगारीका अवसरहरूबारे पनि प्रकाश पारे। रोजगारी सिर्जना गर्नुका साथै यस संस्थाले प्राकृतिक चिकित्सा, होमियोप्याथी र आयुर्वेदजस्ता वैकल्पिक चिकित्सा प्रणालीमार्फत स्वास्थ्य सेवाको क्षेत्रमा करियर बनाउन चाहने विद्यार्थीहरूका लागि नयाँ अवसरहरूको ढोका खोल्न सक्छ।

उनले सरकारले यस संस्थाको परिसरभित्रै औषधीय वनस्पतिहरूको पारिस्थितिक प्रणाली विकास गर्ने योजना बनाएको पनि बताए। सिक्किममा पाइने औषधीय वनस्पति र बहुमूल्य वनस्पति प्रजातिहरूको विविधतालाई ध्यानमा राख्दै प्रस्तावित यस पहलले औषधीय वनस्पतिहरूको संरक्षण र उपयोगलाई प्रवर्द्धन गर्ने तथा बिरामी र आगन्तुकहरूलाई यस क्षेत्रमा उपलब्ध प्राकृतिक स्रोतसाधनबाट लाभान्वित हुन सघाउने अपेक्षा गरिएको छ।

मन्त्रीले आगामी वर्षहरूमा यस संस्थाले सिक्किममा वेलनेस टुरिजम (स्वास्थ्य तथा कल्याण पर्यटन)-लाई प्रवर्द्धन गर्नुका साथै राज्यको अर्थतन्त्र र राजस्व सङ्कलनमा योगदान पुऱ्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताए।

उनले पाकिम जिल्लाको लुङ्चोकमा होलिस्टिक इन्स्टिट्युट अफ् आयुर्वेद एण्ड वेलनेस सेन्टरको स्थापनाले पाकिम जिल्लाका बासिन्दाहरूलाई मात्र नभएर सम्पूर्ण सिक्किमका जनतालाई लाभ पुऱ्याउने विषयमा जोड़ दिए।

यो परियोजना समग्र स्वास्थ्य सेवा, स्वास्थ्य पर्यटन, औषधीय वनस्पति संरक्षण र रोजगारी सिर्जनाको एक महत्त्वपूर्ण केन्द्रका रूपमा स्थापित हुने अपेक्षा गरिएको छ, जसले प्रकृतिमा आधारित स्वास्थ्य तथा उपचारको गन्तव्यका रूपमा सिक्किमको स्थितिलाई अझ सुदृढ़ बनाउनेछ।

दुर्गा पूजा २०२६: राजगञ्जको पाल परिवारको प्राचीन पूजामा अष्टमीकै दिन हुन्छ सिन्दूर खेला

हावडा, १३ अक्टोबर (हिस): करिब दुई शताब्दी पुरानो दुर्गापूजाको परम्परा, पुर्खाको विरासत र हृदयविदारक घटनाको स्मृति। हावडाको संकराइल थानाअन्तर्गत राजगञ्जस्थित पाल परिवारको दुर्गापूजा यी सबैको अद्वितीय सङ्गम हो। समयसँगै यस पूजाको पुरानो भव्यता केही कम भए पनि परम्परागत रीतिरिवाज तथा धार्मिक अनुष्ठानको पालनमा आज पनि कुनै कमी आएको छैन। यस पूजाको सबैभन्दा विशेष पक्ष के हो भने यहाँ बङ्गालका अन्य भागहरूमा जस्तो दशमीमा नभई अष्टमीकै दिन सिन्दूर खेला गरिन्छ। यसका पछाड़ि परिवारका एक युवा सदस्यको असामयिक मृत्युसँग जोडिएको मार्मिक कथा छ।

पाल परिवारको घरको अघाड़िबाट गङ्गा नदी बग्छ। शरद ऋतुमा गङ्गाबाट आउने चिसो हावासँगै काशका फूल र शिउलीको सुगन्धले यस घरको ठाकुरदलानमा देवीको आगमनको सन्देश लिएर आउँछ। दुर्गापूजाको अवसर यस परिवारका लागि पारिवारिक मिलनको पर्व पनि हो। अन्य जिल्लाहरू, छिमेकी राज्यहरू र विदेशमा बसोबास गर्ने परिवारका सदस्यहरू प्रत्येक वर्ष यस उत्सवमा सहभागी हुन फर्किन्छन्।

राजगञ्जमा गङ्गाको किनारमा अवस्थित विशाल महलजस्तो भवन र त्यससँगै जोड़िएको फराकिलो ठाकुरदलान यस परिवारको ऐतिहासिक विरासतका साक्षी हुन्। करिब १८८ वर्षअघि गङ्गाको कटानका कारण पुरानो घर नदीमा समाहित भएपछि परिवारका पुर्खा तथा जमिनदार नफरचन्द्र पालले वर्तमान भवन निर्माण गराएका थिए।

परिवारका सदस्य स्वरूप पालका अनुसार, यस दुर्गापूजाको शुरुआत नफरचन्द्र पालका पिता चुड़ामणि पालले गरेका थिए। चुड़ामणि पाल आन्दुल राजबाडीका दीवान थिए। उनको कामबाट प्रसन्न भएर राजाले पुरस्कारस्वरूप उनलाई धेरै जग्गा करमुक्त रूपमा दिएका थिए। साथै, वरपरका क्षेत्रहरूमा जमिनदारीको जिम्मेवारी पनि सुम्पिएका थिए। यही समयमा परिवारमा दुर्गापूजाको शुरुआत भएको थियो।

यद्यपि, पाल परिवारको आर्थिक समृद्धि नफरचन्द्र पालको समयमा बढेको थियो। जमिनदारीसँगै उनले व्यवसाय पनि शुरु गरेका थिए। एनसी पालका नामले समेत चिनिने नफरचन्द्र पालले उत्पादन गरेका इँटाहरूको ख्याति बेलायतसम्म पुगेको थियो। ब्रिटिस शासनकालमा समेत यी इँटाहरूको प्रयोग हुन्थ्यो। उनकै समयमा परिवारको दुर्गापूजाको विस्तार भएको थियो।

नफरचन्द्र पालले भविष्यको आवश्यकतालाई ध्यानमा राख्दै पूजाको सुचारु सञ्चालनका लागि देवोत्तर इस्टेट स्थापना गरेका थिए। परिवारका विभिन्न व्यावसायिक प्रतिष्ठानहरूबाट वर्षभरि यसमा रकम जम्मा गरिन्छ। यही व्यवस्थाको सहारामा आज पनि पाल परिवारको दुर्गापूजा आयोजना हुँदै आएको छ।

परिवारको दुर्गा प्रतिमा एकचाला शैलीको छ र यसलाई परम्परागत डाकको सजावटले सजाइन्छ। प्रतिमा निर्माण ठाकुरदलानमै गरिन्छ। पुरोहितदेखि ढाक बजाउने व्यक्तिसम्म, सबै पुस्तौंदेखि यस पूजाको हिस्सा बन्दै आएका छन्। महालयादेखि चण्डीपाठ सुरु हुन्छ। वैष्णव परम्पराअनुसार पूजा गरिने भएकाले यहाँ पशुबलि दिइँदैन। सन्धिपूजाका क्रममा माटाका १०८ वटा दीप प्रज्वलित गरिन्छन्। देवीलाई घरमै तयार पारिएको बुन्दी तथा अन्य मिठाइको भोग अर्पण गरिन्छ। तर यस पूजाको सबैभन्दा विशिष्ट र भावुक बनाउने परम्परा अष्टमीका दिन गरिने सिन्दूर खेला हो। बङ्गालमा सामान्यतया विजयादशमीका दिन विवाहित महिलाहरूले एकअर्कालाई सिन्दूर लगाएर देवीलाई बिदाइ गर्छन्। यसको विपरीत, पाल परिवारमा यो विधि अष्टमीकै दिन सम्पन्न गरिन्छ।

यसका पछाड़ि परिवारका एक सदस्यको असामयिक मृत्युको कथा छ। बताइएअनुसार, परिवारका एक युवा सदस्यको १८ वर्षको उमेरमै अष्टमीका दिन मृत्यु भएको थियो। घरको छोराको अचानक मृत्यु भएपछि सम्पूर्ण परिवार शोकमा डुबेको थियो। त्यसका बावजुद देवीको आराधनामा कुनै बाधा नआओस् भनेर त्यस दिन घरमै शव राखेर सिन्दूर खेलालगायत सबै धार्मिक अनुष्ठान पूरा गरियो र अष्टमीकै दिन देवीको विसर्जन गरियो। त्यस घटनापछि नै पाल परिवारमा अष्टमीका दिन सिन्दूर खेला गर्ने परम्परा सुरु भएको हो। यस विधिमा परिवारका महिलाहरूसँगै गाउँ तथा टाढ़ाटाढ़ाका क्षेत्रबाट आउने विवाहित महिलाहरू पनि सहभागी हुन्छन्। यसरी राजगञ्जको पाल परिवारको दुर्गापूजा इतिहास, आस्था र पारिवारिक स्मृतिको अनौठो दस्तावेज बनेको छ। उत्सवको खुसीपछाडि लुकेको दुःखद घटनाको स्मृति आज पनि यस परम्परामा जीवित छ। करिब दुई शताब्दीदेखि चलिआएको यस विरासतलाई कायम राख्न परिवारका ज्येष्ठ सदस्यहरूले नयाँ पुस्तालाई परम्परागत रीतिरिवाजबारे जानकारी गराउँदै आएका छन्।

बाङ्ग्लादेशमा दुर्गा पूजा पण्डालहरूको सुरक्षाको जिम्मा बीजीबीलाई

ढाका, १३ अक्टोबर (हिस): देशमा हिन्दु समुदायको सबैभन्दा ठूलो चाड शारदीय नवरात्रिका अवसरमा दुर्गा पूजा पण्डालहरूको सुरक्षाका लागि १६ देखि २२ अक्टोबरसम्म सीमा सुरक्षा बल बाङ्ग्लादेश (बीजीबी) का करिब १० हजार जवान तैनाथ गरिनेछ। बीजीबी मुख्यालयका लेफ्टिनेन्ट कर्णेल मोहम्मद महबुब मुर्शिद रहमानले यसबारे जानकारी दिएका हुन्। उनले पूजा आयोजक समितिहरूसँग समन्वय स्थापित गरिएको बताए। बीजीबीका यी जवानहरूले सीमा क्षेत्र र बटालियन मुख्यालयनजिक सजाइने २ हजार ७२७ वटा पूजा पण्डालको सुरक्षा गर्नेछन्।

ढाका ट्रिब्युनको रिपोर्टअनुसार, लेफ्टिनेन्ट कर्णेल रहमानले चाडपर्वका क्रममा शान्ति सुनिश्चित गर्न व्यापक सुरक्षा योजना तयार पारिएको बताए। यस अवधिमा जवानहरूले नियमित पेट्रोलिङ गर्नेछन्। गुप्तचर निकायहरूले पूजा पण्डालहरूको निगरानी गर्नेछन्। बीजीबीले स्थानीय प्रशासन, पुलिस तथा पूजा आयोजक समितिहरूसँग समन्वय स्थापित गरेको छ।

उनले भने, सम्भावित खतराको समयमै पहिचान, अफवाह तथा साम्प्रदायिक उत्तेजना फैलाउने गतिविधिप्रति सतर्कता र कुनै पनि अप्रिय घटनामा तत्काल कारबाही गर्नुलाई प्राथमिकता दिइएको छ। उनले बीजीबीले २ हजार ७२७ वटा पूजा पण्डाललाई सुरक्षा सहयोग उपलब्ध गराउने बताए। यसमा सीमाबाट आठ किलोमिटरको दायराभित्र तथा बटालियन मुख्यालयनजिक रहेका पण्डालहरू पनि समावेश छन्। दुर्गम तथा कठिन पहुँच भएका क्षेत्रहरूमा सघन पेट्रोलिङ र सहायता सुनिश्चित गर्न रणनीतिक स्थानहरूमा अस्थायी सुरक्षा शिविरसमेत स्थापना गरिनेछ। उनले ढाकाका सम्बन्धमा यस योजनाअन्तर्गत अहिलेसम्म कुनै निर्णय नगरिएको बताए। सरकारले दिने निर्देशनअनुसार कार्यान्वयन गरिनेछ। लेफ्टिनेन्ट कर्णेलले दुर्गा पूजालाई बाङ्ग्लादेशको साम्प्रदायिक सद्भाव र आपसी सम्मानको लामो परम्पराको प्रतीक बताउँदै हिन्दु समुदायका मानिसहरूले सुरक्षित र हर्षोल्लासका साथ यो चाड़ मनाउन सकून् भन्ने सुनिश्चित गर्न बीजीबी पूर्ण रूपमा तयार रहेको बताए।

बक्स अफिसमा 'दृश्यम: द कन्क्लुजन'को कमाइ घट्यो

मुम्बई, १३ अक्टोबर: अजय देवगनको फिल्म 'दृश्यम: द कन्क्लुजन' ले दोस्रो सप्ताहान्तमा शानदार कमाइ गरेपछि साताका कार्यदिवसमा आफ्नो गति गुमाएको छ। दोस्रो सोमबार फिल्मको कमाइमा ठूलो गिरावट आएको छ। यद्यपि, विश्वभर यसको कमाइ ५०० करोड़ रुपियाँको नजिक पुगेको छ। फिल्मले चाँडै नै यो आँकड़ा पार गर्न सक्ने सम्भावना छ। सैकनिल्कको प्रारम्भिक आँकडाअनुसार, फिल्मले प्रदर्शनको ११औँ दिन अर्थात् दोस्रो सोमवार भारतमा ६.२५ करोड़ रुपियाँ नेट कमाइ गरेको छ। यसअघि दोस्रो आइतबार फिल्मले २२.५० करोड़ रुपियाँ र शनिबार २६.५० करोड़ रुपियाँ कमाएको थियो। ११ दिनमा यसको घरेलु नेट कलेक्सन ३१५.२५ करोड़ रुपियाँ पुगेको छ। विदेशी बजारमा ११औँ दिन २.५० करोड़ रुपियाँ कमाइ गरेसँगै फिल्मको कुल विदेशी कारोबार १११.५० करोड़ रुपियाँ पुगेको छ। यसको विश्वव्यापी कमाइ अहिले ४८९.७४ करोड़ रुपियाँ रहेको बताइएको छ। अभिषेक पाठकको निर्देशनमा बनेको 'दृश्यम: द कन्क्लुजन' अजय देवगनको करियरको सबैभन्दा बढ़ी कमाइ गर्ने फिल्म बनेर उभिएको छ। यसले 'सिंघम अगेन' को ३७८.४० करोड़ रुपियाँ, 'तान्हाजी' को ३६७.६५ करोड़ रुपियाँ र 'दृश्यम २' को ३४३ करोड़ रुपियाँको विश्वव्यापी कमाइलाई पछाडि पारेको छ। फिल्ममा तब्बु, जयदीप अहलावत, श्रिया सरन, इशिता दत्ता र प्रकाश राज पनि महत्त्वपूर्ण भूमिकामा छन्। आगामी दिनमा यसले 'प्रहार' र रजनीकान्तको 'जेलर २' सँग बक्स अफिसमा प्रतिस्पर्धा गर्नुपर्नेछ।

एसआईसीबीद्वारा परामर्श तथा पहुँच विस्तार कार्यक्रमको आयोजना

कौशल विकास पहल र महत्त्वपूर्ण प्रकाशनहरू सार्वजनिक

नाम्ची, १३ अक्टोबर (आईपीआर): सिक्किम सरकारको कौशल विकास विभागको तत्त्वावधानमा राज्य क्षमता निर्माण संस्थान (एसआईसीबी)-ले मङ्गलवार कर्फेक्टारस्थित आफ्नो परिसरमा परामर्श तथा पहुँच विस्तार कार्यक्रम आयोजना गरेको छ। यस कार्यक्रमले कौशल विकास, व्यावसायिक तालिम र रोजगारीका अवसरमार्फत युवाहरूलाई सशक्त बनाउने राज्य सरकारको निरन्तर प्रतिबद्धतालाई उजागर गर्‍यो।

कार्यक्रममा सालघारी-जूमका विधायक तथा कौशल विकास एवं यातायात विभागका सल्लाहकार मदन सिञ्चुरी मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए। उनीसँगै मुख्यमन्त्रीका प्रेस सचिव योगेन तामाङ, सिक्किम राज्य खाद्य आयोगका अध्यक्ष डीबी रावत र कौशल विकास विभागका सचिव तुषार निखारेको पनि उपस्थिति रहेको थियो।

सभालाई सम्बोधन गर्दै मुख्य अतिथिले सिक्किमका युवाहरूलाई विभिन्न क्षेत्रमा कौशयुक्त बनाएर उनीहरूका लागि रोजगारीका फराकिलो अवसरहरू सुनिश्चित गर्ने मुख्यमन्त्री पीएस गोलेको दूरदर्शी सोचमाथि प्रकाश पारे। उनले विभिन्न रोजगारी क्षेत्रका आवश्यकताहरू पूरा गर्न सक्षम दक्ष जनशक्ति तयार पार्न कौशल विकास विभाग र एसआईसीबीले निरन्तर काम गरिरहेको बताए।

उनले एसआईसीबीअन्तर्गत् विभिन्न जीविकोपार्जन विद्यालयमा तालिम लिइरहेका प्रशिक्षार्थीहरूलाई इमानदारी, अनुशासन र समर्पणका साथ तालिममा सहभागी हुन प्रोत्साहित गरे। सकारात्मक र व्यावसायिक सोच विकास गर्ने महत्त्वमा जोड़ दिँदै उनले तालिमको पूर्ण सदुपयोग गर्न आग्रह गरे।

विधायकले उपलब्ध विभिन्न योजना र तालिम कार्यक्रमहरूबारे जनचेतना जगाउन आगामी दिनहरूमा विभागका पहलहरूको अझ व्यापक रूपमा प्रचार-प्रसार गरिने बताए। उनले व्यापक जनचेतनाले थप युवाहरूलाई कौशल विकास कार्यक्रमहरूमा भर्ना हुन र रोजगारीका विविध अवसरहरू खोज्न प्रोत्साहित गर्ने विश्वास व्यक्त गरे।

उनले प्रशिक्षार्थीहरूलाई तालिमको क्रममा सिकेका ज्ञान र व्यावहारिक कौशलहरूलाई आत्मसात गर्न र प्रयोगमा ल्याउन पनि आग्रह गरे साथै यी कुराहरू उनीहरूको व्यावसायिक जीवनभरि बहुमूल्य सम्पत्तिका रूपमा रहने कुरामा जोड़ दिए। यस अवसरमा बोल्दै कौशल विकास विभागका सचिव तुषार निखारेले कौशलमा आधारित तालिम प्रदान गरेर विभिन्न क्षेत्रमा रोजगारीको अवसर सिर्जना गरी सिक्किमका युवाहरूको जीवनमा परिवर्तन ल्याउने एक प्रमुख संस्थाका रूपमा विभागको भूमिकाबारे चर्चा गरे।

उनले कौशल विकासलाई प्रवर्द्धन गर्न र युवाहरूमाझ चेतना अभिवृद्धि गर्न विभागले निरन्तर नयाँ पहल अघि बढ़ाउने तथा तालिमका अवसर र सरकारी योजनाहरू आवश्यक पर्ने व्यक्तिहरूसम्म पुग्ने कुरा सुनिश्चित गर्ने बताए।

विकसित सिक्किम@४७ र विकसित भारत@४७ को परिकल्पना साकार पार्ने सामूहिक दायित्वमा जोड़ दिँदै सचिवले विकासका यी उद्देश्यहरू हासिल गर्न विभिन्न विभागबीच समन्वय र सहकार्यको महत्त्वबारे प्रकाश पारे।

उनले रोजगारीको खोजीमा रहेका युवाहरूलाई नियुक्ति केन्द्रमा सम्पर्क गरी आफ्नो रोजाइको करियर र रोजगारीका अवसरहरूका लागि आवश्यक कौशलहरू पहिचान गर्न र हासिल गर्न पनि प्रोत्साहित गरे।

अन्तरक्रिया कार्यक्रमको क्रममा सचिवले तालिमार्थीहरूसँग संवाद गर्नुका साथै उनीहरूको तालिमसम्बन्धी अनुभव, आवश्यकता र सुधारका लागि सुझाउ बुझ्ने प्रयास गरे। यसबाट प्राप्त सुझाउहरूले तालिमार्थीहरूका आकाङ्क्षा र आवश्यकतालाई अझ प्रभावकारी रूपमा सम्बोधन गर्ने उपयुक्त तालिम मोड्युलहरू विकास गर्न विभागलाई सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ।

कार्यक्रममा कौशल विकासको क्षेत्रमा विभिन्न महत्त्वपूर्ण प्रकाशनको विमोचन तथा प्रमुख पहलहरूको सार्वजनिक गर्ने कार्य पनि गरियो।

सिक्किममा दीन दयाल उपाध्याय ग्रामीण कौशल योजना (डीडीयू-जीकेवाई) अन्तर्गत तालिम प्राप्त उम्मेदवारहरूको सफलताका कथाहरू समेटिएको पत्रिका सार्वजनिक गरियो साथै डीडीयू-जीकेवाईअन्तर्गत एसआईसीबीद्वारा सञ्चालित स्किल ग्याप एण्ड स्किल निड्स एसेसमेन्ट सर्वे' नामक प्रतिवेदन पनि सार्वजनिक गरियो। यसका अतिरिक्त वित्तीय वर्ष २०२६-२०२७ का लागि सिक्किमका सबै छः वटा जिल्लाको जिल्ला विकास योजना पनि सार्वजनिक गरियो।

इण्डिया स्किल्स कम्पिटिशन २०२६-२७ का लागि टिम सिक्किमको आधिकारिक पोसाक पनि यस कार्यक्रममा सार्वजनिक गरियो, जसले राष्ट्रिय कौशल प्रतियोगितामा राज्यको सहभागितामा अर्को महत्त्वपूर्ण कोसेढुङ्गा थपेको छ।

संस्थागत दक्षता र डिजिटलीकरण सुदृढ़ पार्ने दिशामा अर्को कदमका रूपमा आन्तरिक एसआईसीबी व्यवस्थापन सूचना प्रणाली (एमआईएस) पोर्टलको पनि शुरुआत गरियो। यो पोर्टल एसआईसीबीका युवा पेशेवर प्रीतम शाह, सुदन सापकोटा र केसाङ शेर्पाद्वारा विकास गरिएको हो।

चुङ्थाङका एसडीएमद्वारा लाचुङमा आपदासम्बन्धी मक ड्रिल सम्पन्न

लाचुङ, १३ अक्टोबर: आपदाको समयमा विभिन्न निकायको तयारी, समन्वय र प्रतिक्रिया क्षमताको मूल्याङ्कन गर्न चुङ्थाङका महकुमा (एसडीएम) अधिकारी अरुण छेत्रीको निरीक्षणमा लाचुङस्थित एउटा होटलमा आपदा व्यवस्थापन सम्बन्धी मक ड्रिल सम्पन्न गरियो।

यस अभ्यासमा एसडीपीओ चुङ्थाङ चन्दन छेत्री, ३२७ फिल्ड अस्पतालका कमान्डिङ अफिसर अब्राहम लालछानाका साथै राष्ट्रिय आपदा प्रतिक्रिया बल (एनडीआरएफ), दमकल विभाग, लाचुङ पुलिस चौकी र चुङ्थाङ महकुमाको आपदा व्यवस्थापन टोलीका सदस्यहरूको सहभागिता रहेको थियो।

यस नमुना अभ्यासको उद्देश्य विभिन्न निकायबीचको समन्वयलाई सुदृढ़ पार्नु, आपतकालीन प्रतिकार्य संयन्त्रहरूको मूल्याङ्कन गर्नु र आपदाको अवस्थामा अपनाउनुपर्ने प्रक्रियाहरूबारे सहभागी टोलीहरूलाई जानकारी गराउनु रहेको थियो साथै यस अभ्यासले उद्धार, सुरक्षित स्थानमा स्थानान्तरण र आपतकालीन प्रतिकार्यका कार्यहरू सञ्चालन गर्न सम्बन्धित निकायहरूको तयारीको मूल्याङ्कन गर्ने अवसर पनि प्रदान गर्‍यो।

विशेषगरी लाचुङजस्तो जोखिमपूर्ण पहाड़ी क्षेत्रमा आपदाका बेला हुने जनधनको क्षति न्यूनीकरण गर्न तयारी, समयमै प्रतिक्रिया र सबै सरोकारवालाबीच समन्वयात्मक प्रयासको महत्त्वलाई यस अभ्यासले उजागर गर्‍यो।

मार्ताम खण्डमा समन्वय तथा परिचयात्मक बैठक सम्पन्न

गान्तोक, १३ अक्टोबर: गान्तोकका अतिरिक्त जिल्लापाल (विकास) चिरण रिजाल र उनको कार्यालयको टोलीले मार्ताम खण्डअन्तर्गत ब्लकस्तरीय अधिकारी तथा ग्राम पञ्चायत एकाइहरूसँग समन्वय तथा समीक्षा बैठक आयोजना गरेका छन्। यस बैठकको उद्देश्य विभिन्न सरकारी योजनाको प्रगतिको समीक्षा गर्नुका साथै प्रभावकारी कार्यान्वयन र सुधारिएको सार्वजनिक सेवा प्रवाहका लागि समन्वय सुदृढ़ पार्नु रहेको थियो।

बैठकमा मार्तामका खण्ड विकास अधिकारी सोनाम पाल्देन भोटियाका साथै पञ्चायत सदस्य, खण्ड अधिकारी र सम्बन्धित पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

बैठकको क्रममा सम्बन्धित अधिकारीहरूले मार्ताम खण्डअन्तर्गत कार्यान्वयन भइरहेका विभिन्न सरकारी योजना र विकास पहलहरूबारे अद्यावधिक जानकारी प्रस्तुत गरे। मार्ताम खण्डअन्तर्गत् चारैवटा ग्राम पञ्चायत एकाइ (जीपीयू)-का लागि तयार पारिएका ग्राम पञ्चायत विकास योजना जीपीडीपीका प्रतिवेदन सम्बन्धित पञ्चायत अध्यक्षहरूद्वारा गान्तोकका एडीसी (विकास) समक्ष औपचारिक रूपमा पेश गरियो।

यस बैठकले जारी विकासीय गतिविधिहरूको समीक्षा गर्ने, कार्यान्वयनसम्बन्धी विषयहरूमा छलफल गर्ने तथा सरकारी कार्यक्रमहरूको समयमै र प्रभावकारी कार्यान्वयनका लागि खण्ड प्रशासन, जीपीयू र सम्बन्धित विभागबीचको समन्वयको महत्त्वमा जोड़ दिने अवसर प्रदान गर्‍यो।

कार्यक्रमलाई सम्बोधन गर्दै गान्तोकका अतिरिक्त जिल्लापाल (विकास)-ले पनि सम्बोधन राखे। उनले अधिकारी तथा पञ्चायत प्रतिनिधिहरूलाई अझ बढ़ी समर्पण, अनुशासन, जवाफदेहिता र सार्वजनिक सेवाप्रतिको प्रतिबद्धताका साथ आफ्ना जिम्मेवारीहरू पूरा गर्न प्रोत्साहित गरे। उनले विकासका पहलहरू लक्षित लाभग्राहीसम्म पुग्ने सुनिश्चित गर्न प्रभावकारी योजना, नियमित अनुगमन र सामूहिक प्रयासको महत्त्वमा जोड़ दिए।

गान्तोकका अतिरिक्त जिल्लापाल (विकास)-को नेतृत्वमा नशामुक्त अभियानअन्तर्गत् प्रतिज्ञा (सङ्कल्प) लिँदै बैठकको समापन गरियो। यस प्रतिज्ञाको उद्देश्य लागुपदार्थको दुर्व्यसनविरुद्ध जनचेतना अभिवृद्धि गर्नु र नशामुक्त समाज निर्माणका लागि अधिकारी तथा जनप्रतिनिधिहरूमा सामूहिक जिम्मेवारीको भावना जगाउनु रहेको थियो।

नदी संरक्षणको २५ वर्षको उत्सव मनाउँदै 'चिरबिरे रिभर फेस्ट' सम्पन्न

नाम्ची, १३ अक्टोबर (आईपीआर): सिक्किम सरकारको मत्स्यपालन विभागसँगको सहकार्यमा सिक्किम एङ्लर्स एसोसिएसन (एसएए) द्वारा आयोजित तीनदिने चिरबिरे रिभर फेस्ट' सोमवार जोरथाङको चिरबिरेमा सम्पन्न भएको छ। यस महोत्सवले नदी संरक्षण, पर्यावरणीय देखरेख र जलचर पारिस्थितिक प्रणालीको जगेर्नाप्रति एसोसिएशनको २५ वर्षको प्रतिबद्धतालाई पनि स्मरण गर्‍यो।

समापन समारोहमा सालघारी-जूमका विधायक तथा यातायात एवं कौशल विकास विभागका सल्लाहकार मदन सिञ्चुरी मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए। उनीसँगै मुख्यमन्त्रीका प्रेस सचिव योगेन तामाङ, मुख्यमन्त्रीकी कानुनी सल्लाहकार पूजा लामिछाने, सोरेङ जिल्लाका उपाध्यक्ष सीबी शाह शङ्कर, विधायकका विशेष कर्तव्य अधिकारी राजु रोशन प्रधान, पञ्चायत (एनजेएनपी) प्रतिनिधि रणदीप छेत्री, जोरथाङका एसडीएम बीबी राई, जोरथाङका एमईओ दिलीप दोङ र एएएका अध्यक्ष डा. एसके देवानलगायत अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो।

कार्यक्रमको क्रममा महोत्सव आयोजना गर्न पुर्‍याएको सहयोग र सहकार्यको कदर गर्दै एसोसिएशनले मुख्य अतिथिलाई सम्मान गर्‍यो साथै यस कार्यक्रमसँग जोड़िएकोमा एसोसिएशनले नयाँ बजार-जोरथाङ नगर पञ्चायत र नेपालको साहसिक पर्यटन एजेन्सी कर्णाली र्‍याफ्टिङ एण्ड एड्भेञ्चर प्रालिलाई पनि सम्मान गर्‍यो।

एङ्लिङ र जलचर जीवनको संरक्षणलाई प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित 'क्याच-एन्ड-रिलिज' एङ्लिङ प्रतियोगिता यस महोत्सवको मुख्य आकर्षण रह्यो। यस प्रतियोगितामा सुकराज योञ्जनले प्रथम स्थान हासिल गर्दै ट्रफी, सहभागिताको प्रमाण-पत्र र ५०,००० रुपियाँ नगद पुरस्कार प्राप्त गरे।

तिलक राई र नजिम लेप्चाले संयुक्त रूपमा दोस्रो स्थान हासिल गरे। उनीहरू प्रत्येकले ट्रफी, सहभागिताको प्रमाण-पत्र र २०,००० रुपैयाँ नगद पुरस्कार प्राप्त गरे। सञ्जय राईले तेस्रो स्थान हासिल गरे र उनलाई ट्रफी, सहभागिताको प्रमाण-पत्र तथा २० हजार रुपियाँ नगद पुरस्कार प्रदान गरियो। उत्कृष्ट प्रदर्शनको कदर गर्दै, चोङ टार्गेनलाई असाधारण माछा मार्ने कला (एङ्लिङ)-का लागि विशेष प्रशंसा पत्र प्रदान गरियो भने विकिरन गुरुङलाई सर्वोत्कृष्ट खेलाड़ी पुरस्कारबाट सम्मानित गरियो। उनीहरू दुवैलाई १० हजार रुपियाँ नगद पुरस्कार पनि प्रदान गरिएको थियो।

तीनदिने महोत्सवमा सहभागिता जनाएबापत् संयुक्त राज्य अमेरिकाका जेकब ड्यानियल्स र नेपालका देवेन्द्र जैशेलाई पनि प्रमाण-पत्र प्रदान गरियो। माछा मार्ने प्रतियोगितामा सहभागी कुल २२ जनाले सहभागिताको प्रमाण-पत्र प्राप्त गरे। विशेष सम्मान समारोहको एक भागका रूपमा महोत्सवको सफल आयोजनामा पुर्‍याइएको बहुमूल्य सहयोग र योगदानको कदर गर्दै आयोजक संस्थाले नोएल कार्थक, मारिया मालेन्डा, सोलो देसी ट्राभलर, वर्णमाला परिवारसहित अन्यलाई संवर्द्धना जनायो।

समापन कार्यक्रममा साङ्गीतिक प्रस्तुति र कविता वाचन पनि समावेश थिए, जसले उत्सवको माहोललाई अझ रमाइलो बनाए। चिरबिरे रिभर फेस्टको सफल समापनले सामुदायिक सहभागिता, जिम्मेवार ढङ्गले माछा मार्ने अभ्यास तथा नदीहरूको संरक्षण र यस क्षेत्रको समृद्ध जल-जैविक विविधता जोगाउन सामूहिक प्रयासको महत्त्वलाई पुनः पुष्टि गर्‍यो।

नेपालमा प्राकृतिक प्रकोपको प्रभाव

सिलगढ़ीको कुम्हारटोलीमा दुर्गा मूर्तिको माग ठप्प

सिलगढ़ी, १३ अक्टोबर (हिस): नेपालमा आइलागेको प्राकृतिक प्रकोपले जनजीवन र आर्थिक गतिविधिमा पारेको प्रभावबाट सिलगढ़ीका मूर्तिकारहरू पनि अछुतो रहेनन्। प्रत्येक वर्ष पानीट्याङ्की सीमा हुँदै नेपाल पठाइने २० वटाभन्दा बढ़ी दुर्गाका मूर्तिहरूको यसपालि एउटै पनि माग आएन। यसले गर्दा सिलगढ़ीको कुम्हारटोलीका मूर्तिकारहरू निराश भएका छन्।

वास्तवमा हरेक वर्ष दुर्गा पूजा आउनुभन्दा केही महिनाअघिदेखि नै नेपालका विभिन्न पूजा आयोजकहरू सिलगढ़ीमा आएर माताका मूर्तिहरूको बुकिङ गर्थे। नेपालमा सिलगढ़ीका कारिगरहरूले बनाएका दुर्गा मूर्तिहरूको ठूलो माग थियो। तर, हालैको पैह्रो, घना वर्षा एवं बाढ़ीको कारण त्यहाँको अवस्था प्रभावित भएकाले धेरै पूजा समितिले यसपटक भव्य रूपमा आयोजना गर्न सकेका छैनन्। फलस्वरूप मूर्तिहरूको माग पनि भएन।

मूर्तिकार दीपक पालअनुसार प्रत्येक वर्ष नेपालबाट न्यूनतम पनि २० वटा प्रतिमाको अर्डर आउँथ्यो, जसबाट राम्रो आय हुन्थ्यो। तर, यसपालि भने कुनै अर्डर आएन, जसले गर्दा उनी निराश भएका छन्।

यसरी नै रतन पालले बताए, "काँचो वस्तुको मूल्यवृद्धि भएको बेलामा नेपालबाट हुने अतिरिक्त आय पनि हुन सकेन। घट्दो अर्डर र बढ्दो लागतले कारिगरहरूलाई ज्याला निकाल्न पनि गाह्रो भइरहेको छ। नेपालको बजारमा आएको यो ह्रासले सम्पूर्ण क्षेत्रको माटोको मूर्ति उद्योगमा असर पारेको छ। नेपाल पठाउने मूर्तिलाई लिएर कुमारटोलीमा कुनै खैलाबैलाभएको छैन।"

आदिशकुमार गुप्ता पावरग्रिडको पूर्वी क्षेत्र-II का कार्यकारी निर्देशक नियुक्त

गान्तोक, १३ अक्टोबर: आदिशकुमार गुप्ताले ३० जून, २०२६ मा पावरग्रिडको पूर्वी क्षेत्र-II (पश्चिम बङ्गाल र सिक्किम)-को कार्यकारी निर्देशकका साथै ओडिसा परियोजनाहरूको प्रमुखको अतिरिक्त जिम्मेवारी सम्हालेका छन्। एनआईटी कुरुक्षेत्रबाट इलेक्ट्रिकल इञ्जिनियरिङमा स्नातक गरेका गुप्ता सन् १९९३ मा पावरग्रिडमा आबद्ध भएका थिए। उनीसँग प्रसारण प्रणालीको सञ्चालन तथा मरम्मतसम्भार र परियोजना कार्यान्वयनको क्षेत्रमा व्यापक विशेषज्ञता रहेको छ।

आफ्नो विशिष्ट व्यावसायिक यात्राको क्रममा उनले विभिन्न नेतृत्वदायी भूमिका सम्हालेका छन्। यस जिम्मेवारीअघि उनले गुरुग्रामस्थित कर्पोरेट केन्द्रमा परियोजना सेवा, कर्पोरेट सञ्चार, कानून र ईएसएमडी विभागको कार्यकारी निर्देशकका रूपमा काम गरेको थियो। उनको समृद्ध अनुभव र प्रमाणित नेतृत्व क्षमताले पूर्वी क्षेत्र-२ र ओडिसा परियोजनाहरूमा पावरग्रिडको कार्यसञ्चालनलाई अझ सुदृढ़ बनाउने अपेक्षा गरिएको छ।

---

५६ स्नातकोत्तर उपाधि हासिल गरेका डा. अनिलकुमार यादव गोल्डन बुक अफ् वर्ल्ड रेकर्ड्समा दर्ता

गान्तोक, १३ अक्टोबर (हिस): सिक्किमको पाकिमस्थित सेन्ट जेभियर्स स्कूल र तादोङस्थित तत्कालीन सिक्किम सरकारी महाविद्यालयमा अध्ययन गरेका डाक्टर अनिल कुमार यादवले आफ्नो शैक्षिक उपलब्धिका लागि 'गोल्डेन बुक अफ् वर्ल्ड रेकर्ड्स' मा स्थान बनाउन सफल भएका छन्। भारतका २० राज्य तथा केन्द्रशासित प्रदेशमा रहेका २७ वटा विश्वविद्यालयबाट ५६ वटा स्नातकोत्तर उपाधि हासिल गरेको उपलब्धिका लागि उनलाई यो मान्यता प्रदान गरिएको हो।

गोल्डेन बुक अफ् वर्ल्ड रेकर्ड्सद्वारा जारी उत्कृष्टता प्रमाणपत्रअनुसार डाक्टर यादवले ३० जून, २०२६ सम्ममा देशका विभिन्न विश्वविद्यालयबाट ५६ वटा स्नातकोत्तर उपाधि हासिल गरिसकेका थिए। विभिन्न विश्वविद्यालयमा उच्च शिक्षाको निरन्तर खोजी र अध्ययनप्रतिको उनको समर्पणलाई यस उपलब्धिले मान्यता दिएको छ।

डाक्टर यादवको उपलब्धिले जीवनपर्यन्त सिकाइ, शैक्षिक जिज्ञासा र विभिन्न विषयमा ज्ञान हासिल गर्ने महत्त्वलाई उजागर गरेको छ। विभिन्न शैक्षिक संस्थाबाट औपचारिक रूपमा स्नातकोत्तर अध्ययन पूरा गर्दै आफ्नो ज्ञानको दायरा विस्तार गर्ने उनको यात्राले शिक्षाप्रतिको निरन्तर प्रतिबद्धता झल्काउँछ।

निरन्तर सिकाइ र बहुविषयगत ज्ञानको महत्त्व बढ़िरहेको वर्तमान समयमा उनको यो उपलब्धि परम्परागत शैक्षिक उपलब्धिमा मात्र सीमित नरही निरन्तर शिक्षा हासिल गर्न सकिने उदाहरण बनेको छ। यो उनको व्यक्तिगत जीवनको महत्त्वपूर्ण उपलब्धि हुनुका साथै विद्यार्थी, कार्यरत पेशाकर्मी तथा अन्य जिम्मेवारी निर्वाह गर्दै अध्ययनलाई निरन्तरता दिन चाहने व्यक्तिहरूका लागि प्रेरणाको स्रोत बन्न सक्नेछ।

डाक्टर यादवको उपलब्धिले लगनशीलता, दृढ़ सङ्कल्प र सिकाइलाई जीवनभरि जारी राख्न सकिन्छ भन्ने विश्वासको महत्त्वलाई पनि प्रतिबिम्बित गरेको छ। उमेर वा व्यावसायिक जिम्मेवारीले ज्ञान हासिल गर्ने यात्रालाई रोक्न नसक्ने सन्देश उनको शैक्षिक यात्राले दिएको छ।

यसैबीच, डाक्टर यादवले आफ्ना अन्य शैक्षिक उपलब्धिका लागि लिम्का बुक अफ् रेकर्ड्स, एशिया बुक अफ् रेकर्ड्स, इण्डिया बुक अफ् रेकर्ड्स, युनिक वर्ल्ड रेकर्ड्स तथा वर्ल्ड रेकर्ड्स इण्डियालगायतका अभिलेख पुस्तिकामा पनि स्थान हासिल गरिसकेको प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ।

Printed, Published and owned by Mrs. Padam Maya Kharka and printed at Choices International, Daragaon, Tadong, Gangtok -737102, Sikkim and published at Kashiraj Pradhan Road, Nam Nam, Gangtok-737101, Sikkim. Associate Editor: Rajendra Pradhan, Editor: Mrs. Mala Rana Patro. Phone No. (03592) 231265, 7001336001, Fax: 231265. E-mail: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386
मुद्रण, प्रकाशन तथा स्वामित्व श्रीमती पदम माया खड्का, चोइसेस इन्टरनेशनल, डाँडागाउँ, तादोङ, गान्तोक-737102, सिक्किममा मुद्रित तथा काशीराज प्रधान रोड, नामनाम, गान्तोक-737101, सिक्किमबाट प्रकाशित। एसोसिएट सम्पादक: राजेन्द्र प्रधान, सम्पादक: श्रीमती माला राणा पात्रो। फोन नम्बर (03592) 231265, 7001336001, फ्याक्स: 231265। ईमेल: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386